# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १२ असार २०७९
# आइतवार
# बैठक सङ्ख्या- २८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयहरूसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)**ः- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७९ अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलगायत ७ ओटा मन्त्रालयका विनियोजन

शीर्षकहरूमाथिको छलफलमा १५ जना माननीय सांसदहरूले आफ्नो धारणा राख्नुभएको थियो । त्यसमध्ये ५ जना माननीय सांसदहरूले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका काम कारबाहीको सन्दर्भमा र त्यो विधेयकका सन्दर्भमा प्रश्न र केही टिप्पणीहरू गर्नुभएको थियो । सर्वप्रथम म यसरी छलफलमा भाग लिई मन्त्रालयलाई सुझाव दिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई अध्यक्ष महोदय सम्माननीय अध्यक्ष महोदयमार्फत हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय प्रकाश पन्थ, माननीय देवेन्द्र दाहाल, माननीय खिमलाल देवकोटा, माननीय गोमा देवी तिमिल्सिना र माननीय गंगा कुमारी वेलवासेले उठाएका प्रश्नहरूलाई मूलतः ५ ओटा भागमा विभाजन गरेर हेर्न सकिन्छ । एउटा चाहिँ सङ्क्रमणकालीन न्याय सम्बन्धमा, अर्को न्याय क्षेत्र र न्यायमा पहुँचको सन्दर्भमा र त्यसै गरी कानुन निर्माणको सन्दर्भमा र त्यसपछि मन्त्रालयको कार्यक्रमका सन्दर्भमा । यसरी उहाँहरूले प्रश्नहरू उठाउनुभएको छ । वास्तवमा यो केही प्रश्नहरू र केही टिप्पणीहरूले मन्त्रालयहरूले आफ्नो कामलाई थप सुदृढ गर्ने विश्वास मैले लिएको छु ।

माननीय सदस्यले न्याय प्रणालीलाई सर्वसुलभ बनाउन र कानुनको शासनको प्रत्याभूति गराउने कार्यमा कानुन मन्त्रालयको भूमिका चाहिँ मुख्य रहने तर अब कानुन मन्त्रालयले काम गर्दाखेरि खास गरी यसको सङ्घ, प्रदेश र स्थानीय तहका कानुनहरू निर्माणमा पनि यसले भूमिका खेल्नुपर्ने भन्ने सुझावहरू राख्नुभएको छ । त्यो अत्यन्त सकारात्मक छ र मन्त्रालयले वास्तवमा त्यसमा धेरै कामहरू पनि गरिरहेको छ । र आगामी आर्थिक वर्षमा पनि त्यो काम गर्ने प्रयोजनको लागि consistent एउटा चाहिँ law making process र त्यो आफ्आफ्नो किसिमले कानुन नबनोस् र कानुन निर्माण गर्ने सिद्धान्तअनुसार नै ती कानुनहरू बनोस् भनेर अहिले विभिन्न तालिमहरू दिनेदेखि लिएर पहिला त अब यो model law हरू पनि बनाउने कामहरू गर्दै आएको थियो । त्यसको निरन्तरता दिने कुरा म यहाँ निवेदन दिन चाहन्छु ।

अर्को न्याय प्रणालीलाई सर्वसुलभ बनाउने कुराको सन्दर्भ पनि यहाँ प्रश्नहरू उठेका छन् । न्याय प्रणालीलाई सर्वसुलभ बनाउने कुरा वास्तवमा कस्तो रहेछ भने सबैको न्यायमा समान पहुँच excessive justice को सिद्धान्तअनुसार समान पहुँच हुनुपर्छ भन्ने मान्यता राखिन्छ । त्यसपछि कुनै पनि कारणबाट मान्छेले justice चाहिँ excess बाट बञ्चित हुन नपरोस् । कुनै पनि कारण उसको आर्थिक अवस्थाको कारणले, उसको सामाजिक अवस्थाका कारणले वा भौगोलिक कारणले । न्यायलयलाई सकेसम्म नजिकै

र घरमै पुऱ्याउने भन्ने मान्यताहरू यसभित्र रहेका छन् । यसअन्तर्गत खास गरी कानुन मन्त्रालयले गरेको दुई तीनटा कामहरू यसमा गरिरा'को छ । सम्माननीय अध्यक्ष महोदय यसमा चाहिँ हामीले एउटा legal add कानुनी सहायता असक्षमको लागि कानुनी सहायता कार्यक्रम लामो समयदेखि सञ्चालन गर्दै आएका छौँ । कानुन मन्त्रालयअन्तर्गत नै एउटा कानुनी सहायता समिति भन्ने छ । बार एसोसियनसँग हामीले मिलेर काम गरेको छौँ र यसमा चाहिँ दातृ निकायहरू खास गरी excess to justice को सन्दर्भमा हामी आफू सदस्यसमेत रहेको संयुक्त राष्ट्रसङ्घसँग पनि हामी मिलेर यसमा काम गरिरहेको छौँ । यसले निकै कानुनमा, न्यायमा पहुँच बढाउने काम गरेको छ र यसलाई further अझै हामीले लाँदै छौँ । excess to justice कै एउटा महत्त्वपूर्ण component मानिने legal add लाई चाहिँ integrated legal approach बाट अहिले हामीले विकास गर्न खोज्या छौँ । अहिले अदालतमा हेर्दा वैतनिक वकिलको व्यवस्था छ । अनि त्यसपछि आएर कानुनी सहायता समितिअन्तर्गत बार एसोसियसनमार्फत सञ्चालन गर्ने कानुनी सहायता समिति छ । NGOs हरूले पनि विभिन्न दातृ निकायहरूको सहकार्यमा कानुनी सहायता दिँदै आएका छन् । स्थानीय तह र प्रदेशले पनि त्यहाँ के छ भने कानुनी सहायताका केही स्किमहरू सुरु गरेको देखिन्छ । अब यसलाई चाहिँ एउटा integrated legal एउटा के छ भने assistance को approach चाहिँ develop गरेर लिएर जाने र अहिले चाहिँ एउटा थ्रेस होल्ड राखिएको छ कानुनमा । त्यो थ्रेस होल्डले गर्दाखेरि यति income हुनुपर्ने भनेर जुन न त्यो प्रमाणित गर्न सकिन्छ त्यो बडा अप्ठ्यारो खालको भइरा'छ । त्यसलाई पनि आवश्यक कानुनमा परिमार्जन गर्ने तहमा चाहिँ मन्त्रालय अगाडि बढेको निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यलाई नेपालको कानुन निर्माण प्रक्रियालाई कम खर्चिलो बनाउने सकिन्छ कि भन्ने कुरामा ध्यान दिनुपऱ्यो भन्ने प्रसङ्ग उठाउनु भा'छ । वास्तवमा यो एकदमै राम्रो कुरा हो । यसलाई कम खर्चिलो बनाउने कुरामा ध्यान दिनुपर्छ । At the same time कुनै पनि कानुन बन्दाखेरि त्यसमा व्यापक public debate सरोकारवालहरूको व्यापक छलफल र अनुसन्धान आवश्यक छ । त्यो अनुसन्धान नगरिकन छलफल नगराइकन हतार हतारमा कानुन बनाउँदाखेरि हामीले तमाम् कानुनहरू वास्तवमा व्यवहारमा क्रियान्वयन हुन नसकिरहेको पाएका छौँ । त्यसैले मन्त्रालयको अहिले प्राथमिकता के रहेको छ भन्दाखेरि कुनै पनि issue मा कानुन बनाउनुपर्दा सबभन्दा पहिला law commission हाम्रो statute बढी छ । त्यो सरकार

कानुन मन्त्रालयअन्तर्गत छ र त्यसले चाहिँ विभिन्न विषयमा research गर्ने र मैले यसै सम्मानित सभालाई पनि सम्माननीय अध्यक्ष महोदयमार्फत निवेदन गरेको थियौं कि हामीले केही अध्ययनहरू गराइरहेका छौं । अहिले थुप्रै विषयमा कानुन आयोगलाई अध्ययन गराउने र उसलाई think tank को रूपमा legal think tank को रूपमा सरकारको विकास गरेर उसले research गरेर ल्याएपछि त्यसलाई public सँग लगेर डिबेट गराउने र त्यसपछि आएको निष्कर्षको आधारमा कानुन तर्जुमा गर्ने यो process पुऱ्याउनुपर्छ । यसमा खर्च कटौती गर्न सकिने अवस्था हुँदैन । खर्च कटौती गर्न सकिने कहाँनिर हुन सक्ला भन्दा कि parliamentary debate लाई अझ व्यवस्थित कसरी बनाउने । आफ्नै हाम्रो working processor हरू छ । राष्ट्रिय सभा नियामावली छ । त्यस्तै प्रतिनिधि सभा नियामावली छ । दुवैओटा सदनमा कानुन जानुपर्ने त्यहाँ कापी छलफल हुने । संशोधन हुनुपर्ने यो समितिमा जाने समितिबाट सम्मिलित गरेर आउने जुन खालको प्रक्रिया हामीले अवलम्बन गरेका छौं त्यो प्रक्रियाले गर्दाखेरि पनि अलिकति समय लागेर वास्तवमा कानुन बन्न नसकिरहेको अवस्था र खर्चिलो बन्न गएको अवस्था छ । त्यो कुरालाई म कानुन मन्त्रीको हैसियतले त्यो चाहिँ म के छ भने स्वीकार गर्छु । यसमा अझै छलफल गरौं र यसमा के सुधार गर्नुपर्छ त्यसमा मन्त्रालय ओपेन रहेको बेहोरा म सम्माननीय अध्यक्ष महोदयमार्फत यस सम्मानित सदनमा निवेदन गर्न चाहन्छु ।

अर्को चाहिँ माननीय सदस्यहरूले सशस्त्र द्वन्द्वको क्रममा भएका बेपता, हत्यालगायतका तमाम् मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्ने काममा अहिलेसम्म गठित आयोगहरूबाट भएका कामहरूको बारेमा पनि टिप्पणी पनि गर्नुभयो र वास्तवमा काम हुन नसकेको पीडितले न्याय नपाइरहेको र यो समस्या बल्झिएर बसेको चर्चा पनि गर्नुभयो । वास्तवमा यसले धेरै मद्दत पुगेको छ सरकारलाई । यसमा सम्माननीय अध्यक्ष महोदयमार्फत म के निवेदन गर्न चाहन्छु भने सरकारले यसलाई पहिलो प्राथमिकता राखेर नेपाल सरकारको नीति तथा कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूबाट त्यतिबेला के छ भने बाचन हुँदा पनि त्यसको बुँदा नम्बर १३४ मा र माननीय अर्थमन्त्रीले बजेटको बजेट वक्तव्यमा पनि बुँदा ३४५ मा यसमा सत्य, न्याय र परिपूरणलगायतका पीडितका अधिकारहरू सुनिश्चित गर्ने कानुनमा सुधार गर्ने र आयोगमा पनि सुधार गर्ने कुरा चाहिँ के छ भन्दाखेर त्यो part of the policy state को policy बनिसक्या छ । र यसै आर्थिक वर्षमा नै यो काम सक्ने गरी आर्थिक वर्षमा नै यो काम सक्ने गरी योजना बनाएर मन्त्रलायले सातओटै प्रदेशहरूमा प्रदेशस्तरीय परामर्श गोष्ठी

जहाँ चाहिँ सरोकारवालाहरू पीडित नागरिक समाजलगायतका सरोकारवालाहरूसँग हामीले परामर्श गरेर सकिसकेका छौं सातओटा प्रदेशबाट । एउटा अब केन्द्रीय स्तरमा एउटा यहाँ काठमाडौंमा छलफल सकिसकेपछि कानुन संशोधनको प्रक्रिया यसमा अगाडि बढाइने छ र त्यो कानुन संशोधन हुनासाथ आयोगमा आवश्यक सुधार गरेर सङ्क्रमणकालीन न्यायलाई अब वास्तवमा के छ भने टुङ्ग्याउनेतर्फ सरकार अगाडि बढेको बेहोरा म सम्माननीय अध्यक्ष महोदयमार्फत निवेदन गर्न चाहन्छु ।

त्यस्तै माननीय सदस्यहरूले अदालतजस्तो गरिमामय संस्थामा पटक पटक विवाद आउने गरेको र त्यस्तो विवाद आउँदाखेरि जनआस्थामा प्रतिकूल असर परिरहेको र अदालतलाई कम विवादित बनाइनुपर्ने र अदालतभित्र विकृति र विसङ्गति नहुनुपर्ने कुरा पनि यहाँ विशेष रूपले मन्त्रालयको ध्यानआकर्षण गराउनुभएको छ । माननीय सदस्यले बोल्ने क्रममा यो कानुन मन्त्रालय मात्र होइन यो न्याय र संसदीय मामिला पनि मन्त्रालय हो । कहीं यसले न्याय र संसदीय मामिला हो भन्ने भूमिका त बिर्सिरहेको छैन भन्ने कोणबाट प्रश्न उठाउनुभयो म सम्माननीय अध्यक्ष महोदयमार्फत म के निवेदन गर्न चाहन्छु भने वास्तवमा म कानुन मन्त्रीको जिम्मेवारी सम्हालिसकेपछि म न्याय परिषद्को पनि पदेन सदस्य हुने भएको कारणबाट विकृति र विसङ्गतिको सुरुवात हुने भनेको न्यायाधीश नियुक्तिबाट हो । हामीले न्यायाधीश नियुक्ति गर्दा योग्यता, क्षमता र उसको निष्पक्षता र उसले आजसम्म गरेर आएको कामको आधारमा त्यो न्यायाधीशको निम्ति योग्य छ कि छैन भन्ने आधारमा हेरेनौं । मेरो मान्छे र तेरो मान्छे भनेर हामीले न्यायाधीशको नियक्ति गर्‍यौं । त्यसले गर्दाखेरि पटक पटक न्यायपालिकाभित्र राजनीतिक नियुक्ति भयो भन्ने टिप्पणीहरू पनि आयो ।

पछिल्लो समयमा सम्मानित सर्वोच्च अदालतले गठन गरेको सर्वोच्च अदालतका माननीय न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वमा रहेको न्यायपालिकाको विकृति र विसङ्गतिको सुधारसम्बन्धी प्रतिवेदनले केही कुराहरू अगाडि सारेको छ । जसमध्ये यो न्यायाधीशको नियुक्ति निष्पक्ष र स्वतन्त्र ढङ्गले गर्नुपर्ने भन्ने कुरा ल्याएको छ । त्यसैले न्याय परिषद्ले अहिले एउटा न्यायाधीश नियुक्तिसम्बन्धी निर्देशिका तयार गरेको छ । निर्देशिकाको मस्यौदामा छलफल भइरहेको छ र यो हप्ता नै त्यो निर्देशिकाको अन्तिम भएर हामी त्यसलाई के छ भन्दाखेरि राजपत्रमा प्रकाशित गरेर त्यसकै आधारमा एउटा निष्पक्ष प्रक्रियाबाट को नियुक्ति हुँदै छन् भन्ने कुरा आम सार्वजनिक सूचना प्रकाशित गरेर ती व्यक्तिको बारेमा public audit गरेर न्यायाधीशहरूको नियुक्ति गरिने छ भने

न्यायापालिकामा भइरहेका वेथिति र विसङ्गतिविरुद्धमा परेका उजुरीहरूलाई हामीले फर्स्याउने क्रम र केही कारबाहीहरू अगाडि बढाएको बेहोरा पनि म यहाँ निवेदन गर्न चाहन्छु ।

अगिल्लो हप्ता मात्र हामीले एउटा वार्तालाप एक जना न्यायाधीश र कानुन व्यवसायीबिचको वार्तालापको एउटा अडिओ सार्वजनिक भइसकेपछि तत्कालै के छ भने न्यायपरिषद्को सदस्य रामप्रसाद श्रेष्ठको संयोजकत्वमा दुइओटा उच्च अदालतका न्यायाधीहरूसमेत रहेको एउटा अनुसन्धान गर्ने टोली गठन गरेका छौं । र त्यसको प्रतिवेदन ४५ दिनको समय अवधि दिएको छ यसको प्रतिवेदन प्राप्त हुनासाथ त्यस विषयमा चाहिँ जो जो संलग्न छन् त्यो दुइटा वार्तालाप गर्ने व्यक्तिहरू मात्र होइन त्यो प्रकरणमा संलग्न व्यक्तिहरूको बारेमा आवश्यक कारबाहीको प्रक्रिया न्यायपरिषद्ले अगाडि बढाउने बेहोरा पनि सम्माननीय अध्यक्षज्यूमार्फत म यस सम्मानित सभामा निवेदन गर्न चाहन्छु ।

माननीय सदस्यहरूले मन्त्रालयको काम कारबाहीका सम्बन्धमा धेरै गोष्ठी र तालिमको सन्दर्भमा बजेटहरू परेको देखियो । गोष्ठी र तालिमबाट मात्रै समस्याको समाधान नहुने र एकद्वार प्रणालीमार्फत यस्तो सञ्चालन गर्नुपर्ने scatter firm वास्तवमा यो ट्रेनिङहरू भइरा'छ भनेर बहुतै महत्त्वपूर्ण एउटा सुझाव दिनुभएको छ र त्यो के छ भन्दाखेरि त्यसमा टिप्पणी गर्नुभा'छ । साँच्चै भन्ने हो भने अब हाम्रो मन्त्रालयको नेचरै के हो भने यसले चाहिँ वास्तवमा technical assistance गर्ने law को मस्यौदा गर्ने र त्यसपछि कानुनी रूपले नेपाल सरकारले गर्ने काम कारबाहीहरू कानुनसम्मत हुने गरी राय र परामर्श दिने major mandated चाहिँ law ministry को त्यो mandated हो । त्यसैले यसमा क्षमता आवश्यक पर्छ । क्षमताको अभिवृद्धि यदि हाम्रो ministry भित्रको export हरूको गराइएन भने अनि त्यो legal opinion हरू संविधान र कानुन अनुकूल बन्न नसक्ने हुन सक्छन् । त्यहाँनिर mistake हुन सक्छ । त्यसैले त्यो आवश्यक छ ।

तालिमको सन्दर्भमा के कुरा जायज हो भने तालिम चाहिँ वास्तवमा त्यही तालिम चाहिँ हामीले अहिले पनि हामी गा'थियो यो उसको स्थानीय तहहरूलाई उहाँहरूलाई यो ड्राफ्टिङसँग सम्बन्धित कसरी स्थानीय कानुन तर्जुमा गर्ने भनेर केही प्रदेशहरूमा म आफै आइसकेपछि पनि केही प्रदेशहरूमा हामीले गऱ्यौं । त्यो गर्ने क्रममा के थाहा भयो भने दुइओटा मन्त्रालयले सेम तालिम अगिल्लो दिन एउटा भोलिपल्ट अर्को परेछ । यो coordination को lacking भएको यसमा हामीले यसलाई coordination गर्न नसकेको कुरा

म सम्माननीय अध्यक्षज्यूमार्फत यस गरिमामय सभामा स्वीकार गर्न चाहन्छु र भविष्यमा हामी त्यो coordination गर्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छौं । त्यस्तो गरिनु हुँदैन । state को resources लाई वास्तवमा त्यसलाई कसरी खर्च गर्ने भन्ने कुरालाई एक ठाउँमा ल्याउन आवश्यक छ । यसमा सरकार सकारात्मक रहेको बेहोरा म सम्माननीय अध्यक्षज्यूमार्फत यस सभामा अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी सङ्घीयताको कार्यान्वयनको अन्तिम प्रश्न चाहिँ सङ्घीयताको कार्यान्वयनको विषयसँग सम्बन्धित थियो । त्यो सङ्घीयताको कार्यान्वयनमा वास्तवमा कानुन निर्माण गर्ने क्रममा मन्त्रालयले गरिरहेको हो । के कस्तो काम गरिरहेको छ भन्ने छ । यसमा पनि duplication चाहिँ म देख्छु । किनभने हामीसँग सङ्घीय मामिला मन्त्रलाय पनि छ । सङ्घीय मामिला मन्त्रलायले पनि त्यो हिसाबले आफ्नो कामहरू गर्दै गइरा'छ छ । कानुन मन्त्रालयको major mandated नै के छ भन्दाखेरि ड्राफटिङको अथवा law making process भएको कारणले हामीले पनि गरिरा'छौं । त्यसलाई चाहिँ अलिकति व्यवस्थित गर्नलाई हामी आजै पनि भेट्ने कुरा छ । यो अलिकति व्यवस्थित गर्नुपर्‍यो यसलाई कसरी व्यवस्थित गराएर लिएर जान सकिन्छ र प्रभावकारी रूपमा सरकारको सेवा आम नागरिकले सहज ढङ्गले प्राप्त गर्न सक्ने र त्यसमा पनि के छ भन्दाखेर सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने काममा चाहिँ कानुन निर्माणमा चाहिँ मन्त्रालयको भूमिकालाई major राख्ने त्यसमा चाहिँ खास गरी हामीले law commission लाई अझै empower गर्न खोज्दै छौं । law commission को mandated लाई अझ expand गर्न खोज्दै छौं र त्यसमार्फत नै वास्तवमा के छ भन्दाखेरि कानुनहरूको ड्राफटिङ आदि इत्यादि गराउने योजना रहेको म निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय माननीय सदस्यहरूले दिनुभएका महत्त्वपूर्ण सुझाव तथा राख्नुभएको गहन चासो र सरोकारले विनियोजन विधेयकअन्तर्गत मन्त्रालयका कार्यक्रमलाई थप परिस्कृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास मैले लिएको छु । अन्त्यमा, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदयमार्फत हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द शर्मा (कोइराला) ले दिनुभएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु ।

विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु । माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय कानुन मन्त्रीज्यूले जवाफ दिने क्रममा केही विषयहरूलाई उठाउनुभयो तर एउटा विषय मैले यो सदनमा उठाएको थिएँ । राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा गएका १२ ओटा विधेयकका बारेमा मैले बोल्दा पनि उठाएको थिएँ । विभिन्न समयमा नि उठाएको थिएँ । र कानुन मन्त्रालयले त्यस सन्दर्भमा ती विधेयकहरूलाई यहाँ फिर्ता ल्याउने सन्दर्भमा के प्रगति भइरहेको छ ? कानुन मन्त्रालयले के गरिरहेछ भन्ने बारेमा मैले यहाँ सुनिनँ उहाँको जवाफमा त्यसैले गर्दा म स्पष्ट हुन चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) लाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय देवेन्द्र दाहालले सोध्नुभएको प्रश्न छुटेकै हो । त्यो चाहिँ म योजना चाहिँ अब clarify गर्न चाहन्छु अहिले अगि छुट्या हो मेरोबाट । राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा यहाँ उत्पति भएर गएका विधेयकहरू छन् । १२ ओटा विधेयकहरू त्यस्तो विधेयकहरू रहेको अवस्था छ । त्यसमध्ये हामीले यो अधिवेशन सुरु भइसकेपछि हाम्रो मन्त्रालयले अहिले जति पनि ५३ ओटा विधेयकहरू जुन विचाराधीन अवस्थामा रहेका छन् । प्रतिनिधि सभा र राष्ट्रिय सभामा गरेर । त्यो ५ ओटा संविधानसँग सम्बन्धित छन् । संविधानको संशोधन त्यो चाहिँ अहिले के गर्न सकिएला भन्न सकिँदैन । सोबाहेकका अरू विधेयकहरू के छ भन्दाखेरि

कोही यहाँ उत्पति भएको छ भने कोही चाहिँ प्रतिनिधि सभामा उत्पति भएको विधेयकहरू छन् । त्यसको अतिरिक्त ८ ओटा अध्यादेशहरूलाई प्रतिस्थापन गर्न विधेयकहरू ल्याइएको छ । त्यसभन्दा छुट्टै फेरि अहिले आर्थिक विधेयक पनि आएको छ । विनियोजन विधेयक पनि आएको छ । यसरी यी विभिन्न विधेयकमा सबैभन्दा पहिलो priority दिएर विनियोजन विधेयकलाई राखेको कारणले गर्दाखेरि यो अहिले अगाडि नआएको मात्र हो । आज मात्रै आजै म यसपछि बस्ने प्रतिनिधि सभामा विधेयक प्रस्तुत गर्दै छु । यहाँबाटै गएको विधेयक पनि म आज प्रस्तुत गर्दै छु । त्यसैले सरकारको योजना यहाँबाट गएका विधेयकहरूलाई यसै अधिवेशनमा अब ठुलै केही खण्ड खातिर भएन भने यसै अधिवेशनमा ती सबै विधेयकहरूलाई पास गर्ने यो बजेट अधिवेशन भए पनि यसलाई विधेयक अधिवेशनको रूपमा लिएर जाने योजना रहेको बेहोरा सम्माननीय अध्यक्षज्यूमार्फत म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक) लाई युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय युवा तथा खेलकुद मन्त्री श्री महेश्वरजंग गहतराज (अथक)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयकमाथिको छलफलमा माननीय सदस्यज्यूहरूले उठाउनुभएका विषयहरूको बारेमा म केही विषयहरू राख्न यहाँ उपस्थित भएको छु । माननीय सदस्यहरूले असाध्यै देशको युवा जनशक्ति, देशको बरोजगारी र युवाहरूलाई आफ्नै देशमा कसरी केन्द्रित गर्ने ? त्यस्तै गरी स्काउटलाई कसरी सशक्त, मर्यादित र एउटा स्वयम् संस्थाको रूपमा विकास गर्ने ? त्यस्तै गरी स्वरोजगार कोषमार्फत युवाहरूलाई स्वरोजगार कसरी बनाउने ? त्यस्तै गरेर खेलकुदको विकासको सन्दर्भमा असाध्यै चासोपूर्वक जिम्मवारीबोधका साथ र असाध्यै गम्भीर ढङ्गले विषयहरू यहाँ राखुभएको छ । जुन विषयले मन्त्रालयलाई समृद्ध गर्न, मन्त्रालयका काम कारबाहीहरूलाई व्यवस्थित गर्न र मन्त्रालयले आगामी दिनमा अझ बढी माननीय सदस्यहरूका भावना र सोचअनुसार काम गर्न यहाँ उठेका विषयहरूले धेरै मद्दत गरेको

कुरा मैले अनुभूत गरेको छु । र सबै माननीयज्यूहरू जसले विषय राख्नुभो । सबै माननीयज्यूहरूप्रति आभार व्यक्त गर्दै मन्त्रालयका केही कुराहरू यहाँ राख्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, आगामी वर्ष युवाहरूलाई एकीकृत शक्तिको रूपमा विकास गर्न, युवा क्लब गठन गरी नमुना युवा संसद अभ्यास, युवा स्वयंसेवक सेवा विकास तथा परिचालन कार्यक्रम, उत्पादन तथा पूर्वाधारका कामहरूमा युवाहरूलाई सरिक बनाउने कार्य, सार्क युवा परिषद् गठन तथा साझेदारी निर्माण, संयुक्त राष्ट्र सङ्घीय महासभाको अभ्यास जस्ता कार्यक्रमबाटै युवाहरूको अन्तरनीति क्षमता र नेतृत्व क्षमता विकास गर्ने लक्ष्य लिइएको छ । त्यसै गरी जोखिम अवस्थामा रहेका युवाहरूको पुनःस्थापना गर्ने, सहिद बेपत्ता तथा द्वन्द्वबाट प्रभावित युवाहरू लक्षित कार्यक्रम गर्ने, एक शिक्षण संस्था एक उद्यम कार्यक्रम नमुनाको रूपमा सञ्चालन गर्ने, युवा प्रतिभाहरूको खोजी गरी प्रतिभावान युवाहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमसमेत यस आर्थिक वर्षमा प्रस्ताव गरिएको छ । युवाहरूको रचनात्मक तथा सृजनात्मक क्षमताको विकास र उन्नति गर्ने उद्देश्यले विज्ञान तथा प्रविधिमा युवा सम्मेलन गर्ने, नवप्रवर्द्धन तथा इन्कुबेसन सेन्टर सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ ।

युवाहरूका एक आपसका अनुभवहरूको आदानप्रदान गर्ने कार्यमार्फत युवाहरूमा केही गर्नुपर्छ भन्ने आत्मविश्वास पैदा गर्ने गराउने कार्य अगाडि बढाइने कुरा कार्यक्रममा उल्लेख गरिएको छ । युवाहरूमा अनुशासन, नैतिक विकास, स्वयम्सेवी भावनाको विकास गर्नका लागि स्काउट तालिम, विपत् व्यवस्थापन तालिम, सातै प्रदेशमा लागुपदार्थ दुर्व्यसनीविरुद्ध सचेतना वृद्धि टाक्स फोर्स गठन गरी नेपाल स्काउटमार्फत कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवा तथा तिनीहरूले प्राप्त गरेको सीपको उपयोग गरी उद्योग सञ्चालन गर्न तथा उनीहरूमा वित्तीय पहुँच वृद्धि गर्न उद्यमशीलता तथा वित्तीय साक्षरता प्रदान गरी सहुलियतपूर्ण कर्जा लिने व्यवस्थालाई सहजीकरण गर्न वाणिज्य बैङ्कहरू र राष्ट्रिय युवा परिषद्बिच सहकार्य र समझदारीको हुँदै आएको छ र यसलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइएको छ । युवा शक्तिलाई स्वदेशमै स्वरोजगार प्रदान गर्ने उद्देश्यले थप १२ हजार जनालाई कर्जा उपलब्ध गराई ब्याज अनुदान दिने, ती युवा व्यवसायी र व्यवसायको सुरक्षाको लागि बिमाको व्यवस्था मिलाइएको छ । कृषि, पशुपालन, साना उद्यम तथा व्यापारलगायत परम्परागत सीपसँग सम्बन्धित उद्यमहरू पनि यस्ता व्यवसायमा समटिने छन् । ती

व्यवसायहरूले थप १२ हजार जना युवालाई मौसमी र अल्पकालीन रोजगारसमेत सृजना गर्ने अपेक्षा गरिएको छ ।

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित पिछडिएका क्षेत्रको व्यक्ति वा समुदाय गरिब किसानलाई परम्परागत सीप ज्येष्ठ नागरिकबाट पुस्ता हस्तान्तरण गर्ने लक्ष्यका साथ युवाहरूलाई स्वरोजगार कार्यक्रम सञ्चालन गर्न कर्जा उपलब्ध गराई आय आर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज गराउने व्यवस्था मिलाइएको छ । तराईका २१ जिल्ला कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङ, कपिलवस्तु, नवलपरासी, रुपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, झापा र उदयपुरमा कोषले वायु ..... प्रविधिबाट भकारीमा प्रविधियुक्त माछापालनमा लगानी गरी स्वरोजगारका अवसरहरू सृजना गरिने छ ।

त्यसै गरी अटो रिक्सा, ठेला गाडामा दुग्धजन्य व्यवसाय, फलफूल, तरकारी, चटपटे, फास्टफुड पसललगायतका अन्य व्यवसाय र गाई भैंसीपालन आदि व्यवसायमा स्वरोजगारका अवसर सृजना गर्ने उद्देश्यले तराई मधेस स्वरोजगार कार्यक्रम ल्याइएको छ । काठमाडौं उपत्यकामा रहेका महानगरपालिका, नगरपालिका र समान उद्देश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका सङ्घ संस्थाहरूसँग समन्वय र साझेदारी गरी पार्क, चोक, गल्ली, सपिङ मललागयतका ठाउँहरूमा स्ट्रिट चार्टमा फास्ट फुड तरकारी तथा फलफूल, दुधजन्य उत्पादन आदि बिक्री गर्ने उद्देश्यले काठमाडौं उपत्यका स्वरोजगार कार्यक्रम ल्याइएको छ ।

त्यसै गरी नियमित स्वरोजगार कार्यक्रम कोषको रकमबाहेक विनाधितो बैङ्क वित्तीय तथा सहकारी संस्थामार्फत उनीहरूको सीप र दक्षताअनुसार ७७ ओटै जिल्लामा बेरोजगार युवाहरूलाई स्वरोजगार सृजना गर्ने कार्यका लागि सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ । युवाको मुद्दा एक अर्का मन्त्रालयसँग अन्तरसम्बन्धित भएको हुँदा युवाहरूको रोजगार वृद्धि, उद्यम व्यवसाय, सीप विकास, शिक्षा, क्षमता विकासलागयतका कार्यहरू नेपाल सरकारका अन्य मन्त्रालयहरूबाट पनि सञ्चालन हुने बेहोरा माननीय सदस्यज्यूहरूलाई अवगत भएकै विषय हो । तसर्थ, यस्ता कार्यक्रमहरू युवा तथा खेलकुद मन्त्रालय पनि सञ्चालन गर्दा दोहोर पर्न जाने, स्रोत साधनको उपयोगमा कठिनाइ

पर्ने भएकोले यस मन्त्रालयको नीति तथा कार्यक्रमअनुसारका कार्यक्रम मात्रै प्रस्ताव गरिएको बेहोरा जानकारी गराउन चाहन्छु ।

नेपाल स्काउटमार्फत बालबालिका र युवाहरूलाई अनशासित, मर्यादित बनाउँदै उनीहरूमा स्वयम्सेवी भावनाको विकास गर्न, स्काउट तालिम प्रदान गर्ने, सातै प्रदेशमा गठन भएको स्काउट टाक्स फोर्समार्फत लागुपदार्थ र दुर्व्यसनीविरुद्ध सचेतना वृद्धि गर्ने, २ हजार २ सय ४० जना स्काउट बालबालिकालाई स्काउट पोसाक र औजार वितरण गर्ने, थप विद्यालयहरूमा स्काउट गठन गर्न तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको छ । स्थापना कालदेखि नै स्वयम्सेवी संस्थाको रूपमा आफ्नो छवि कायम गर्दै आएको नेपाल स्काउटको पछिल्लो समयमा स्वयम्सेवकहरूको क्षेत्रमा विशिष्ट पहिचान छोड्न सफल भएको र नेपालको सबैभन्दा ठुलो स्वयम्सेवी संस्थाको रूपमा स्थापित भएको छ । Covid-19 को महामारीको सुरुवाती अवस्थामा समग्र विश्व घरभित्रै थुनिएको अवस्थामा जनचेतनामूलक अभियानसहित सडकमा निस्केको र युवालाई लागुऔषधको कुलतमा फस्नबाट जोगाउन आफ्ना सदस्यहरूलाई प्रशिक्षित गरी यसको दुरुपयोगविरुद्ध सचेतनामूलक कार्यक्रमसहित सातै प्रदेशअन्तर्गतका निकायहरूमा सञ्चालन गर्दै आएको यो संस्था अझ बढी सशक्त रूपमा अगि बढिरहेको बेहोरा सम्मानित सदनसमक्ष अनुरोध गर्दछु ।

खेलाडीहरूको संरक्षण विकासका लागि यस आर्थिक वर्षबाट खेलकुद बिमाको अवधारणा विकास गरिएको छ । दुर्घटनामा परेका खेलाडीहरूको उपचार गर्न, चिकित्सा केन्द्रलाई व्यवस्थित गर्न बजेट व्यवस्था गरिएको छ । खेलाडीहरूलाई प्रोत्साहन गर्न, खेलाडी तथा प्रशिक्षक स्वास्थ्य बिमा, खेलाडी तथा प्रशिक्षकको उपचार, आकस्मिक दुर्घटना सहयोग खेलाडी प्रोत्साहन पुरस्कार, ओलम्पियन खेलाडीलगायत सार्क गेम, एसियन गेम, ओलम्पिक गेममा पदक विजेता खेलाडीलाई दिइने मासिक भत्ता र उत्कृष्ट खेलाडीहरूलाई दिने नगद पुरस्कार तथा सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षबाट खेलाडी जीवन बिमा गर्ने व्यवस्था मिलाइएको छ । 'एक स्थानीय तह एक खेल' पूर्वाधार निर्माण गर्ने नेपाल सरकारको नीतिअनुसार गत विगतमा निर्माणाधीन रहेका खेल पूर्वाधार निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा १ सय ७१ ओटा पालिकामा नै बजेट जाने प्रस्ताव गरिएको छ । स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागि कार्यविधिअनुसार मन्त्रालयले सार्वजनिक सूचना जारी गरी स्थानीय तहहरूबाट नै उपयुक्त स्थानको छनोट गरी पूर्वाधार निर्माणका लागि प्रस्ताव माग

गरिएको र सोही प्रस्तावका आधारमा मापदण्ड पुगेका स्थानीय तहहरूलाई बजेट विनियोजन गरिएको छ । बजेट विनियोजनको अधिकतम सीमा २ करोड भएको र प्रारम्भिक रूपमा कुनै पालिकालाई कम र कुनै पालिकालाई बढी पर्न गए तापनि अन्तमा सबै पालिकाले समान रूपमा बजेट प्राप्त गर्ने बेहोरासमेत सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

खेलकुद र खेलाडीहरूको विकास विद्यालय तहदेखि नै गर्ने उद्देश्यले विद्यालयलाई खेलकुदको उद्गम स्थलको रूपमा विकास गर्न यसै आर्थिक वर्षबाट नमुनाका रूपमा 'एक विद्यालय एक क्लब स्पोर्ट क्लब एक खेल मैदान' को कार्यक्रम प्रस्ताव गरिएको छ । निर्माणाधीन अधुरा पूर्वाधारहरूको निर्माण कार्यलाई प्राथमिकतामा राखिएकोले नयाँ योजनाहरू धेरै थप गर्न नसकिएको र माननीय ज्यूहरूले माग गर्नुभएबमोजिमका सबै योजनाहरू समेट्न नसकिएको आगामी दिनमा सान्दर्भिकता, औचित्य र स्रोतको अवस्थाअनुसार नयाँ पूर्वाधार निर्माण योजना सुरु गर्ने गर्दै जाने बेहोरा पनि यस सम्मानित सदनमार्फत माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

खेललाई आर्थिक उत्पादन, शिक्षा र स्वास्थ्यसँग अन्तरनिहित निर्भर गराएर यसको विकास गर्ने कुरामा राज्यको ध्यान जानुपर्छ र मन्त्रालयले र सरकारले त्यो दिशातिर काम अगाडि बढाइरहेको छ । खेललाई एउटा उद्यमको रूपमा खेललाई एजुकेसन शिक्षाको रूपमा अगाडि बढाउने सन्दर्भमा यसै वर्ष बजेटमा यसलाई कार्यान्वयन प्रक्रिया अगाडि बढाउनको लागि विश्वविद्यालयको ..... स्पोर्टस विश्वविद्यालयको अवधारणा पनि अगाडि सारेको कुरा म माननीयज्यूहरूलाई अवगत गराउँदै सम्माननीय अध्यक्षज्यू महोदयमार्फत अन्त्यमा युवा तथा खेलकुद मन्त्रालयले आर्थिक वर्ष २०७९/८० मा विनियोजन वार्षिक बजेटबाट निर्धारित कार्यक्रमहरू पारदर्शी एवम् प्रभावकारी ढङ्गले सम्पन्न गरिने कुरा म सम्माननीय अध्यक्ष महोदयमार्फत सबै माननीय सदस्यज्यूहरूलाई आश्वस्त पार्दै सम्पूर्ण माननीयज्यूहरूलाई प्रस्तावित विनियोजन विधेयक पारित गरिदिनुहुनु हार्दिक अनुरोध गर्दछु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः-</u>** माननीय सदस्यहरू, माननीय युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज अथकले दिनुभएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय

सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०७९ माथिको विनियोजन शीर्षकमा माननीय युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज (अथक)ले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण सोध्न कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवलाई वन तथा वातावरणसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय वन तथा वातावरण मन्त्री श्री रामसहाय प्रसाद यादवः**- सम्माननीय अध्यक्ष महोदय, वन तथा वातावरण मन्त्रालयको बजेट विनियोजनमाथि सल्लाह, सुझाव तथा जिज्ञासा राख्नुहुने सबै माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय सदस्यज्यूहरूबाट मूलतः वन क्षेत्रको दिगो व्यवस्थापन हुनुपर्ने, वनको पूर्ण उपयोग हुनुपर्ने, वृक्षारोपण, कृषि वन र निजी वनको विस्तार गर्नुपर्ने, जडिबुटी तथा गैरकाष्ठ वन पैदवारको प्रशोधन गरी व्यवसायीकरण गर्नुपर्ने, वनमा आधारित उद्योगहरूको विस्तार गर्नुपर्ने, मानव-वन्यजन्तुको द्वन्द्व व्यवस्थापन गर्नुपर्ने, काठ तथा काठजन्य वस्तुको आयात रोकिनुपर्ने, जलवायु परिवर्तन न्यूनीकरण र अनुकलनमा जोड दिनुपर्ने, सामुदायिक वन साझेदारी वनलगायतका समुदायमा आधारित वनहरूको दिगो व्यवस्थापन गर्नुपर्ने, चुरे क्षेत्रको संरक्षण गरिनुपर्नेलगायतका र भानु प्राणी उड्डयनको बजेटको शीर्षकमा नभएको कुरालगायतका वन्यजन्तु पालनको कार्यक्रमलाई देशव्यापी बनाउनुपर्ने, वन क्षेत्रबाट उल्लेख्य रूपमा आयआर्जन र रोजगारीका अवसर सिर्जना गर्नुपर्ने आदि विषय उठान भएका छन् ।

माननीय सदस्यज्यूहरूबाट उठाइएका विषयहरू राष्ट्रिय वन नीति, २०७५ पन्ध्रौं आवधिक योजना दीर्घकालीन सोच, २०६१, आर्थिक वर्ष २०७९/८० को नीति तथा

कार्यक्रम एवं बजेट वक्तव्यले परिलक्षित गरेका विषयहरू नै हुन् । तसर्थ माननीय सदस्यज्यूहरूले दिनुभएका सुझावहरू अत्यन्त महत्त्वपूर्ण रहेका छन् । माननीय सदस्यज्यूहरूले जिज्ञासा राख्नुभएअनुरूप नै वन तथा वातावरण मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई खास गरी वनको दिगो व्यवस्थापन, सार्वजनिक तथा नदी उकास क्षेत्रमा वृक्षारोपण भू तथा जलाधार संरक्षण, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तनको अनुकूलन र वातावरण संरक्षण कायम गर्दै वन क्षेत्रलाई आर्थिक वा उत्पादनमूलक क्षेत्रका रूपमा विकास गर्ने गरी प्रस्ताव गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, काठको उत्पादन वृद्धि गरी काठ तथा काष्ठजन्य वस्तुमा मुलुकलाई आत्मनिर्भर बनाउने र आयातलाई प्रतिस्थापन गर्दै निर्यातलाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ बजेट विनियोजन गरिएको छ । सामुदायिक वन, साझेदारी वन, सरकारद्वारा व्यवस्थित वनहरूमा सिल्भि कल्चलमा आधारित रहेर वनको दिगो व्यवस्थापन गर्दै काठ, दाउरा उत्पादनका लागि प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी सशर्त अनुदानको व्यवस्थापन गरिएको छ । विगतमा वैज्ञानिक वन व्यवस्थापन खारेजीपश्चात् उत्पन्न भएको द्विविधालाई अन्त्य गर्नका लागि नीतिगत प्रयासस्वरूप वन नियमावली, २०७९ मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशनको क्रममा रहेको कुरा यहाँहरूलाई अवगत गराउन चाहन्छु । जसको आधारमा रही दिगो वन व्यवस्थापनको मापदण्ड तयारीको अन्तिम चरणमा रहेको छ । यसबाट वनको दिगो व्यवस्थापन भई काठ, दाउरा उत्पादनमार्फत आगामी ३ वर्षभित्रमा विदेशी काठ आयातमा पूर्ण रूपमा कटौती गर्ने लक्ष्य लिएको छ । र ५ वर्षभित्रमा काष्ठ निर्यात गर्ने पनि लक्ष्य राखिएको छ ।

देशमा सङ्घीयता कार्यान्वयनपश्चात् वन तथा वातावरणसँग सम्बन्धित अधिकांश कार्यहरू प्रदेश मातहतका संरचनाहरूबाट कार्यान्वयन भइरहेको छ । तसर्थ वन तथा भू संरक्षण तथा वातावरणसँग सम्बन्धित लगभग ७ हजार कर्मचारी प्रदेशमा समायोजन भई कार्यरत रहेको बेहोरा माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु । साथै वन तथा वातावरणसँग सम्बन्धित विभिन्न ऐन, नियम तथा मापदण्डलाई समयसापेक्ष रूपमा नयाँ निर्माण तथा संशोधन गर्दिँदै लगिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, वृक्षारोपण, विरुवा उत्पादनजस्ता कार्यक्रमहरू सङ्घ, प्रदेश र स्थानीय तहहरू तथा उपभोक्तालगायतका सरोकारवालाहरूसहितको सहभागितामा कार्यान्वयनमा ल्याइने छ । आगामी आर्थिक वर्षमा ३ करोड विरुवा उत्पादन गरी कृषि

वन, निजी वन, सार्वजनिक जग्गा, नदी उकास जग्गाहरूमा वृक्षारोपण गरिने छ । जसमध्ये ४४ लाख १ वर्षभन्दा अवधि नर्सरीमा हुर्काइएका विरुवाहरू उत्पादनका लागि प्रदेश सरकारलाई सशर्त अनुदानमार्फत बजेटको व्यवस्था गरिएको छ । देशका सहरहरूलाई हरियालीयुक्त बनाउन 'जनताको रहर, हरित सहर' अभियानअन्तर्गत उपयुक्त सुरक्षाको व्यवस्थासहित वृक्षारोपण गरिने छ ।

नेपालका दुर्लभ वन्यजन्तु तथा अद्वितीय भू धरातल पर्यटनका प्रमुख आधारहरू हुन् । राष्ट्रिय निकुञ्ज तथा आरक्षणहरू नेपालका प्रमुख पर्यटकीय गन्तव्य हुन् । नेपालमा आउने ६० देखि ७० प्रतिशत पर्यटक यिनै संरक्षित क्षेत्र भ्रमण गर्नका लागि नै आउने गर्छन् । कोभिडको महामारीबाट उठ्दै गरेको पर्यटकीय गतिविधिहरूलाई टेवा पुऱ्याउने गरी राष्ट्रिय निकुञ्ज तथा आरक्षभित्र पर्यटक पूर्वाधारहरू विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । सबै सरोकारवालाहरूको सहयोग र सहकार्यमा जैविक विविधता संरक्षणमा प्राप्त सफलतासँगै बढ्दो मानव-वन्यजन्तु द्वन्द्वप्रति यस मन्त्रालयको चासो र पूर्ण रूपमा जिम्मेवार रहेको बेहोरा माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । यसका लागि सकेसम्म द्वन्द्व हुनै नदिन निरोधात्मक उपायअन्तर्गत निकुञ्ज आरक्षभित्र घाँसे मैदानको व्यवस्थापन, विद्युतीय तारबार, निकुञ्ज तथा वनभित्र पोखरी मर्मत तथा निर्माण मेसजालीसहितको विद्युतीय तारबारमा यस वर्षपनि बजेट विनियोजन गरिएको छ ।

मानव-वन्यजन्तु द्वन्द्वका घटनालाई मध्येनजर गर्दै बाँके, बर्दिया, बारा, पर्सा, चितवन, नवलपरासी, कञ्चनपुर, सुनसरी, सप्तरी, झापालगायतका जिल्लाहरूमा राष्ट्रिय निकुञ्ज आरक्ष कार्यालय, डिभिजन वन कार्यालय तथा राष्ट्रिय प्रकृति संरक्षण कोषमार्फत विद्युतीय तारबारका लागि बजेटको व्यवस्था गरिएको छ । निकुञ्ज आरक्ष वरपरका मध्यवर्ती क्षेत्रका समुदायबाटै कार्यक्रम सञ्चालन गर्ने गरी झन्डै ९ करोड रकम विनियोजन गरिएको छ । निरोधात्मक उपाय अपनाउँदासमेत मानवीय, पशुधन तथा कृषि बालीको क्षति हुन गएमा राहातका लागि १० करोड विनियोजन गरिएको छ । मानव वन्यजन्तु द्वन्द्व नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा मानव-वन्यजन्तु द्वन्द्वको समस्या बढी हुने, देशका विभिन्न ४ स्थान, कोशी टप्पु वन्यजन्तु आरक्षण, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जलाई आधुनिक वन्यजन्तु उद्धार राहात केन्द्र स्थापना गरिने छ ।

भानु प्राणी उद्ययनको व्यवस्थापनका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले जग्गा मुआब्जाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नका लागि बजेट सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा पेस गरिएको छ । अर्थमन्त्रालयबाट सहमतिपश्चात् मन्त्रिपरिषद्मा जग्गा अधिग्रहणको प्रस्ताव लगिने छ ।

राष्ट्रिय गौरवको कार्यक्रमका रूपमा रहेको राष्ट्रपति चुरे तराई-मधेश संरक्षण कार्यक्रममा ५ ओटा कार्यान्वयन इकाईमार्फत सञ्चालन गर्दै आएको छ । राष्ट्रपति चुरे कार्यक्रमलाई मार्गदर्शन गर्ने चुरेको गुरु योजनालाई तीनै तहको अपनत्व हुने गरी समयसापेक्ष रूपमा संशोधन गर्ने उद्देश्यस्वरूप चालु आर्थिक वर्षमा नै यस कार्यालयलाई सम्पन्न गर्ने गरी कार्य अगाडि बढिरहेको छ । यो संशोधनको प्रक्रिया अन्तिम चरणमा छ । चुरेको गुरु योजनाले परिकल्पना गरेको बजेटको तुलनामा विनियोजित बजेट अति न्यून रहेको कुरा हाम्रा माननीयज्यूहरूबाट नै उठान भएको छ । तसर्थ आगामी दिनहरूमा यस बजेटलाई वृद्धि गर्नमा यहाँहरूको पनि सहयोगको अपेक्षा गर्दछौँ । चुरेमा नदीजन्य पदार्थको उत्खनन् गरी अनियन्त्रित दोहन नियन्त्रणमा वन तथा वातावरण मन्त्रालय सजक रहेको छ । तसर्थ सीमित संस्थागत संरचना स्रोत, साधनका बाबजुत नियन्त्रणका लागि वन तथा वातावरण मन्त्रालयले विषयगत अन्य मन्त्रालय प्रदेश सरकार र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ । हरित गृह र यसको उत्सर्जन गर्न औद्योगिक मुलुकहरूको तुलनामा नेपालको भूमिका नगन्य रहेको तथ्य विदितै छ । तथापि नेपाल जलवायु परिवर्तनको असर उल्लेख्य रूपमा पर्ने मुलुकभित्र पर्दछ । यसको प्रभाव न्यूनीकरणका लागि नेपाल सरकार तथा विभिन्न विकास साझेदार निकायहरूसँगको सहकार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा सघाउन पुग्ने खालका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरिएको छ । जलवायु परिवर्तन अनुकूलनका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त र प्रविधिमा नेपालको पहुँच बढाउँदै लगिने छ । जलवायु परिवर्तन एउटा बहुआयामिक र अन्तर्सम्बन्धित विषय भएकाले नेपालले तय गरेका दोस्रो राष्ट्रिय निर्धारित योगदानले तय गरेको लक्ष्य प्राप्तिमा सबै विषयगत मन्त्रालय तथा सङ्घ सरकार र स्थानीय तहको समेत रचनात्मक सहयोगको अपेक्षा राखेको छु ।

सम्माननीय अध्यक्ष महोदय, कार्बन व्यापारको सम्बन्धमा प्रति टन ५ डलर भुक्तानी हुने गरी उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता विश्व बैङ्कसँग सन् २०२१ मा सम्झौता भएको छ । र २०२२ मा हालै कोप २६ को सम्मेलनको क्रममा पनि यो

कार्बन व्यपारका सम्बन्धमा प्रति टन १० डलर भुक्तानी दिने गरी सम्झौता भएको छ, विश्व बैङ्कसँग नै । नेपालले सन् २०२२ डिसेम्बरसम्म वनको तथ्याङ्क प्रमाणीकरण प्रतिवेदन एमआरभी पेस गरेपछि त्यसको आधारमा सन् २०२३ मा नेपालले भुक्तानी प्राप्त गर्ने गरी कार्य भइरहेको छ ।

माननीय सदस्यहरूले उठानउनुभएका आफ्ना प्रश्नहरू, जिज्ञासा र दिनुभएको महत्त्वपूर्ण सुझावका लागि फेरि पनि एकपटक हार्दिक धन्यवाद दिँदै आभार व्यक्त गर्दछु । धन्यवाद ।

**<u>पीठासीन</u>**:- माननीय श्री दिल कुमारी रावल थापा (पार्वती) ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, माननीय वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवले दिनुभएको जवाफका सन्दर्भमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेट समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, बजेटको बुँदा नम्बर १२४ मा उल्लेखित महाभारत क्षेत्रको मार्बल, ग्रेनाइट तथा बहुमूल्य धातु फलाम, ढुङ्गा र चट्टानको उत्खनन तथा प्रशोधन गरी निर्यात गर्ने भन्ने विषय केही माफियाहरूको संलग्नतामा राखियो भन्ने बजार हल्लाको जवाफ माननीय मन्त्रीज्यूबाट आएन । यसको सत्य, तथ्य के हो ? यथार्थ जवाफ आओस् । नम्बर १ ।

नम्बर २, भर्खरै माननीय मन्त्रीज्यूले यससम्बन्धी नियामवली, वन नियमावली पनि क्याबिनेटबाट पास भइसकेर राजपत्रमा प्रकाशित हुँदै छ भन्नुभयो । नीति तथा कार्यक्रममममा नभएको विषय चाहिँ बजेटमा परेको छ । अनि बजेट पनि पास नभइकन तपाईंले वन यो वन नियमावली कसरी क्याबिनेटबाट पास गरेर अनि कसरी राजपत्रमा प्रकाशित गर्दै हुनुहुन्छ ? यसको जवाफ आओस् ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सुरेश कुमार आलेमगर ।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- ....(आवाज नसुनिएको) मा मुगुको भूभागमा पर्ने एसियाकै सबभन्दा ठुलो र ४२५ हेक्टर स्केलमा फैलिएको भानुभक्त प्राणी उद्यानको जग्गा अधिग्रहणका सम्बन्धमा धेरै त अधिग्रहण भइसकेको छ । थोरै मात्र बाँकी छ । त्योबारेमा माननीय मन्त्रीज्यूको कुरा उठेकै छ । सही नै छ । तर मैले चाहिँ एउटा चासो के राखे थैं भने जुन धेरै जग्गा अधिग्रहण भएको छ । त्यो अधिग्रहणको, अधिकरण भइसकेको जग्गाको मुआब्जा करिब करिब ४६ करोड रुपैयाँ । त्यो चाहिँ दिनुपर्ने थियो । जो अर्थ मन्त्रालयमा पनि त्यो प्रस्ताव त्यो फाइल पेस भइसकेको थियो । त अहिलेको त्यो वार्षिक कार्यक्रममा त्यो देखिँदैन । त्योबारेमा के होला भन्ने मेरो जिज्ञासा थियो । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो वन भनेको रूख भनेको विशेष गरिकन धान जस्तै हो नि । धान हामी रोप्छौं, फल्छ, पाक्छ, काट्छौं । समयमा काटेनौं भनेदेखि त्यो खेर जान्छ । रूख पनि त्यस्तै हो । ठुलो हुन्छ । रूख काट्ने बेलामा काट्नपर्छ । नयाँ रोप्नुपर्छ । स्टान्डिङै राख्नुपर्छ भन्ने पनि छैन । थुप्रै ढल्छन् रूखहरू । भाँचिन्छन् । तिनीहरूलाई पनि काटेर काठको रूपमा प्रयोग गर्न सकिन्छ ।

मेरो एउटा प्रश्न थियो । रूखले प्राविधिक पाएन । धेरै रूखहरू त्यत्तिकै सडेर गएका छन् । धाद्रो भएर गएका छन् । अनि हामी काठ चाहिँ आयात गरिराखेका छौं । यो ढलापडा रूखहरू र ठुला भएका रूखहरूलाई काटेर देशको आयातलाई प्रतिस्थापन, काठको मागलाई प्रतिस्थापन गर्ने specific योजना के छ यसपालि ? भनेर मैले मन्त्रीज्यूलाई ध्यानाकर्षण गराएँ, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय गंगा कुमारी वेलवासे ।

**<u>माननीय श्री गंगा कुमारी वेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मानव वन्यजन्तु द्वन्द्व कम गर्नका लागि राष्ट्रिय, विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जको ११ किमी बाटोमा अन्डरपाससहितको धुलोरहित हुने गरी बाटोले स्तर उन्नति गर्नको लागि मैले बारम्बार उठाइराखेको छु । यसको जवाफ आएन । र यो २९ सालको निकुञ्ज ऐनबाट हामी चलिरहेका छौं । ऐनको संशोधन हुन जरुरी छ । यही विषय राख्न चाहन्छु, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवलाई ...

माननीय सोनाम गेल्जेन शेर्पा ।

माननीय मन्त्रीज्यू, प्रश्न बाँकी छ ।

**<u>माननीय सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, मैले एक, दुई शब्द राख्न चाहें । यो मध्यवर्ती क्षेत्रको बजेट भनेर जुन किसिमले अहिले वन राज्यमन्त्रीज्यूबाट जुन किसिमको ९ करोड भनेर आयो । ९ करोड भनेर उहाँले छुट्याएको भन्ने हो । यो मध्यवर्ती क्षेत्रको बजेट हो । यो मध्यवर्ती क्षेत्रको बजेट नियमित जाने गर्‍या छ । र यो चाहिँ के भन्या छ भने निर्देशिका र नियमावलीले मध्यवर्ती क्षेत्रलाई राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रबाट उठेको रकमको तिसदेखि पचास प्रतिशत रकम जाने भनेर स्पष्ट व्यवस्थापन गरिएको छ । तर यसमा चाहिँ के छ भन्दाखेरि यो बजेट तजबिजले दिने गर्‍या छ । र यो कानुन उल्लङ्घन नहोस् । नियमावली उल्लङ्घन नहोस् । र नियमअनुसार दिने बजेट नियमित रूपमा दिओस् भन्ने म जोडदार यो सम्माननीय अध्यक्षज्यूमार्फत वन मन्त्रालयलाई जोडदार माग गर्दछु ।

अर्को कुरा, यो जुन किसिमले मध्यवर्ती क्षेत्र नियमावली र जुन निर्देशिका छ । त्यसलाई समयानुकूल ...(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्षः</u>**- समय सकियो माननीयज्यू ।

माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादवलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय वन तथा वातावरण मन्त्री श्री रामसहाय प्रसाद यादवः</u>**- सम्माननीय सभामुख महोदय, माननीय सदस्यज्यूहरूले फेरि पनि प्रश्न राख्नुभएको छ । जिज्ञासा र सुझाव पनि राख्नुभएको छ । त्यसका लागि म माननीय सदस्यज्यूहरूलाई फेरि हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय खिमलाल देवकोटाजीले खानी सम्बन्धमा जुन चिन्ता व्यक्त गर्नुभयो । त्यस्तो कुनै किसिमको कुनै बाहिर या कुनै माफियासँग गर्ने भन्ने कुरा त्यो छैन । त्यो वन नियमावली, वन ऐनअन्तर्गत नै रहेर यो खानीहरू उत्खनन गर्ने काम भइरहेको छ या हुने छ भनी यहाँहरूलाई म प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

यो बजेटमा चाहिँ नियमावलीको प्रस्ताव नआउँदै नियमावली कसरी पास भयो ? अब ऐन नियमावली त यो निरन्तर दैनिक रूपमा के रे यो नियमित रूपमा बन्ने प्रक्रिया हो । २०७६ सालमा वन ऐन आयो र यो तीन वर्ष वन नियमावली नभएर कति काम रोकियो मात्रै वन तथा वातावरण मन्त्रालयको होइन । त्यससँग सम्बद्ध मन्त्रालयहरू भौतिक पूर्वाधार मन्त्रालय, जलस्रोत, ऊर्जा मन्त्रालय, उद्योग मन्त्रालयलगायतका मन्त्रालयहरूको काम खास गरी अर्थ मन्त्रालयका हाम्रा माननीय मन्त्रीज्यूहरूले बारम्बार भन्नुभो कि वन नियमावली पास नभएर अनेकौं कार्य योजनाहरू ठप्प परेको छन् अगाडि बढिरेहेको छैन, कृषि मन्त्रालयको काम । त्यसकारण यो चाहिँ पहिला नै आउनुपर्ने थियो । यो त ढिलो भयो । त्यसकारण म जिम्मेवारी सम्हालेदेखि नै नियमावलीलाई अगाडि बढाउने प्रयास गर्दै अहिले चाहिँ वन नियमावली चाहिँ पास भएको छ र कानुन मन्त्रालयमा यसको राजपत्रमा प्रकाशनका लागि चाहिँ त्यहाँ ड्राफ्ट गएको छ र त्यो कानुन मन्त्रालयबाट आउनेबित्तिकै राजपत्रमा प्रकाशन हुने कुरा म अवगत गराउन चाहन्छु ।

त्यस्तै भानुभक्त प्राणी उद्यानको बारेमा माननीयज्यूले राखुभो' मैले चाहिँ अगाडि नै यसको जवाफ दिइसकें । जस्तैः- अब भानुभक्त प्राणी उद्यानको व्यवस्थापनको सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले जग्गा मुआब्जाका लागि अब यहाँले भनेअनुसार जग्गा मुआब्जाको पहिला जति भयो होला तर बाँकी जुन छ त्यो प्रस्ताव पेस गर्नका लागि बजेट सुनिश्चत्ताको लागि अर्थमन्त्रालयमा हामी पठाएका छौं । अनि त्यहाँबाट स्वीकृत हुनेबित्तिकै, सहमति हुनेबित्तिकै हामीले चाहिँ यो प्रकृतिलाई क्याविनेटमा पठाउछौं । यति म आग्रह गर्न चाहें ।

त्यस्तै अब कृषि बालीसरह, यो कृषि बालीसरह नै यो वनको रुखहरूले प्राविधिक पाएन । र यो डालापाला रुखको चाहिँ चिन्ता यसलाई सङ्कलन गर्ने या काम भएन । यो चाहिँ कृषि बालीसरह सर्वप्रथममा माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु । किसानहरूको एउटा ठुलो चाहिँ समूहमा दुई तीनचोटि मन्त्रालयमा नै या प्रदेशमा म प्रदेश नं. १ मा गएको थिएँ । त्यहाँ डेलिगेशन नै आयो । हाम्रो कृषि बालीसरह नै हामीले आफ्ना निजी जग्गामा उब्जाएका रुखहरू काट्न पाउने, बिक्री गर्न पाउने भन्ने कुरा उहाँहरूले राखुभो' । उत्तिस, हाम्रो उत्तिस हो । अनि चाहिँ हामीले काट्न पाउनुपर्छ । मैले भने किसानको उत्तिस किसानकै हुन्छ । अर्थात् किसानको जे रुख छ निजी वनमा लगाइएको रुखलाई हामीले वन नियामवलीमा नै राखेर २८ प्रजातिका रुखहरूलाई कृषि बालीसरह हामीले अहिले गरेका छौं । र पहिलाको प्रावधानबाट लचिलो बनाएर किसानलाई सहज र सुलभ रूपले चाहिँ आफ्ना निजी जग्गामा लगाउनुभएको रुखहरू काट्न पाउने, बिक्री गर्न पाउने भन्ने व्यवस्था हामीले गरेका छौं यही नियमावलीमा ।

त्यस्तै प्रावधिक पाएन भन्नुभो' । निश्चित रूपमा कर्मचारीहरूको अभावको कारणले गर्दा जुन चाहिँ प्रावधिकको सहयोग हनुपर्ने किसानहरूलाई त्यो हुन सकिरहेको छैन । यसमा अब कर्मचारीको दरबन्दी खाली छ, त्यहाँ अब लोकसेवा आयोगमा हामी पठाइसक्या छौं सिफारिस । अब भर्ना प्रक्रिया चाहिँ ढिलो भएको छन् । त्यो भर्ना प्रक्रिया लगभग आधा जति चैं कर्मचारीहरू, प्राविधिकहरू चैं रिक्त अवस्थामा छन् । त्यसकारण यो भर्ना प्रक्रिया पूरा भएपछि स्वतः हुने छ भन्ने म विश्वास दिलाउन चाहन्छु ।

र मानव भन्ने जन्तुको द्वन्द्वको कुरा यहाँले राख्नुभो' । यो ठुलो समस्याको रूपमा अगाडि बढेको छ । एकतर्फ हामी अन्तर्राष्ट्रिय जगतमा वन्यजन्तुलाई संरक्षण गर्ने र वन्यजन्तु संरक्षणको क्रममा वन्यजन्तुको पनि सङ्ख्या वृद्धि हुने र मानव र वन्यजन्तुको बिच पनि द्वन्द्व हुने जुन प्रक्रिया छन् यसलाई चाहिँ मध्य नजर गरेर नै वन तथा वातावरण मन्त्रालयले यो, यसका विभाग राष्ट्रिय निकुञ्जले र सामुदायिक र यो साझेदारी वनलगायतका वन जुन उपभोक्ता समूहहरू छन्, त्यहाँका नागरिक छन् त्यो चाहिँ मध्यवर्ती क्षेत्रमा चाहिँ समूहहरू गठन गरेर यस विषयमा जनचेतनाका कार्यक्रमहरू पनि ल्याएको छ । र यसको संरक्षणका लागि पनि सबै राष्ट्रिय निकुञ्जहरूमा यसपालि चाहिँ बजेट वृद्धि गरेको छ । र यसलाई व्यवस्थित तरिकाले नै अगाडि बढाएर मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गर्नेतर्फ मन्त्रालय अगाडि बढेको कुरा यहाँ अवगत गराउन चाहन्छु ।

चितवन राष्ट्रिय निकुञ्जको कुरा, अन्डर पासको कुरा भन्नुभो' हामीले भरखरै यो नेपालमा पहिलो चोटि हामी चाहिँ वन्यजन्तु मैत्री पूर्वाधार निर्देशिका, हामी क्याविनेटबाट स्वीकृत भएर राजपत्र समेतमा प्रकाशन भइसकेको छ । यो चाहिँ अस्तिको चितवनको जुन चाहिँ बाटो बनिरहँदा खाल्टोमा गैंडा परेर जुन गैंडा मर्यो, त्यो गैंडाकै पछि चाहिँ हामीले त्योभन्दा अगाडि नै यो प्रस्ताव हामी लग्याथ्यौं । र पछि चाहिँ यो घटना भएको हुनाले मन्त्रिपरिषद्ले चाँडै यसलाई स्वीकृति गरेको र यसलाई चाहिँ हामी व्यवहारमा अब अगाडि बढाउछौं । यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

त्यस्तै यो मध्यवर्ती क्षेत्रमा ९ करोड जुन बजेट छ त्यो वन्यजन्तुबाट जुन राजस्व उठ्छ र त्यसको ३० देखि ५० पर्सेन्ट जुन मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबिचको द्वन्द्वको क्रममा या अन्य त्यहाँको मध्यवर्ती क्षेत्रको किसानहरूको जीविकोपार्जनका उपारजनका लागि यो जुन दिने हो त्योबाहेकको मन्त्रालयले बजेट विनियोजन गरेको छ । त्यो छुट्टै हो । त्यसकारण यो मन्त्रालयमार्फत त्यो वन्यजन्तु र मानवबिचको द्वन्द्वको क्रममा यसलाई चाहिँ व्वयस्थापन गर्ने कुरा यहाँ म जानकारी गराउन चाहन्छु ।

त्यस्तै यो नियमावली निर्देशिकाको सम्बन्धमा हो भन्नुभो' । अहिले नियमावली बन्यो र यसपछि चाहिँ निर्देशिकाहरू र यसका मापदण्डहरू मन्त्रालयमा यो पनि छलफल गरेर अगाडि बढेको अवस्था छन् । यो चाँडै चाहिँ निर्देशिका हामी पास गर्छौं र अरू ऐनहरू पनि तयारीको अवस्थामा छन् । जस्तैः राष्ट्रिय निकुञ्जसम्बन्धी, यी सबैलगायतका

ऐनहरू र नियमावली निर्देशिकाहरू छलफलमा छन्, कुनै तयारी अवस्थामा छन् । त्यसकारण यो चाँडै अगाडि बढ्छन् भन्ने यहाँ म राख्न चाहन्छु ।

यहाँहरूले राखुभएको जिज्ञासालाई मैले मेट्ने प्रयास गरे र फेरि एकचोटि यहाँहरूले राखुभएको सुझाव, जिज्ञासाका लागि फेरि हार्दिक आभार व्यक्त गर्दै आफ्ना कुरा यहीँ अन्त गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, आजको कार्यसूचीमा समावेश भएका मन्त्रालयहरूको क्रमलाई सामान्य हेरफेर गरेको छु ।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल</u>**ः- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले निकै चासोपूर्वक शिक्षासम्बन्धी केही डेटासहित पनि प्रस्तुत गरेर राखुभएको थियो म माननीयज्यूहरूलाई विशेष विशेषविषय वस्तु प्रस्तुत गरेर मन्त्रालयलाई सजग बनाउनुभएकोमा हार्दिक आभार पनि प्रकट गर्न चाहन्छु । अझ जति हुनुपर्‍थ्यो त्यति छलफल पुगेन । माननीयज्यूहरूले विभिन्न विषयहरूमा, विभिन्न प्रकारले मन्त्रालयका छलफलहरूमा तपाईंहरूको सहभागिता छ । शिक्षा भनेको म आफू मन्त्री भएर भन्या होइन । देश निर्माणको निम्ति सबै प्रवृत्तिका जनशक्ति उत्पादन गर्ने महत्त्वपूर्ण थलो हो । शिक्षा राम्रो भयो भने अन्यन्त्र राम्रो हुन्छ । यद्यपि हाम्रो देशको प्राथमिकतामा फरक फरक प्रकारका मन्त्रालयका आवश्यकताहरू छन् । र फेरि पनि फरक फरक ठाउँमा गएर पनि प्रतिनिधित्व गर्ने त्यसको ठुलो जनशक्ति जुन जनशक्ति सक्षम दक्ष र प्राभवकारी हुन सकेन भने अरू ठाउँमा प्रभाव पार्ने मन्त्रालयको रूपमा हामी यसलाई बुझेका छौं र झन्डै झन्डै एक करोड जनताहरू पढ्न पढाउन सहभागी हुन शिक्षामा आबद्ध हुनुहुन्छ । त्यसकारणले पनि माननीयज्यूहरूले उठाउनुभएका कुराहरू महत्त्वपूर्ण छन् । र यहाँहरूले राखुभएका कुराहरू अपुगता छन् । अझ बढी आलोचना

गरेर अझ बढी विषयहरू देखाइदिएर अझ बढी अपुगतालाई तपाईंहरूले सजगतापूर्वक उठाइदिनुभयो भने विषयवस्तुलाई अझ भविष्यमा सच्याउनको निम्ति मद्दत पुग्नेछ भन्ने कुरा पनि म राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०७९/८० का लागि सरकारको कुल बजेट १७ खर्ब १ खर्ब sorry ९३ अर्ब ८३ करोडमध्ये १७ खर्ब ९३ अर्ब ८३ करोडमध्ये शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट कार्यान्वयन हुने नेपाल सरकार प्रदेश र स्थानीय तहका लागि जम्मा १ खर्ब ९६ अर्ब ३८ करोड छुट्याएको छ । यो वर्ष कुल विनियोजनको १०.९५ प्रतिशत शिक्षामा छुट्याएको छ । यो यहाँहरूले उठाउनुभएको थियो बजेटको २० प्रतिशत हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता हो र हामीले प्रयत्न गर्‍यौं । विभिन्न ठाउँमा हामी गयौं मन्त्रालयको तर्फबाट । थोरै प्रतिशत बढ्यो आशातित बढ्न सकेन । र फेरि पनि बजेट घटेन । अर्थ मन्त्रालयलाई म बजेट नघटाइदिनुभएकोमा विशेष आभार पनि प्रकट गर्न चाहन्छु । तर यो बजेट निकै अपुगता भएको कुरा पनि माननीयज्यूहरूले जसरी उठाउनुभएको छ हामीले पनि बोध गरेको कुरा तपाईंहरूको उठानप्रति ऐक्यबद्धता म प्रकट गर्न चाहन्छु ।

शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको बजेटमध्ये १ खर्ब २१ अर्ब १ करोड झन्डै ६१.६२ प्रतिशत अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहमा शैक्षिक व्यवस्थापनका लागि सोझै विनियोजित भई जान्छ । प्रत्येक प्रदेश तहमा प्रमुख रूपमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन र विद्यालय शिक्षक तालिम कार्यक्रमका लागि जम्मा रु. ५ अर्ब ३२ करोड २.७१ प्रतिशत सोझै विनियोजन भई जान्छ । मन्त्रालय तहमा जम्मा ७० अर्ब ५ करोड बजेट ३५.६७ प्रतिशत विनियोजन भएको छ । मन्त्रालयमा विनियोजन भएको बजेटमध्ये राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, माध्यमिक तहका विद्यार्थीका लागि सिपमूलक तालिम तथा कक्षा ६ का विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम आदिका लागि झन्डै ११ अर्ब स्थानीय तहमा स्थानन्तरण हुने व्यवस्था रहेको छ । सार्वजनिक शिक्षाको सुदृढीकरणको लागि नेपाल सरकार प्रतिबद्ध रहेको छ । नीति तथा कार्यक्रम र बजेट प्रस्ताव गर्दा १५ औं योजनालाई समेत आधार मानिएको छ । नीति तथा बजेट र कार्यक्रममा विद्यालय शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र सिप विकास र उच्च शिक्षा सुधारमा जोड दिएको कुरा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु । विद्यालय शिक्षा सुदृढीकरणका लागि विद्यालय शिक्षा क्षेत्र योजना, उच्च शिक्षा सुधारका लागि उच्च शिक्षा उत्कृष्टता प्रवर्द्धन

कार्यक्रम तथा प्राविधिक शिक्षा व्यवसायिक तालिम सुधारका लागि सिप विकास कार्यक्रम कार्यान्वयनमा जोड दिएको छ माननीयजीहरूले पक्कै पनि बुझिरहनुभएको छ ।

सम्माननीय अध्यक्ष महोदय, प्रस्तावित बजेटबाट मन्त्रालयले देहायका विषयमा प्राथमिकताका साथ काम गर्ने लक्ष्य लिएको कुरा म अवगत गराउन चाहन्छु । पूर्वाधार विकास आगामी तीन वर्षमा सबै सामुदायिक विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने कार्यक्रम तय गरिएको छ ।

भूकम्प प्रभावित ३२ जिल्लामा विद्यालय पुनः निर्माण कार्य सम्पन्न गरिने छ । बाँकी ४५ जिल्ला लक्षित गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट विद्यालय भौतिक निर्माण कार्य सञ्चालन गरिने छ । उच्च शिक्षा प्रदायक त्रिचन्द्र कलेजलगायतका आङ्गिक क्यापसको भौतिक पूर्वाधार निर्माण कार्य पनि यसै आर्थिक वर्षमा हामी सुरुवात गरिने छ । यससित सम्बन्धित भारतीय एक्जिम बैङ्कसित सहमति भएको थियो र ४० ओटा कलेजको सहमति भएको थियो । त्यसकारणले त्रिचन्द्र कलेजलगायतका देशका ठुला कलेजहरू बन्ने कुरा एक्जिम बैङ्कसितको ठेक्का पट्टा प्रणालीमा अलि जटिलता भएको हुँदा अल्झेको छ । हामी निरन्तर त्यसको फलो गरेका छौं । फेरि पनि यो ढिलो भए पनि त्रिचन्द्र क्याम्पस जस्ता क्याम्पसहरू यसै आर्थिक वर्षमा बनाउने गरी नेपाल सरकारकै बजेटबाट हामीले प्रक्रिया अगाडि बढाएको कुरा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु ।

शैक्षिक गुणस्तर सुधारः गुणस्तरयुक्त शिक्षाको विकास सरकारको प्रमुख प्राथमिकताको क्षेत्र रहेको छ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला विस्तार तथा सुदृढीकरण सूचना प्रविधि प्रयोगशाला स्थापना तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता लागि गणित विज्ञान तथा अङ्ग्रेजी विषय शिक्षकको व्यवस्था गर्न कार्यक्रम प्रस्तावित गरिएको छ । शिक्षक सेवा आयोगलाई सक्रिय बनाइएको छ । र यो वर्ष तीनै तहका शिक्षकहरूको परीक्षा पनि हामी लियौं । परीक्षा प्रक्रियामा अगाडि बढेको छ । केही ठाउँमा म आफै पनि अनुगमन गर्न गएँ र शिक्षकलाई दरबन्दी अभाव पूरा गर्नको निम्ति शिक्षक सेवा आयोगबाट परीक्षा प्रक्रियाद्वारा शिक्षकहरू ल्याएर अस्थायी दरबन्दी गरेर दरबन्दी मिलान प्रक्रियाद्वारा विद्यालयमा शिक्षकहरूको अभावलाई पूर्णता दिने गरी यसै आर्थिक वर्षदेखि प्रक्रिया अगाडि बढाएको कुरा पनि उहाँहरूलाई माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु ।

शिक्षकको पेशागत सिप र क्षमता विकासका लागि भर्चुअल विधिसमेत प्रयोग गरी शिक्षक तालिम कार्यक्रम सञ्चालन, शिक्षक दरबन्दी मिलान कार्यसम्पन्न, प्रदेश शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना तथा सञ्चालन र डिजिटल सिकाइ सामग्रीको उत्पादन आवश्यकताको आधारमा पाठ्यक्रममा सामूहिक परिमार्जन तथा अध्यावधीकरण नमुना तथा उत्कृष्ट विद्यालय विकास तथा सञ्चालन उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रोत्साहनलगायतका कार्यक्रम पनि सञ्चालन गरिने छ र हामीले १० वर्षे शिक्षा योजना दिगो विकास लक्ष्यअनुरूप हामी सार्वजनिक गरेका छौँ । र त्यसैलाई आधार मानेर हामीले कानुनी सुधार, भौतिक पूर्वाधारको सुधार शिक्षण सिकाइ प्रक्रियालाई स्तरीय बनाउने सुधार हामीले लक्ष्य लिएर अगाडि बढेका छौँ र माननीयज्यूहरूलाई म यो अवगत गराउन चाहन्छु ।

र हामी विद्यालय, सार्वजनिक विद्यालयहरू सुधरेनन् भन्ने ठुलो गुनासो पनि छ । हामी बनाउँछौं हाम्रा विद्यालय भन्ने नारा बनाएको छ यो पटक मन्त्रालयले । हाम्रा विद्यालय हामी बनाऔं भन्ने अभियानसहित हामी स्थानीय पालिका प्रदेश सरकार र सङ्घीय सरकार मन्त्रालय विद्यालयहरूलाई सुधार अभियानको प्रक्रियामा अगाडि बढ्ने गरी हामी यसै आर्थिक वर्षदेखि प्रक्रिया अगाडि बढाएको कुरा पनि म माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु ।

उच्चशिक्षामा गुणस्तर कायम त्रि.वि. ले उत्कृष्टता केन्द्रको रूपमा विकास गर्न कार्यक्रम प्रस्ताव गरिएको छ । साथै विश्वविद्यालय तथा क्याम्पसहरूको भैतिक तथा शैक्षिक पूर्वाधारका कार्यक्रमहरू प्रस्ताव गरिएको छ र भर्खरै पनि हामीले अहिलेको नीति कार्यक्रममा परेअनुरूपकै लक्ष्यलाई आधार मानेर हामीले कतिपय भारतका विश्वविद्यालयहरूलाई हाम्रो देशका विश्वविद्यालयहरूसँग विषयसँग जाडँदै ईसीसीअर भन्ने भारतको शिक्षासित सम्बन्धित निकायसँग हामीले MOU गरेका छौँ । पाँचओटा MOU र केही विश्वविद्यालयहरूले अरू MOU गर्दै हुनुहुन्छ र आईटीसित सम्बन्धित नेपालमा नै पठनपाठन प्रक्रियाअगाडि बढाउनुका निम्ति विश्वविद्यालयको तर्फबाट केही पहल कदमी गरेको कुरा गरेको पनि म माननीयहरूलाई अगवत गराउन चाहन्छु ।

तेस्रो- विद्यार्थी प्रोत्साहन कार्यक्रम विद्यालय शिक्षामा छात्रा दलित, अपाङ्गता भएका विद्यार्थी तथा लक्षित समूहका लागि आवासीय तथा गैरआवासीय छात्रवृद्धिको व्यवस्था विद्यालय दिवा खाजा कार्यक्रम निशुल्क पाठ्यपुस्तकको व्यवस्था छात्राका लागि सेनेटरीप्याड आदिको व्यवस्था गरिएको छ । उच्चशिक्षामा पिछडिएको समुदायका

विद्यार्थीका लागि छात्रावृत्ति चिकित्सा तथा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रावृत्तिलगायतका कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।

चार- सहभागी तथा समावेशीता विशेष आवश्यकता भएका विद्यार्थीका लागि आवासीय विद्यालय सञ्चालन, आवासीय विद्यालय स्थापना तथा सञ्चालन ब्रेल पाठ्यपुस्तकलगायतका सिकाइ र सहयोगी सामग्रीहरूको व्यवस्थाहरूका लागि पनि कार्यक्रम सञ्चालन गरिने छ । यसै वर्षदेखि दुर्गममा र आवश्यक भएका ठाउँमा आवासीय विद्यालयहरू सञ्चालन गरेर विद्यालय सञ्चालन गर्नेसम्बन्धी प्रचलित कानुन मातहत रहने गरी केन्द्रले सङ्घले विद्यालय सञ्चालन गर्ने भन्या छैन हामीले । स्थानीय पालिकासँग समन्वय गरेर हामीले दुर्गम ठाउँहरूमा यसै आर्थिक वार्षिदेखि आवश्यकताअनुसार आवासीय विद्यालयको प्रक्रिया सुरुआत गर्ने भनेका छौं । त्यसले चाहिँ पठनपाठनको निम्ति जुन नमुना विद्यालयको रूपमा हामीले प्रस्ताव गरेका छौं ।

अझ फरक ढङ्गले ती आवासीय विद्यालयहरूलाई अगाडि बढाउने कुरा पनि यहाँहरूलाई माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु । प्राविधिक तथा व्यवसायिक शिक्षा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच सुनिश्चिता सिक्दै कमाउँदै कार्यक्रम विस्तार व्यवसायिक तालिमको अवसर वृद्धि गरी शिक्षालाई रोजगारमूलक र व्यवसायिक बनाउन जोड दिएको छ र हामीले सिक, कमाऊ र तीर Earn and Learn प्राविधिक शिक्षातर्फ नाराको रूपमा अगाडि बढाएका छौं भनेदेखि शिक्षालाई सीपसँग, सीपलाई रोजगारसँग, रोजगारलाई उत्पादन र बजारसँग जोडने गरी समग्र शिक्षालाई हामीले यसै आर्थिक वर्षदेखि उत्पादनसँग पनि जोड्ने गरी कार्यक्रमहरू अगाडि बढाएको कुरा पनि यस सम्माननित सदनमा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु । उच्चशिक्षामा सुधार सञ्चालनमा रहेका विश्वविद्यालयको पूर्वाधार विकास तथा शैक्षिक कार्यक्रम सञ्चालन गरी उच्चशिक्षा सुधार गर्ने लक्ष्य रहेको छ । त्रिभूवन विश्वविद्यालयलगायत अन्तरर्गतका आङ्गिक क्याम्पसको भैतिक पूर्वाधार विकास शिक्षण सिकाइमा शैक्षिक प्रविधिको प्रयोग र शिक्षण सिकाइलाई अनुसन्धानमुखी बनाउन त्रिभूवन विश्वविद्यालयलाई Excellence of Center बनाउन कार्यक्रम तय गरिएको छ ।

चिकित्सा शिक्षा अध्ययनको अवसर विस्तारका लागि नयाँ मेडिकल कलेज विकासका लागि कार्यक्रम सञ्चालन ल्याइएको छ । गुणस्तरिय स्वास्थ्य, शिक्षा र सेवाको विस्तार गरी प्रादेशिक सन्तुलन कायम गर्न विश्वविद्यालयहरूसँगको सहकार्यमा

प्रदेश सरकारअन्तर्गतका अस्पतालहरूमा मेडिकल कलेज स्थापना गर्ने नीति लिइएको छ र सातै प्रदेशमा अहिले रहेका प्रचलित चालु विश्वविद्यालयलाई जम्मेवारी दिएर विश्वविद्यालयले हो मेडिकल अध्ययन अध्यापन गराउने विश्वविद्यालयहरूलाई जिम्मा दिएर हामी सातै प्रदेशमा प्रतिष्ठानहरू र सातै प्रदेशमा सरकारी मेडिकलहरू अगाडि बढाउने प्रक्रिया सुरुआत गरेर विश्वविद्यालय निर्देशन गरिसकेका छौं । वाहाँहरूले प्रक्रियाअगाडि बढाउनुभएको छ र हामी मेडिकल शिक्षालाई नेपालमा नै सहज बनाउनको निम्ति हामीले यो प्रक्रिया अगाडि बढाएको कुरा पनि माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु ।

बुटवल मेडिकल कलेज र लुम्बिनी प्रादेशिक अस्पताल, सुर्खेत मेडिक कलेज र कर्णाली प्रादेशिक अस्पताल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पताल तथा गेटा मेडिकल कलेज र सेती महाकाली अस्पतालबिचको सहकार्यमा सम्बन्धित विश्वविद्यालयअन्तर्गत मेडिकल कलेज सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । हामीले, यो प्रक्रिया मैले पहिले पनि जानकारी गराइसकें यो मेडिकल शिक्षामा धेरै विद्यार्थीहरू विदेशमा पढ्न जानुपर्ने बाध्यात्मक स्थितिलाई हामी न्यूनकारण गर्नुको निम्ति हामी यो प्रक्रिया बढाएको कुरा मैले पहिले पनि भनिसके माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

जनसङ्ख्याको अनुपातमा चिकित्सा तथा स्वास्थ्यकर्मीको अपर्याप्त भएको अवस्थामा मध्यनजर गरी स्वास्थ्यमा शिक्षामा प्रमाणपत्र तहदेखि विशिष्टीकृत उच्चशिक्षाको अध्ययनलाई सहज बनाउन भर्ना सङ्ख्या, भर्ना प्रक्रिया र संस्थागत व्यवस्था सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध गरिने छ ।

स्वास्थ्य शिक्षा उपलब्ध गराउने शिक्षण संस्थाहरूले वर्षको दुईपटक । वर्षको दुईपटक, अहिलेसम्म एकपटक थियो । यो पटकदेखि वर्षको दुइपटक भर्ना लिने कुरा हामीले भनेका छौं दुईपटक विद्यार्थी भर्ना गर्ने गरी क्षमता विकास गरिने कार्यक्रम ल्याइएको छ । यसबाट नेपाली विद्यार्थीहरूलाई मेडिकल शिक्षा अध्ययनका लागि विदेशीनु नपर्ने आवस्था सृजना हुनुका साथै विदेशी मुद्रासमेत बचत हुने छ । मेडिकल शिक्षा अध्ययनमा विदेशी विद्यार्थीहरू आकर्षित गर्न आवश्यक पुर्वाधारसहित काठमाडौंबाहिर विभिन्न स्थानमा मेडिकल कलेज स्थापना गर्न सहजीकरण गरिने छ । त्रिभुवन विश्वविद्यालयका अनुसन्धान केन्द्रहरू सेडा, सेरिड सिनासलगायत अन्य

विश्वविद्यालयका अनुसन्धान केन्द्रहरूमर्फत हुने अवेषन तथा अनुसन्धान कार्यहरूलाई पनि व्यवस्थित गर्ने कुरा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु ।

विज्ञान तथा प्रविधिमा जोड-विज्ञान तथा प्रविधि विकासका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइएको छ । डीएनए next generation sequence machine लगायतका उपकरण व्यवस्थापन विधि विज्ञान प्रयोगशाला प्रदेश तहमा विस्तार वि.पी. कोइराला Planetorium तथा विज्ञान संग्रहालय वैज्ञानिक यन्त्र उपकरण व्यवस्थापन रेडियोधर्मी पर्दाथसम्बन्धी नियमनकारी निकाय स्थापना राष्ट्रिय महत्त्वका विषयमा नवप्रवर्द्धनात्मक प्रविधिक तथा वैज्ञानिक अन्वेषण तथा अनुसन जस्ता कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक प्रदेशमा हामीले अनुसन्धान केन्द्रहरू यद्यपि बजेट प्रस्तुत हुँदाखेरि फरक भाषामा आएको छ । हामीले प्रस्ताव गर्दाखेरि हामीले सातै प्रदेशमा अनुसन्धान केन्द्रहरू स्थापना गर्ने र केन्द्रको अनुसन्धान केन्द्रलाई थप प्रभावकारी बनाउने र विभिन्न मन्त्रालय र विभिन्न ठाउँमा हुने अनुसन्धान केन्द्रहरूलाई एउटा प्याकेजको रूपमा त्यसलाई केन्द्रीकृत गर्ने, त्यसलाई पनि Center of Excellence को रूपमा अगाडि बढाउने गरी हामी प्रक्रिया अगाडि बढाएका छौं । यसको साथै प्रसङ्गमा मैले जानकारी बनाउन खोजे हामी संघीय प्रणालीमा प्रवेश गरेको हुँदाखेरि हामीले परीक्षा बोर्डलाई पनि प्रदेशमा स्थापना गर्ने, जनशिक्षा सामग्रीलाई पनि प्रदेशमा स्थापना गर्ने र हामीले संघीय प्रणालीअनुरूप स्थानीय तह प्रदेश तह र संघीय तहको क्षेत्राधिकार किलियर गरेर यस प्रकारका संरचनाहरूलाई प्रदेश र स्थानीयमा हामीले क्रमशैः जाड्दै जान गरी क्याबिनेटबाट निर्णय गरेर अगाडि बढेको कुरा पनि सम्माननित सदनमा माननीयज्यूलाईमा अवगत गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यस सम्मानित सदनमा माननीय सदस्यहरूबाट शिक्षासम्बन्धी नीति तथा बजेट र कार्यक्रममा गहन अध्ययन गरी महत्त्वपूर्ण सुझाव प्रदान गर्नुभएको छ । माननीय सदस्यहरूबाट उठाइएका केही जिज्ञासाहरू तथा सवालहरू सम्बन्धमा विषय क्षेत्रगत रूपमा प्रष्ट पर्न जमर्को गर्न म चाहन्छु । पहिलो त माननीयज्यूहरूले पाठ्यपुस्तकको बारेमा कुरा उठाउनुभएको छ म खुसी पनि व्यक्त गर्न चाहन्छु र हामीले शैक्षिक सत्र २०७९ मा विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक व्यवस्था गर्न कक्षा एकदेखि बाह्रसम्मको पाठ्यपुस्तक जनशिक्षा सामुहिक केन्द्रबाट छपाइ तथा वितरण हुने व्यवस्था भए तापनि कक्षा एकदेखि तीनको पाठ्यपुस्तक निजी प्रकाशनबाट र कक्षा एघार बाह्रको साझा प्रकाशनमार्फत समेत छपाइ तथा वितरण हुने व्यवस्था मिलाइएको छ । जनक शिक्षा सामग्री केन्द्रबाट कक्षा ४-१० सम्मका

विद्यार्थीका लागि जम्मा १ करोड ९६ लाख स्थान पाठ्यपुस्तक छपाइ गरी वितरण गर्नुपर्नेमा हालसम्म एक १ करोड ८१ लाख थान छपाइ गरी वितरण भइसकेको छ । बाँकी छापइ सम्पन्न हुने क्रममा रहेको छ । निजी प्रकाशनबाट छपाइ एवम् वितरण काम भइरहेको कुरा पनि म यहाँ अवगत गराउन चाहन्छु ।

कोभिड-१९ का कारण शैक्षिक सत्र २०७८ मा विद्यालय लामो समयसम्म बन्द रहेको र विद्यार्थीको पढाइमा पुगेको क्षति कम गरी उक्त सत्रमा हुनुपर्ने पढाइलाई पूरा गर्न शैक्षिक सत्र २०७९ असार पहिलो साताबाट नै हुने भनिएको र सोहीअनुसार छपाइ पूर्वतयारी भएको अवस्थामा सरकारबाट जेठ १ गतेदेखि नै शैक्षिक सत्र सुरु गर्ने निर्णय हुँदा एक महिनाअगि शैक्षिक सत्र सुरु भएको कुरा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु । यसै अवस्थामा अन्तर्राष्ट्रिय बजारमा कागजको आपूर्तिमा समेत केही असर परेर ढिलाइ हुन गएको कुरा र यसै वर्ष स्थानीय तहको निर्वाचन र मतपत्र छपाइ पनि जनशिक्षाले गर्नुपरेको हुँदाखेरि केही दिन पाठ्यपुस्तक छपाइमा ढिला भएको कुरा माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।तर शैक्षिक सत्रमा पाठ्यपुस्तक पुग्न नसकी पढाइमा बाधा नपरोस् भनी सामग्री उपलब्ध गर्ने वैकल्पिक गरिएको थियो र छ । पाठ्य सामग्री र शिक्षा तथा मानव स्रोत केन्द्र विकास केन्द्रको वेबसाइट wwwhttpslearningchrdedu.np पाठ्यक्रम विकास केन्द्र वेबसाइट httpsmeecde.gov.np बाट प्राप्त गर्ने गरी यो किताबहरूको अभाव कहीँ कतै भयो भने पनि हामी यहाँबाट किताबलाई पढाउनुको निम्ति अप्ठरो नपरोस् भनेर किताबहरू सम्बन्धित ठाउँमा पुऱ्याएको कुरा पनि माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु र यसै प्रसङ्गमा जनशिक्षा सामग्रीले किताब छाप्ने कुरा हाम्रो सरकारकै स्वमित्त्वमा रहेको हुँदाखेरि एकदेखि छ कक्षासम्मका पुस्तकहरू गत साल पाँचसम्म वैधानिक हिसाबले विभिन्न कारणले अरू किताबहरू पनि निजी क्षेत्रले छाप्नुभएको कुरा यहाँहरू सबैलाई अवगत नै छ ।

जनशिक्षा सामग्री नडुबोस् त्यो बलियो होस् भन्नुको निम्ति हामीले योपटक जनशिक्षाले जति छाप्न सक्छ वाहाँहरूले दिएको डेटा समयावधिको कुरा वाहाँहरूले चाहिँ छाप्न सक्ने मेसिनको औसत अवस्था सबै बुझेर जनशिक्षा साम्रगीलाई हामीले छाप्न दिएका हौं । त्यसले गर्दाखेरि जनशिक्षा साम्रगी विगतमा भन्दा अलि लोडमा परेको कुरा माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु र फेरि पनि हामीले त्यसको वैकल्पिक व्यवस्था गर्नुको निम्ति अहिले पनि प्रज्ञा-प्रतिष्ठानले पनि किताब छापेको छ ।

जनशिक्षाकै कानुनी प्रक्रियाअनुरूप र हामी छिटै चाहिँ बाँकी रहेका किताबहरू हामीले चाहिँ पुर्याउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु र संयोगले कतिपय माननीयज्यूहरूले जनशिक्षा सामग्रीले छाप्न हामी लगतै म आफै पनि सम्माननीय प्रधानमन्त्रीज्यू कहाँ माननीय अर्थमन्त्रीज्यू कहाँ अर्थ मन्त्रालयमा हामी गएर यो किन छुट्यो भनेर हामीले यो लबिङ गरेका छौं लेखी पठाएका छौं र क्याबिनेटमा नै यो छलफल चल्यो र छिट्टै चाहिँ यसको व्यवस्थापन हुने प्रतिवद्धता अर्थ मन्त्रालयबाट भएको हुँदाखेरि यो छुटेको कुरालाई यहाँ तपाईंहरूले माननीयज्यूहरूले जसरी उठाउनुभएको छ । यसरी पूरा गर्ने विश्वास पनि म यहाँ व्यक्त गर्न चाहन्छु ।

संघीय शिक्षा ऐनको कुरा पनि यहाँ माननीयज्यूहरूले उठाउनुभएको छ । संघीय शिक्षा ऐन, उच्च शिक्षा ऐन, प्राविधिक शिक्षा ऐन र व्यवसायिक शिक्षा र राष्ट्रिय योग्यता प्रारूप र एकीकृत स्वास्थ्य शिक्षासम्बन्धी ऐन हामीले तीन महिनामा रात साँझा गरेर निकै महेनत गरेर यहाँ उच्च शिक्षाको प्रतिवेदन किन आएन ? भनेर पनि उठाउनुभयो सबै हयौं, त्यो बजारमा पनि छ । सार्वजनिक गर्नलाई पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्न हामी सक्छौं तर त्यसैमा भएका कुराहरू माननीयज्यूले समितिबाट उठेका विषयहरू दिनुभएका कुराहरू विज्ञहरूका कुराहरू विगत मन्त्रालयले गरेका सबै कुराहरू हरेर हामीले चारओटा ऐनहरू हामीले अर्थ मन्त्रालय र कानुनी मन्त्रालयमा पठाएका छौं । यो बजेटपछि हामी लगतै हामी त्यहाँ लबिङ गरिराख्या छौं । वाहाँहरूले चाहिँ छिटोभन्दा छिटो दिनको निम्ति अनुरोध जारी छ । माननीयज्यूहरूको पनि यहाँ सहयोग चाहिन्छ र यी चारओटा ऐनहरू ल्याउन सकियो भनेदेखि शिक्षामा सुधार हुने धेरै कुरा त्यहाँ उल्लेख गरिएको छ । यसमा चाहिँ मन्त्रालय सक्रिय भएर लागि पर्ने छ र माननीयज्यूहरूको पनि सहयोगको अपेक्षा म यहाँ राख्न चाहन्छु यो कुरा म यो प्रसङ्गमा यहाँ जानकारी गराउन चाहन्छु ।

शिक्षणमा शैक्षिक प्राविधिकको प्रयोग आधारभूत तहमा हालसम्म २१ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा पुगेको छ । आधारभूत विद्यालयमा औसत छओटा कम्प्युटर शिक्षण सिकाइ कार्यका लागि उपयोग गरिने व्यवस्था गरिएको छ माध्यामिक विद्यालयमध्ये ६४ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा पुगेको छ । साथै ८३ प्रतिशत माध्यामिक विद्यालयमा कम्प्युटरको उपलब्धता रहेको छ माध्यामिक विद्यालयमा औसत एक्काइसओटा कम्प्युटर शिक्षण सिकाइमा प्रयोग गर्न सकिने अवस्था रहेको छ । सूचना प्रविधिको प्रयोग गरी शिक्षण कार्य सञ्चालन गर्न शिक्षकको क्षमता विकासका लागि

तालिम कार्यक्रम सञ्चालनमा ल्याइएको छ । प्रदेश शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र स्थापना गरिएको छ । उक्त केन्द्रबाट अनलाइन विधिबाट शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने काम रहेको छ । अनलाइन तथा Virtual सिकाइका लागि आवश्यक डिजिटल सिकाइ सामग्री उत्पादन गर्रिंदै आएको छ । पाठ्यक्रममा आधारित थप डिजिटल सिकाइ सामग्रीको विकास गर्ने कार्यक्रम रहेको छ । यस वर्ष अनलाइन र अफलाइन विधिबाट ८० हजार बढी शिक्षकलाई सेवाकालीन तालिम तथा पाठ्यक्रम र सामहिक विषयमा अभिमुखीकारणसम्बन्धी तालिमको कार्यक्रम रहेको कुरा पनि माननीयज्यूलाई अवगत गराउन चाहन्छु ।

प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले व्यवसायिक तथा रोजगारमूलक शिक्षालाई प्राथमिकता दिँदै कार्यक्रम सञ्चालन गर्दै आएको छ । सीटीईभीटीमार्फत हाल मुलुकभर ६३ ओटा आङ्गिक शिक्षालयहरू ५७२ विद्यालयमा टेक्स्ट कार्यक्रम र कक्षा नौ-बाह्रमा ८८४ प्राविधिक..... विद्यालयहरू सञ्चालनमा रहेका छन् । उक्त संस्थाहरूबाट हालसम्म ६५५ स्थानीय तह समेटिएको छ । यी कार्यक्रमबाट ६५५ तह समेटिएको छ । सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर विस्तार गर्ने सरकारको नितीअनुसार यस वर्ष आवश्यकताको आधारमा विद्यालय सञ्चालन वैकल्पिक विधिबाट सबै स्थानीय तह समेट्ने गरी प्राविधिक तथा व्यवसायिक विषय पठनपाठन गर्ने इच्छुक विद्यार्थीहरूलाई अध्ययनको अवसर प्रदान गरिने कार्यक्रम रहेको छ र बाँकी रहेका सबै पालिकाहरूमा यसै आर्थिक वर्षमा सबै ठाउँमा प्राविधिक शिक्षाले पुर्याउने निर्णय हामीले गरेका छौं र यो कार्यक्रम आइसकेको हुँदाखेरि माननीयज्यूहरूले पनि कुनै पालिका बाँकी छ भनेदेखि मन्त्रालयमा आएर बाँकी रहेको ठाउँमा पुर्याउनको निम्ति आवश्यक सहयोग गरिदिनुहुन विशेष अनुरोध गर्न चाहन्छु ।

शिक्षालाई सीपसँग र सीपलाई श्रमसँग श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न विद्यालय तह पूरा गर्दा विद्यार्थीले कुनै पनि प्रकारको व्यवसायिक सीप प्रदान गरी शिक्षालाई रोजगारमूलक बनाउन १ लाख विद्यार्थीहरूलाई सीपमूलक तालिम प्रदान गरिने छ । युवालाई छोटो अवधिको रोजगारमूलक तालिम दिने कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्थापन गरिएको छ । विद्यालय तहमा नै विद्यार्थीलाई व्यवसायप्रति आकर्षित बनाउन सिक्दै कमाउँदै कार्यक्रम चालु वर्ष यही आर्थिक वर्षमा १४० ओटा विद्यालय र यो अहिलेको चाहिँ अबको आर्थिक वर्षमा आउँदो आर्थिक वर्षमा थप सय विद्यालय भनेर हामीले २४० विद्यालयहरू सिट

विद्यालयको रूपमा, यद्यापि विद्यालयको सङ्ख्या धेरै भएको हुँदाखेरि यो आमूल रूपमा सबै विद्यालयमा हामी एकैपटक लागु गर्न गइरहेका छैनौं । सिड विद्यालयको रूपमा हामी झन्डै झन्डै २४० विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम पनि नौ-बाह्रका विद्यार्थीहरूलाई सीपसँग जोडेर नमुनाको रूपमा अगाडि बढाउने कार्यक्रम चाहिँ हामीअगाडि बढाएका छौं माननीयज्यूहरूलाई म यो पनि जानकारी गराउन चाहन्छु ।

विश्वविद्यालय सम्बन्धमा विश्वविद्यालयलाई क्रमशः Center of Excellence को रूपमा विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । त्रिभूवन विश्वविद्यालय उच्च शिक्षाको केन्द्रविन्दु बनाइ राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भएको महत्त्व झल्किने कार्य सुरु गरिने छ । हाल त्रि.वि. मा देखापरेको समस्या समाधान गर्न त्रि.वि. व्यवथापन विद्यार्थीबिच छलफल गरी समस्या समाधान गरिएको छ । तालाबन्दीको कुरा माननीयज्यूहरूले उठाउनुभएको थियो । हामीले धेरै पटक छलफल गर्यौं र धेरै पटक अरू कतिपय विश्वविद्यालयमा भएका तालाबन्दीहरूलाई पनि हामी न्यूनीकरण गर्नुको निम्ति सकेसम्म विश्वविद्यालयमा तालाबन्दी प्रक्रियाको अन्त्य गरिनुपर्छ । शिक्षासित सम्बन्धित कुराहरू टेबुलबाट हल गर्ने वार्ताद्वारा हल गर्ने र तालाबन्दी गरेर पठनपाठन प्रक्रियामा प्रशासनिक प्रक्रियामा डिस्टब गर्ने कुरालाई निरुत्साहित गर्नको निम्ति विद्यार्थी सङ्गठनहरू, प्राध्यापक सङ्गठनहरू, कर्मचारी सङ्गठनहरू र त्यसको साथसाथै विश्वविद्यालयका पदाधिकारीज्यूहरूसित निरन्तर शिक्षा मन्त्रालय संवादमा छ र अहिले यो तालाबन्दीको प्रक्रिया करिब करिब धेरै ठाउँमा हल भएको कुरा पनि म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

शिक्षक दरबन्दी मिलान तथा दरबन्दी थप-शिक्षक दरबन्दी प्रतिवेदनका अनुसार प्रत्येक सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित गर्नका लागि ५३ हजार शिक्षक दरबन्दी-थप गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त प्रतिवेदनअनुसार १२,८३५ शिक्षकहरूको स्थानान्तरण गरी मिलान गर्नुपर्ने हुन्छ । यो सङ्ख्यामध्ये ९४९६ जना शिक्षक सम्बन्धित स्थानीय तहभित्र नै मिलान हुने एवम ३,३३९ जना शिक्षकहरूको जिल्लान्तर सरुवाबाट मिलान हुनुपर्ने अवस्था रहेको छ ।

स्थानीय तहभित्रै मिलाने हुनुपर्ने सङ्ख्यामध्ये ८५०० जना शिक्षकहरू मिलान सम्पन्न भइसकेको छ र बाँकी ९९६ जना शिक्षकको मिलाने चालु शैक्षिक सत्रमा नै मिलान गरिसक्ने लक्ष्य रहेको छ । जिल्लान्तर सरुवाबाट मिलान हुनुपर्ने सङ्ख्यामध्ये

१,४८६ जनाको जिल्लाअन्तर सरुवाबाट मिलान सम्पन्न भइसकेको छ भने बाँकी सङ्ख्या यसै शैक्षिक सत्रमा सम्पन्न गर्ने लक्ष्य लिएका छौं । न्यून रहेको शिक्षक दरबन्दी आपूर्तिका लागि यसै वर्ष माध्यमिक तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयका ४,७५० जना र आधारभूत तह कक्षा ६-८ मा २,६०० जना गरी ७३५० जना शिक्षक व्यवस्थाका लागि बजेट व्यवस्था गरिएको छ । उक्त सङ्ख्याका अतिरिक्त प्राविधिकमा विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनतर रहेका विद्यार्थीहरूलाई इन्ट्रनका रूपमा परिचालन गर्न बजेट व्यवस्था गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, हामी तीन प्रकारका शिक्षाहरूलाई प्राविधिक शिक्षालाई पनि माध्यमिक शिक्षासँग जोडने, माध्यमिक शिक्षालाई उच्चशिक्षासँग जोड्ने triangular को रूपमा यतापट्टि चाहिँ गुम्बा, गुरुकुल र विशेष शिक्षाहरू छन् । उनीहरुलाई हामीले स्कुल विद्यालय शिक्षाकै भित्र राखेका छौं र यसरी हामीले खास गरी पढ्दै कमाउँदै earn and learn जस्ता कार्यक्रमहरू पनि दुवै तहमा हामीले लागु गर्ने र त्यसको साथसाथै उच्च शिक्षालाई पनि हामीले यी दुइटा शिक्षामा जोड्नको निम्ति स्नातक र स्नातकोत्तर पढ्ने विद्यार्थीहरूलाई इन्ट्रनको रूपमा अनिवार्य ९० दिन, ९० दिन चाहिँ जानुपर्ने गरी हामीले व्यवस्था गरेका छौं त्यसले पक्कै पनि तीनै तह शिक्षालाई चाहिँ सँगै लिएर जाने र अर्को क्षेत्रमा भएको शिक्षाका समस्याहरू बुझिने गरी सहकार्यको सहकारीको अगाडि बढाउने छ भनेर हामीले यो प्रक्रियाअगाडि बढाएको कुरा पनि म यहाँहरूलाई अवगत गराउन चाहन्छु ।

सार्वजनिक विद्यालय सुदृढीकरण विद्यालयको भौतिक पूर्वाधार विकास नभई गुणस्तरीय शिक्षाको वातावरण निर्माण गर्न कठिन हुन्छ । शैक्षिक तथा तथ्याङ्कका आधारमा अझै पनि झन्डै झन्डै २८ हजार भवनहरू निर्माण गर्न आवश्यक रहेको छ । विद्यालय पुनः निर्माण कार्यक्रमबाट ७,५८३ विद्यालय निर्माण कार्य सम्पन्न भएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ३,९८२ विद्यालय भवन निर्माण भएका छन् । आगामी तीन वर्षभित्र अन्य विद्यालयहरू निर्माण सबलीकरण तथा पुनः निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ । शैक्षिक गुणस्तरिय सुधारलगायताका शैक्षिक विकासका लागि प्रस्थापित कार्यक्रमहरू सार्वजनिक विद्यालय शुद्धीकरणका लागि लक्षित रहेका छन् । विद्यालय भौतिक पूर्वाधार विकास, शिक्षा तालिम राष्ट्रिय शैक्षिक कार्यक्रम विभिन्न प्रकारका प्रयोगशालाको स्थापना शिक्षण सिकाइ सूचना प्रविधिको उपयोग विद्यालय व्यवस्थापन समिति तथा अविभावकको क्षमता विकासका कार्यक्रमहरू समेटी

विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम कार्यान्वयनमा लाइएको छ । साथै उच्चशिक्षामा सुधारका लागि उच्चशिक्षामा उत्कृष्टता प्रवर्धन कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

पाठ्यक्रममा सुधार-पाठ्यक्रम सुधार तथा परिमार्जित गरी समसामायिक बनाउने एउटा नियमित प्रक्रिया हो । शिक्षालाई व्यवहारिक सीपमूलक र व्यवसाहिक बनाउनु पाठ्यक्रम सुधार हुँदै आएको छ । माननीय सांसदहरूज्यूबाट औंल्याइएका विषयहरूप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ र आवश्यकताअनुसार थप सुधार गरिने छ । यही प्रसङ्गमा यो बजारमा कितपय अनाधीकृत रूपमा बिक्री भएका किताबहरूको प्रसङ्ग ल्याएर पनि माननीयज्यूहरूले विषय उठाउनुभएको छ । ती सबै अनाधीकृत भएका कुरा र मन्त्रालयबाट त्यस प्रकारका छलफलमा आएका कुनै पनि प्रमाणित भएका पाठ्यक्रमहरू होइनन् र त्यस प्रकार अनाधीकृत कुराहरू प्रमाणित नभएका कुराहरूबाट प्रभावित नहुन पनि माननीयज्यूहरूलाई म विशेष अनुरोध गर्न चाहन्छु ।

शिक्षा र व्यवहारिक र सीपमूलक कुरा रोजगारमूलक र अन्तर्राष्ट्रियस्तरको बनाउन विभिन्न समयमा पाठ्यक्रम परिमार्जित हुँदै आएको छ । शिक्षालाई सीपसँग जोडन सिक्दै कमाउँदै कार्यक्रम सञ्चालनमा ल्याइएको बेहोरा मैले यसअगि नै उल्लेख गरिसकेको छु । पाठ्य सामग्रीमा एकरूपता लिई निजी विद्यालयमा प्रयोग हुने समग्रीहरूमा नियमन गरिने छ । माननीयज्यूहरूले उठाउनुभा'का कुरा शिक्षा दुई अर्थ लाग्ने भयो प्राइभेट र सार्वजनिक विद्यालयहरू खास गरी संस्थागत र सार्वजनिक विद्यालयहरूमा फरक फरक प्रकारका चाहिँ शिक्षा नागरिकले प्राप्त गर्ने भयो भन्ने कुरा उठाउनुभएको छ । हामी यसलाई जोडनको निम्ति हामी एउटै प्रणालीभित्र एउटै छाता सिस्टमभित्र परीक्षा प्रणालीदेखि लिएर यो कोर्षहरूदेखि लिएर सबै चाहिँ हामी एउटै प्रणालीभित्र ल्याउने प्रक्रियाअगाडि बढाएको कुरा पनि म कहाँ अवगत गराउन चाहन्छु । खाली शुल्कको हिसाबले फरक छ । पठनपाठनको हिसाबले हामी चाहिँ फरक बनाइने छैन । एउटै प्रकृतिको जनशक्ति उत्पादन गर्ने हाम्रा विद्यालयहरू राज्यबाट स्वीकृत लिएका विद्यालयहरू भ'को हुँदाखेरि सबैलाई सँगै लगिने छ तर सरकारको जोड सार्वजनिक विद्यालय सुधारमा नै रहने छ सरकारको तर्फबाट, मन्त्रालयको तर्फबाट सार्वनजिक विद्यालयहरू सार्वजनिक क्याम्पसहरू विश्वविद्यालयसित सम्बन्धित आङ्गिक क्याम्पसहरूलाई र हामी अरू कतिपय राज्यसित सम्बन्धित प्रव्यक्ष रूपमा जोडिएका शिक्षण संस्थाहरूलाई व्यवस्थित र प्रभारकारी बनाउनको निम्ति प्राथमिकता राखिएको कुरा पनि म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

विद्यालय दिवा खाजाको बारेमा पनि यहाँ प्रश्न उठेको छ विद्यालय दिवा खाजा नियमित तथा सिकाइ सुधारमा पूर्वप्राथमिकदेखि कक्षा पाँचसम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका ३१ लाख विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको कुरा यहाँहरू सबैलाई अवगत नै छ । आधारभूत तह कक्षा आठसम्म विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउने सरकारको नीति रहेकोमा बजेट सिमितताका कारण आगामी आ.व. देखि कक्षा छसम्म अध्ययन विद्यार्थीलाई दिवा खाजा सञ्चालन गरिने छ । अब मन्त्रालयको तर्फबाट आठसम्म हामीले प्रस्ताव गरेका थियौं त्यसको साथसाथै पन्ध्र रुपियाँको पनि माननीयज्यूले यहाँ प्रश्न उठाउनुभएको छ । हामी पनि सन्तुष्ट छैनौं । अब झन्डै चाहिँ लाखौंको सङ्ख्यामा विद्यार्थी भएको हुँदाखेरि ठुलो रकम अलिकिता पनि बजेट बढाउँदा आउने भ'को हुँदाखेरि अर्थ मन्त्रालयबाट हामी यो पटक छ कक्षासम्मको दिवा खाजाको रकम बढाउनमाथि स्वीकृत प्राप्त गरेका छौं । तर यहाँ माननीयज्यूले उठाउनुभएको कुरालाई निरन्तर लबिङ गर्ने निरन्तर चाहिँ यो विषयलाई अगाडि बढाउने विश्वास र प्रतिबद्धता पनि म व्यक्त गर्न चाहन्छु ।

दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा विद्यार्थीको सिकाइ सुधारको अतिरिक्त स्थानीय तहमा नै उत्पादन हुने पौष्टिक र ताज खाना कुरा प्रयोग हुने विद्यार्थीको स्वास्थ्य सुधार हुनुका साथै स्थानीय आर्थिक गतिविधिमा बढोत्तरी भई गरिबी निवारणमा एकमुष्ट योगदान पुग्ने देखिन्छ । कतिपय म आफै पनि अनुगमनमा गएको थिएँ । कतिपय ठाउँहरूमा स्थानीय पालिकाले विभिन्न स्रोतहरू प्रयोग गरेर राम्रो प्रकारको खाजा खुवाएको पनि हामी पायौं तर कतिपय ठाउँमा जङ फुड, ड्रई फुड जुन बजिल छ । त्यस प्रकारका सस्तोको नाममा पनि हामीले काहीं काहीं अपवादका रूपमा त्यस प्रकारका खाजाहरू पनि वितरण भएको हामी पायौं र हामी चाहिँ प्रविधिकहरू खास गरी स्वास्थ्यकर्मीहरूको सल्लाहअनुसार नै सिफारिसका आधारमा यो खाजा व्यवस्थापन गरिने कुरा पनि म यहाँहरूलाई अवगत गराउन चाहन्छु ।

उच्चशिक्षामा पहुँच उच्चशिक्षासम्बन्धी कानुनलाई संशोधन एकीकरण गर्न बनेको विधेयक सहमतिका लागि कानुन मन्त्रालयमा पठाएको छ । उक्त विधेयक अन्तमीकरण भए पछि सम्मानित सदनमा पेस हुने छ । उक्त विधेयकमा महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, थारु, मधेसी, पिछेडिएका व्यक्ति, अपाङ्गता भएका, बेपत्ता परिएका व्यक्तिका परिवार, घाइते योद्धहरूको परिवार र द्वन्द्व पिडितलाई छात्रवृत्तिको सुनिश्चिता गर्ने प्रवद्धान राखिएको छ । संविधानमा व्यवस्था भएको सकारात्मक विभेदको सम्पूर्ण

प्रावधानलाई समेत यसले अङ्गीकार गरेको छ । विध्यमान अवस्थामा पनि माथि उल्लेख समूहका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्ने सबै संस्थाहरूको तोकिएको प्रतिशतमा छात्रवृत्तिको कोटा उपलब्ध गराएको बेहोरासमेत माननीयज्यूहरूलाई यहाँ जानकारी गराउन चाहन्छु । तोकिएको कोटा हामी अनुगमन गरेका छौं निजी क्षेत्रबाट पनि अनिवार्य गरेका छौं । राज्य अथवा खास गरी सार्वजनिक विद्यालय र उच्च शिक्षामा पनि खास गरी मेडिकल साइन्सलगायतको उच्च शिक्षामा पनि तोकिएको कोटालाई चाहिँ नियमित गरिएको कुरा म यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

विज्ञान प्रविधिको विकास वि.पी. कोइराला Planetorium Observatory तथा विज्ञान सङ्ग्रहालय वैज्ञानिक यन्त्र उपकरण व्यवस्थापन रेडियोधर्मी पदार्थसम्बन्धी नियमनकारी निकायको स्थापना राष्ट्रिय महत्त्वका विषयमा नवप्रवर्द्धनात्मक प्रविधिक तथा वैज्ञानिक अन्वेषण तथा अनुसन्धान एवम नाष्टको क्षेत्रीय स्थालमा कार्यालय स्थापना गर्ने महत्त्वपूर्ण कार्यक्रमहरू रहेका छन् । नेपाल विज्ञान तथा प्रविधि तथा प्रज्ञा-प्रतिष्ठान वि.पी. कोइराला Memorial Planetarium Observatory तथा विज्ञान सङ्हालय राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय विज्ञानतर्फ गरी विज्ञान तथा प्रविधि क्षेत्रतर्फ रु. १ अर्ब ७६ करोड ३२ लाख विनियोजन गरिएको कुरा पनि यस सदनमा म यहाँ माननीयज्यूहरूलाई पनि जानकारी गराउन चाहन्छु ।

माननीयज्यूहरू अरू यहाँहरूले उठाउनुभ'को कुरा छ यो शिक्षासित सम्बन्धित कुनै पक्ष प्रतिपक्षको कुरा होइन । नागरिकलाई सक्षम बनाउने कुरा हो । माननीयज्यूहरूले महत्त्वपूर्ण कुरा यहाँ उठाउनुभएको छ । यी कुराहरू शिक्षामा सुधारको निम्ति यहाँहरूको अमूल्य सुझावलाई निकै महत्त्वका साथ हामीले ग्रहण गरेका छौं र यहाँहरूले पक्कै पनि थप सुधार दिनुहुने छ । मन्त्रालय यहाँहरूको साथमा रहने छ र यहाँहरूले दिएका सुझावहरूलाई अधिकतम कानुनी प्रक्रियाले बजेटले साथ दिँदासम्म र अरू विभिन्न प्रकारले सुधारिने प्रक्रियासम्म यहाँहरूसित छलफल गरेर शिक्षालाई समग्र सुधारको प्रक्रियामा अगाडि बढ्ने विश्वास पनि यहाँहरूलाई म यस क्षणमा म व्यक्त गर्न चाहन्छु ।

अन्तमा विनियोजन विधेयकसम्बन्धी भाग लिई मन्त्रालयलाई महत्त्वपूर्ण सुझाव दिनुभएकोमा सुम्पूर्ण माननीयज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । माननीय

सदस्यहरूबाट प्राप्त भएको सुझावलाई कार्यान्वयन गर्न मन्त्रालय प्रतिबद्ध रहेको कुरा पनि म यहाँ व्यक्त गर्न चाहन्छु । शिक्षा मुलुकको विकासको लागि पूर्वाधारण हो । सबै नागरिकलाई गुणस्तरीय सीपमूलक तथा व्यवहारिक शिक्षाको प्रत्याभूति नगरी देशका लागि आवश्यक जनशक्ति आपूर्ति हुन सक्दैन । विद्यालय शिक्षालाई गुणस्तरउक्त बनाउने प्राविधिक शिक्षाको पहुँच विस्तार गर्दै सुदृढीकरण र उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने कार्यमा मन्त्रालय प्राथमिकताका साथ लागिपरेको छ । शैक्षिक सुधारका लागि उपलब्ध बजेटको उच्चतम उपयोग गर्ने प्रयास गरिएको छ गरिने छ । शिक्षा सुधारका लागि बजेट वृद्धि गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछौं । माननीय सदस्यजीहरूले दिनुभएका सुझाव निकै ग्रहणयोग्य छन् । फेरि पनि यहाँहरूको थप सुझावको अपेक्ष गर्दै म आफ्ना केही सङ्क्षिप्त यहाँहरूले उठाउनुभएको सरोकारका विषयहरू यही प्रकट गर्दै बिदा हुन चाहन्छु । धन्यवाद । नमस्कार ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पैडेलले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु । माननीय खिमलाल देवकोटा ।

<u>**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**</u>ः- सम्माननीय अध्यक्ष महोदय, यो सरकारको नीति तथा कार्यक्रममा दिवा खाजा कार्यक्रमलाई कक्षा आठसम्म राखिएको छ । सम्माननीय राष्ट्रपतिमार्फत घटाउन लगाइयो तर अहिले भर्खरै नै माननीय मन्त्रीज्यूले त्यो गल्ती भयो अर्थ मन्त्रालयले बजेटै दिएन भन्नुभयो । यस्तो यो गैरजिम्मेवार भयो यो । यो कुराहरू यो अरू मन्त्रालयले पनि सिक्नुपर्‍यो । यो मन्त्रालय मात्रै होइन कि अरू मन्त्रालयमा पनि यो देखिएको छ, यो पहिलो विषय हो । दोस्रो प्रश्न मैले के गरेको थिएँ भने राज्यका निकायहरू प्रभाव गर्ने सेवा चाहिँ पेपरलेस् हुनपर्यो । यो सांसदका लागि पनि भारीका भारी डोकाका डोका डंङगुरका डंङगुर डकुमेन्ट दिन बन्द गर्नुपर्यो । हामीले पूरै पेपरलेस् टेक्नोलोजी प्रयोग गर्नुपर्यो र

टेक्नोलोजी सिकाउनुपर्यो हामीलाई पढाउनुपर्यो । हामीलाई पढाउनुपर्यो, सिकाउनुपर्यो भनेको थिएँ मैले यसको जवाफ पनि आएन हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**-ः माननीय विमला घिमिरे ।

**<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, मैले यो सामुदायिक क्याम्पसहरूको बारेमा त्यतिबेला जिज्ञासा राखेको थिएँ । त्यसको कुनै जवाफ आएन सामुदायिक क्याम्पसहरूको लागि बजेट विनियोजन गर्ने विधि ठिक छैन । त्यो विधिलाई सच्चाउनुपर्छ भन्ने कुरा थियो र अर्को चीन पढ्न गएका विद्यार्थीहरू सन् २०१५ र १६ का विद्यार्थीहरू अलपत्रमा परेका छन् । तिनको लागि के सोच बनाएको छ मन्त्रालयले भन्ने थियो ? यो दुइटाको प्रश्नको जवाफ नआएको हुनाले म फेरि यो जवाफ मागन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**-ः माननीय देवेन्द्र दाहाल ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरो त मैले एउटा ध्यानाकर्षण गराउनुपर्ने भो' यहाँ मन्त्रीज्यूहरूले उठेका सवालहरू जवाफ भनेर भन्या छ तर आफ्नो सबै कार्यक्रम यहाँ प्रस्तुत गरिराखुभएको छ । हामीलाई त्यो सबै कार्यक्रम त हामीले हेरेकै छौं । दोस्रो कुरो यहाँ शिक्षा मन्त्रालयअन्तर्गत चाहिँ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत गत वर्ष ७० लाख भनेर चारओटा कोठाको लागि छुटाइएको थियो यो किन घटाइयो ? ३६ लाखमा कसरी चारओटा कोठा निर्माण हुन्छ । यसको जवाफ मैले चाहेको छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**-ः माननीय डा. विमला राई पौडयाल ।

**मानननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यसपालिको कार्यक्रममा पनि बजेटमा पनि त्रिभूवन युनिभर्सिटीलाई center of excellence बनाउने भन्ने कुरा आएको छ जुन असाधै राम्रो कुरा हो तर मन्त्रीज्यूकै पालामा यसैपालि त्रिभूवन युनिभर्सिटीमा १४३ दिन चाहिँ ताला लागेको छ । त्यसले गर्दा उच्च शिक्षा पढ्ने ठाउँमा ताला नलाग्ने वातावरण बनाउन यसपालि के योजना ? हामीले यो विद्यालयस्तरमा निकै राम्रो प्रगति पनि गरेका छौं गुणस्तरमा तर उच्च शिक्षामा प्रगति हुन सकेको छैन तर यहाँ त गुणस्तरको मात्रै कुरा होइन । विद्यार्थीहरू पढ्नै जान नपाउने अवस्था सृजना भइराखेको छ । मन्त्रीज्यूहरू चुपचाप बसेर हेरेर १४३ दिनसम्म पर्खनुभएको छ । यो लाई अन्त गर्ने specific योजना के छ हाम्रो ? त्यो विषयमा म बुझ्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्ने माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई समय उपलब्ध गराउँछु ।

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले प्रष्ट नभएका विषयहरू फेरि पनि जिज्ञासाका रूपमा सोध्नुभएकोमा म आभार प्रकष्ट गर्न चाहन्छु यो दिवा खाजा हामीले आठ कक्षासम्म नै भनेरै पठाएका थियौं । अब छसम्म थपिएर आएको हुँदाखेरि खुशी व्यक्त गर्छु मैले तर आठ कक्षासम्म हामीले गरेको प्रस्ताव आएन । अब अर्थ मन्त्रालयले पनि बजेट कमै भयो भनेर वाहाँहरूले भन्नुभएको छ । नीति कार्यक्रममा आयो बजेटमा यो आएन, बजेटमा के भाषामा आयो भने सायद माननीयज्यूहरूले सुन्नुभो' बजेटमा चाहिँ आठसम्म पुर्याउने गरी हाललाई यो वर्ष छ भनेर आयो छ चाहिँ लागु गरिने छ भनेर आएको हुँदाखेरि अब यो मन्त्रालयको तर्फबाट भएको त्रुटिभन्दा पनि यस प्रकारका त्रुटिहरू चाहिँ समग्र सच्चाउनुपर्छ भन्ने कुरा जायज छ । मैले यति कुरा यसमा राख्न चाहें ।

यो पेपरलेस् हुनुपर्यो उठाउनुभएको छ यो ठिक हो हामीले यसै आर्थिक वर्षदेखि देशभरिका विद्यालयहरू नक्शाङ्कन भौतिक पूर्वाधारको कुरा त्यसको अवस्थाको कुरा विद्यार्थी सङ्ख्या त्यसको साथसाथै हामीले मर्जको कुरा पनि ल्याएका छौं । बस दिने

कार्यक्रम पनि हामीले ल्याएका छौं २ हजारभन्दा बढी हुने ठाउँमा बस दिने र यहाँले राख्नुभएको कुरा यो पेपरलेस् बनाउने कुरा हामीले सम्पूर्ण चाहिँ पुस्तकहरू पनि डिजिटल विधिद्वारा पुऱ्याउने र पेपरलेस् टोटल बनाउनुको निम्ति डिजिटल बोर्ड र यो खास गरी कम्प्युटरको चाहिँ प्रचुर्ता सबै ठाउँमा हुनुपर्छ । अगि मैले सङ्क्षिप्त डेटा यहाँहरूले प्रस्तुत गरेको थिएँ त्यो डेटालाई हामीले चाहिँ मध्यनजर गर्दै सबै विद्यालयहरूमा हामीले प्रविधि चाहिँ पुऱ्याउन सक्दाबितिकै हामीले यो पपेरलेस् प्रणालीअगाडि बढाउने कुरा मन्त्रालयले प्रथामिकतामा राखेको कुरा यहाँ जानकारी गराउन चाहन्छु । सामुदायिक क्याम्पसहरूको बारेमा ठिकै कुरा उठाउनुभएको छ । यो UGC मार्फत सामुदायिक क्याम्पसमा बजेट विनियोजन हुने प्रणाली हाम्रो यहाँ रहेको छ र सिधै मन्त्रालयले गर्दैन र यसले गर्दाखेरि कतिपय सामुदायिक क्याम्पसहरू यद्यापि criteria बनाएर सामुदायिक क्याम्पसको आवश्यकता औचित्यता विद्यार्थी सङ्ख्या त्यहाँ विभिन्न प्रकारका criteria बनाएर सामुदायिक क्याम्पसलाई बजेट विनियोजन गर्ने र सहयोग गर्ने कुरा उठाइरहनुभएको छ । अब फेरि पनि यसको कतिपय प्रक्रियाहरू चाहिँ फेर बदल गर्नुपर्यो भन्ने कुरा उठाउनुभएको छ । हामी यहाँहरूले उठाउनुभएको कुरा सायद पर्ला हामीले चाहिँ उच्च शिक्षासम्बन्धी ऐनमा सामुदायिक क्याम्पसहरूलाई कसरी नियमन गर्ने भन्ने कुरा उल्लेख गरेका छौं र मन्त्रालयले पनि यसलाई चाहिँ सुधार गर्ने कुरा उठाउनुभएकोमा मन्त्रालयको तर्फबाट म हार्दिक आभार प्रकट गर्न चाहन्छु । अब चीन गएका विद्यार्थीहरूको निकै चाहिँ चर्को समस्या पर्यो ।

कोभिडका कारणले परेका समस्याहरू मन्त्रालयले निकै प्राथमिकताका साथ हामीले धेरैपटक वार्ता गऱ्यौं । वार्ता कोसँग गऱ्यौं भनेदेखि हाम्रो नेपालकै चिकित्सा शिक्षा आयोग र मेडिकल काउन्सिल सम्बन्धित विश्वविद्यालय मेडिकल पढाइ हुने विश्वविद्यालय स्वास्थ्य मन्त्रालय शिक्षा मन्त्रालयसँग हामी छलफल गयौं र हामी करिब करिब यो समस्या हल गरेका छौं । चिनिया सरकारसँग नै विशेष अनुरोध गरेर पढाइको कोर्ष पूरा नभएका इन्ट्रन पूरा नभएका विद्यार्थीहरूको हकमा यहाँका खास गरी मेडिकलसित सम्बन्धित चिकित्सा शिक्षा आयोग र मेडिकल काउन्सिलले मेडिकलसम्बन्धी पढाइ अनलाइनबाट पढेर हुँदैन यो पढाइ अन्तर्राष्ट्रिय standard को मान्न सकिँदैन । प्राक्टिकल अनिवार्य गर्नुपर्छ भन्ने उहाँहरूले निरन्तर उठाउनुहुन्छ । हामीले क्वालिटीमा compromise गर्ने काहीँ पनि कभनेका छैनौं । त्यसकारणले हामीले वाहाँको बाँकी रहेको कोर्ष पढाउनुको निम्ति हामीले चिनिया सरकारसँग अनुरोध गयौं र ठुलै सङ्ख्यामा

उहाँहरूको बाँकी कोर्ष complete गर्नुको निम्ति लिएर जाने कुरा भएको छ । बाँकीको हकमा जो कि छुट-पुट हुनुहुन्छ सूचना तीन पटक सार्वजनिक गर्दा पनि छुटेको हुनुहुन्छ फेरि छुटेको हकमा फेरि हामीले इन्ट्रनको व्यवस्था गर्ने गरी मन्त्रालयले प्रक्रियाअगाडि बढाएको कुरा म यहाँहरूलाई माननीयज्यूलाई म यहाँ अवगत गराउन चाहन्छु ।

अब यसको साथसाथै राष्ट्रपति शैक्षिक सुधारको कुरा यहाँ उठाउनुभयो यसलाई थितिमा ल्याएका छौं । गत हाल हामीले हामीले खास गरी भौतिक पूर्वाधारमा अरू विषयमा भन्दा पनि भौतिक पूर्वाधार र आईसीटी मा मात्रै यो रकमलाई व्यवस्थित गरौं भनेर हामीले हामीले कार्यविधि बनाएका थियौं र त्यो कार्यविधिमा यो पहिला यो भूकम्प प्राधिकारणबाट certified भएका भवनको प्रकृतिअनुरूप नै त्यही मपदण्डका आधारमा चार कोठे र दुई कोठेलाई मात्रै हामीले गत साल छनोट गरेका थियौं र त्यसको साथसाथै आईसीटी छनोट गरेका थियौं र अरू कार्यक्रम हामीले राखेनौं । त्यो पनि विद्यालयहरू जति सबै स्थानीय पालिकालाई दिएको हुँदाखेरि सम्पूर्ण स्थानीय पालिका सिफारिसलाई केन्द्रमा राखेर सूचना सार्वजनिक गऱ्यौं । स्थानीय पालिकाले सूचना दिनुभयो वाहाँहरूले दिएको सूचना प्रथामिकताका आधारमा एक नम्बर, दुई नम्बरलाई हामीले अनिवार्य गऱ्यौं अरू आवश्यकताका आधारमा हामीले गरेको हुँदाखेरि यो राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम चाहिँ गत साल हामीले त्यो रूपमा गऱ्यौं र यो साल पनि हामीले अझ चाहिँ यहाँहरूले माननीयज्यूले उठाउनुभएको कुराहरूलाई समेत मध्यनजर गरेर कार्यविधिलाई परिमार्जन गरेर व्यवस्थित गर्ने कुरा म जानकारी गराउन चाहन्छु ।

अब तालाको कुरा यहाँ माननीयज्यूले उठाउनुभएको छ । चुपचाप लागेर मन्त्रालय बिल्कुलै बसेको छैन । हामी धेरैपटक वार्ता गयौं धेरैपटक कुराकानी गयौं धेरै पटक चाहिँ छलफल गयौं हिजो पनि मैले छलफल गरेर यहाँ आएको छु । त्रिभूवन विश्वविद्यालयका पदाधिकारीज्यूहरूसँग हामीले Center of Excellence बनाउने भनी सकेपछि यस प्रकारका क्रियाकलापलाई हामीले कसरी रोक्न सकिन्छ भन्ने कुरामा मन्त्रालय जानकार छ र कतिपय आवश्यक नपर्ने कुराहरू पनि नियुक्तिसित सम्बन्धित कुरा, कतिपय Contractor सित सम्बन्धित कुरा, कतिपय अरू चाहिँ गर्न नसक्ने प्रकृतिका कुराहरू पनि ल्याएर उल्झनका रूपमा आउने र सङ्गठितभन्दा पनि कुनै त्यस प्रकारका समूहहरूले ताला लगाइदिने र विश्वविद्यालय भनेको प्राज्ञिक थलो भएको हुँदाखेरि सहज रूपमा प्रशासन प्रयोग गर्न हामीलाई सहज नभएको विश्वविद्यालयभन्दाबितिकै चाहिँ प्रशासनलाई जतिखेर तेतिखेर हामीले विभिन्न कारण चाहिँ त्यहाँ प्रवेश गराउने कुरा

सान्दर्भिक पनि हुँदैन । त्यसकारण सकोसम्म वार्ता, सहमित, संवादकै तरिका अपनाएर हामी समस्या हल गर्यौं भनेर धेरैपटक हामी छलफल गर्यौं र करिब करिब अहिले हामी एक प्रकारले ताला खुलेको र चाहिँ पढाइ पठनपाठन प्रक्रियाअगाडि बढेको अवस्था छ तर फेरि पनि म यो सम्मानित सदनबाट त्यस प्रकारका पक्षहरूलाई शिक्षासित सम्बन्धित सुधारका कुराहरू पुनर्विचार गर्नुपर्ने कुराहरू छन् भनेदेखि वार्ता, सहमित, संवाद कै प्रक्रियाद्वारा हल गरेर टेबुलमा आउनको निम्ति म अनुरोध गर्न चाहन्छु र मन्त्रालय मुकदर्शक बन्यो भन्ने कुरा साँचो होइन् । हामी सक्रिय भएर नै यी कामहरूमा अगाडि बढेको कुरा पनि म यहाँ व्यक्त गर्न चाहन्छु ।

माननीयज्यूहरू यहाँहरूले छुटफुट भएका यस प्रकारका जिज्ञासाहरू राखेर थप सहयोग गर्नुभएकोमा पुनः माननीयज्यूहरूप्रति आभार प्रकट गर्दै म बिदा हुन चाहन्छु । धन्यवाद । नमस्कार ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूः**</u>- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूको अनुमतिले सर्वप्रथम म पेट्रोलियम पदार्थमा २०७९ असार ५ गते गरिएको मूल्यवृद्धि र यसबाट विभिन्न उपभोग्य वस्तु र सेवाको बजार मूल्यमा समेत भएको वृद्धिका कारण सर्वसाधारणमा पर्न गएको पिर मर्काका सम्बन्धमा यस राष्ट्रिय सभा र प्रतिनिधि सभामा समेत प्रतिपक्ष र सत्तापक्षका माननीयज्यूहरूबाट भएको ध्यानाकर्षण र आम उपभोक्ता सर्वसाधारण नागरिकबाट व्यक्त भएको गुनासोहरूसमेतलाई ध्यानमा राख्दै पेट्रोलियम पदार्थमा नेपाल सरकारबाट हालसम्म लगाइँदै आएको करमा समायोजन गरी बिक्री मूल्य घटाउने सन्दर्भमा नेपाल सरकारले हिजो मिति २०७९ असाढ ११ गते गरेको निर्णयबारे यस सम्मानित सदनसमक्ष जानकारी

गराउन चाहन्छु । विगत केही समयदेखि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा देखिएको चरम अभाव र अत्याधिक मूल्य वृद्धिको असरबाट नेपाल पनि अलग रहेन सकेन । नेपाल आयल निगमको विद्यमान नीतिगत व्यवस्थाअनुसार खरिद मूल्य बढ्दा मूल्य बढ्ने र खरिद मूल्य घट्दा मूल्य घट्ने अवस्था रहेबाट केही समय निरन्तर मूल्यवृद्धिको चाप नेपाली जनताले सहनुपर्यो । सर्वसाधारण जनताले प्रयोग गर्ने दैनिक उपभोग्य वस्तु र सेवामा अनुभूति हुने गरी सहुलियत राहात र सुविधा प्रदान गरी दैनिक जनजीवन सहज र सरल गराउन यो सरकार प्रतिबद्ध छ ।

यसै निम्ति नीतिअनुरूप वर्तमान सरकारले विगतका सरकारहरूद्वारा पेट्रोलियम पदार्थमा वृद्धि गरेको करका दरमा पटक पटक भारी कटौती गरी पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरिएको छ । सरकारबाट मिति २०७९ जेठ १० गतेको मन्त्रिपरिषद्को बैठकले पेट्रोलमा रु. १० र डिजलमा रु. १० कर समायोजन गर्ने निर्णय गरेको र सोहीअनुरूप नेपाल आयल निगमले पहिले पनि प्रति लिटर डिजलमा रु. १० र पेट्रोलमा रु. १० घटाइ मूल्य समायोजन गरेको मूल्य थियो तर नेपाल आयल निगमलाई इन्डियन आयल कर्पोरेसनबाट पन्ध्र पन्ध्र दिनमा प्राप्त हुने मूल्य सूचीमा निरन्तर मूल्य वृद्धि भइरहेका कारण बाध्यात्मक रूपमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नुपरेको अवस्था रह्यो । यो बाध्यात्मक परिस्थितिलाई कसरी जनअनुकूल हुने गरी सम्बोधन गर्ने भन्ने विषय सबैको साझा विषय बन्न पुग्यो सांसदका दुवै सदनमा माननीयज्यूहरूले व्यक्त गरेका विचार सम्माननीय प्रधानमन्त्रीको चासो र निर्देशन तथा सत्ता गठबन्धनका नेतृत्वसमेतको छलफलको सुझावको आधारमा नेपाल सरकारले पेट्रोल र डिजेलमा विगतदेखि लगाई आइरहेको करमा पुनः भारी कटौती गर्ने निर्णय गरेको छ । सोही आधारमा नेपाल आयल निगम सञ्चालक समितिले मिति २०७९ असाढ १२ गतेदेखि लागु हुने गरी प्रति लिटर पेट्रोलमा रु. १९९ बाट रु. २० घटाई रु १७९ र डिजलमा प्रति लिटर रु. १९२ बाट रु. २९ घटाइ रु. १६३ मूल्य कायम गरेको छ । नेपाल सरकारले कर घटाउने गरी गरेको निर्णय र नेपाल आयल निगमले आजैदेखि लागु हुने गरी मूल्य घटाउने निर्णय गरेपश्चात् सर्वसाधारण उपभोक्ता, विद्यार्थी वर्ग तथा आम नागरिकलाई मूल्य वृद्धिबाट परेको समस्यामा अवश्य पनि केही राहात मिल्ने विश्वास सरकारले लिएको छ । लोकतन्त्रिक जनउत्तरदायी वर्तमान सरकार जनताको हित र चासोमा सदैव संवेदनशीलतापूर्वक क्रियाशील रहेको र सदैव सजक रहने बेहोरा यस सम्मानित सदनसमक्ष प्रष्ट पार्न चाहन्छु ।

पेट्रोलियम पदार्थको मूल्य घटेपश्चात् अन्य वस्तु तथा सेवामा पनि मूल्य घट्नु आवश्यक छ । यसको लागि विषयगत मन्त्रालय नियमक निकायहरूले आआफ्नो क्षेत्रबाट तथा संयुक्त रूपमा सदन अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । यो अनुगमन कार्यमा दुवै सदनका माननीयज्यूहरू, सरकारी निकाय,

स्थानीय प्रशासन, प्रदेश सरकार स्थानीय तहका सरकारहरू निजी क्षेत्र नागरिक समाज तथा मिडियाको सकारात्मक सहयोगको अपेक्षसमेत वर्तमान सरकार गर्दछ ।

सम्माननीय अध्यक्षज्यू यस सन्दर्भमा अब म नेपाल सरकारले आगामी दिनमा अवलम्बन गर्ने नीति तथा योजनाको बारेमा पनि थप स्पष्ट गर्न चाहन्छु । नेपाल आयल निगमको सुधारका साथै नेपालमा पेट्रोलियम पदार्थ र एलपी ग्याँसको आपूर्ति प्रणाली व्यवस्थित पारदर्शी प्रभावकारी बनाउनका निमित्त नेपाल सरकारले अपनाउनुपर्ने अल्पकालीन र दीर्घकालीन नीतिगत कानुनी एवम् संस्थागत सुधारलगायतका विषयवस्तुहरू समावेश गरी प्रतिवेदन पेस गर्न नेपाल सरकारले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको नेतृत्वमा उच्चस्तरीय अध्ययन कार्यदल गठन गर्ने निर्णय गरिसकेको विषयसमेत जानकारी गराउन चाहन्छु । सरकारी निकायको पेट्रोलियम पदार्थको उपभोगमा कम्तीमा पनि २० प्रतिशत कम गर्ने व्यवस्था मिलाउन नीतिगत निर्णय भइसकेको छ । आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत पहिलो चरणमा सिंहदरबार स्थिति सरकारी कार्यालयहरूबाट एलपी ग्याँस प्रयोगको वैकल्पिक उपाय अवलम्बन गर्ने नीतिगत व्यवस्था गरिएको छ । निगम सञ्चालक समितिको निर्णयअनुसार एलपी ग्याँसको घरयासी एवम् व्यवसायिक प्रयोगका लागि अलग अलग मूल्य कायम गर्न समितिका सदस्यको सँयोजकत्वमा सरोकारवालाको प्रतिनिधित्वसमेत रहने गरी उपसमिति गठन गरिएको छ र छिटै यो व्यवस्था कार्यान्वयनमा ल्याइने छ । सर्वसाधारणले खाना पकाउन प्रयोग गर्ने एलपी ग्याँसको खपत न्यूनीकरण गर्ने विद्युत्को खपत बढाउनु र विद्युत् महशुलमा सहुलियत दिई राहात प्रदान गर्ने र विद्युतीय चुलोको लगायत विद्युतीय सामग्रीको प्रयोग बढाउनका लागि करमा छुट प्रदान गर्ने तथा बढी विद्युत् प्रयोग गर्ने उद्योगलाई विद्युत् महशुल्कमा छुट नीति लिएको बेहोरासमेत म यस सम्मानित सदनसमक्ष जानकारी गराउँछु ।

सम्माननीय अध्यक्ष महोदय, अब म माननीयज्यूहरूबाट बजेट छलफलको क्रममा उठान भएका विषय तथा उद्योग वाणिज्य क्षेत्र कार्यक्रमको बारेमा स्पष्ट गर्न चाहन्छु ।

सरकारले देशभित्र उत्पादन वृद्धि रोजगारी सृजान र आयत व्यवस्थापन एवम् निर्यात अभिवृद्धिको लागि उच्च प्राथमिकताका साथ काम गरिरहेको छ । उद्योगिक विकासलाई टेवा पुऱ्याउन उद्योगिक व्यवसायक ऐन, २०७६ र नियमावली २०७८ विदेशी लगानी तथा प्रविधि ऐन, २०७५ तथा नियमाली, २०७७ र सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सालबसाली तर्जुमा हुने आर्थिक ऐन तथा मौद्रिक नीतिलगायतका उद्योग तथा वाणिज्यसम्बन्धी नीति एवम् कानुनमार्फत लगानी मैत्री र औद्योगिक प्रवर्धन मैत्री वातावरण बनाउन जोड दिइएको छ । औद्योगिक पूर्वाधार निर्माण गरी उद्योगमैत्री वातावरण निर्माणको लागि औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र मझ्यौला साना र घरेलु उद्योगहरूको प्रवर्धनका लागि स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने योजनालाई सरकारले रूपान्तरणकारी योजनाका रूपमा अगि बढाएको छ । औद्योगिक विकासलाई टेवा पुऱ्याउन सात स्थानमा औद्योगिक क्षेत्र तीन स्थानमा विशेष आर्थिक क्षेत्र SEZ र १०५ स्थानमा औद्योगिक ग्राम निर्माणको काम अगि बढाइएको छ । उद्योग स्थापनाका लागि भैरहवा SEZ सेमरा SEZ मा उद्योगीहरूलाई पल्ट उपलब्ध गराइएको छ । उपलब्ध गराइएका प्लटमा उद्योग स्थापना गर्ने तयारी अगाडि गरिएको छ । चालु आर्थिक वर्षको दस महिनामा आयात रु. १६ खर्ब ४ करोड रहेको छ भने निर्यात रु. १ खर्ब ७३ अर्ब करोड भई व्यापार घाटा १:९.३ को अनुपात रहेको छ ।

मुलुकको बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न व्यापार घाटा न्यूनीकरण गर्न रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । अन्तरिक उत्पदनमा वृद्धि गर्ने हेतु उद्योगलाई नीतिगत सहजीकरण र कर छुटलगायतका सुविधा एवम् निर्यातमा नगद अनुदानका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ । औद्योगिक नीति र पूर्वाधारमा सरकारले लिएको नीतिगत प्रबन्धले उद्योगमा २५ खर्ब ८१ अर्ब रुपियाँको लगानी पुगेको छ । जसमध्ये विदेशी लगानी तीन खर्ब ९९ अर्ब रुपियाँ रहेको छ । अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान ५.६ प्रतिशत रहेको र उत्पादनमूलक पर्यटनमूलक सेवामूलक उत्पादनमूलक उद्योगमा लगानी निरन्तर वृद्धि भइरहेकोले यो योगदान बढ्दै जाने अपेक्ष छ । वार्षिक श्रम बजारमा आउने करिब पाँच लाख युवाहरूमध्ये करिब १ लाख ४१ हजार युवालाई उद्योग क्षेत्रबाट प्रत्यक्ष रोजगारी उपलब्ध गराउने गरी कार्यक्रमहरू तर्जुमा गरिएका छन् यसै गरी युवा उद्यामी र नवप्रवर्तन प्रवर्धनका लागि startup को निरन्तरताको साथै कार्यक्रमका सातओटै प्रदेशमा Business Incubation Center खोल्ने कार्यक्रम रहेको छ ।

सम्माननीय अध्यक्षज्यू, स्वदेशी उत्पादनको अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउन अदुवा, अलैची, चिया, कफी, जडिबुडी, पसमिना निर्यातको लागि प्रशोधन र Branding गर्नुका साथै गुणस्तर प्रशिक्षण गर्न गुणस्तरीय ल्याब स्थापना गर्न कार्यक्रम राखिएको छ । निर्यात प्रोत्साहनका लागि निर्यातमा नगद अनुदानसम्बन्धी कार्यविधि संशोधन कार्यअगाडि बढाइएको छ । नेपाली उत्पादनको निर्यातमा उच्चतम प्रर्वधन गर्न कम तौल भएका बढी मूल्य भएका वस्तु High valued COPS को निर्यातलाई प्राथमिकतामा जोड दिने नीति अवलम्बन गरिएको वैदेशिक व्यापार सहजीकरणको लागि भन्सारजन्य र गैरभन्सारजन्य अवरोधनहरू गर्न मन्त्रालयले संवद्ध मन्त्रालयहरूसँग समन्वय गरिरहेको बेहोरा म जानकारी गराउन चाहन्छु । स्वदेशी उत्पादन र हेटौंडा कपडा उद्योग र बन्द रहेका साना सार्वजनिक क्षेत्रका अन्य उद्योगहरू सम्भाव्यताका आधारमा र उपयुक्त ढाँचामा पुनर्सञ्चालन गर्ने कार्यक्रम रहेको छ । निजीकरण भइसकेका सार्वजनिक संस्थानहरूको सम्पत्तिको अभिलेखन कार्य अगाडि बढाइएको छ । कालो बजारी तथा कृत्रिम अभाव रोक्न वाणिज्य तथा उपभोग हित संरक्षण विभागले स्थानीय प्रशासनको समन्वय बजार अनुगमन गरेर नियमित गर्ने गरेको छ । चालु आर्थिक वर्षको यो अवधिमा कुल २८३५ व्यापारिक फर्महरूमा अनुगमन निरीक्षण गरी १२४३ ओटा फर्मलाई विभिन्न कसुरमा कारवाही गरी रु. १ करोड ५८ लाख १  हजार जरिबान गरिएको छ । भने म्याद नाघेका रु. ५४ लाख ५६ हजार मूल्य बराबरका मालवस्तु नष्ट गरिएको छ । म्याद नाघेका लेबल नलगाएका रिलेबलिङ गरिएका बिनाइजाजत कारोबार गरिएका प्रचलित कानुनले तोकिएको अवस्था सर्त र प्रक्रिया पूरा नगरी बेच बिखन गरिएका वस्तु तथा सेवाको हकमा उल्लेखित कारबाहीको गरिएको हो ।

सबै वस्तु तथा सेवाको बजार अनुगमन अनुगमनसम्बन्धी कार्यलाई अझै जिम्मेवार र प्रभावकारी बनाउन मासिक कार्ययोजना बनाई अनुगमन गर्ने प्रावधान राखी संयुक्त बजार अनुगमन निर्देशिका, २०७९ हालै मन्त्रालयबाट स्वीकृत गरिएको छ यसको कार्यान्वयन सँगसँगै बजार अनुगमन कार्यले अझ तीव्र गति लिने र अझ तिव्र गती लिने र प्रमाणमुखी हुने अपेक्ष गरिएको छ । बजार अनुगमनलाई अझै प्रभावकारी र सशक्त बनाउने प्रयोजनका लागि सबै जिल्ला प्रशासन कार्यलायका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरीक्षण अधिकतको रूपमा अधिकार प्रत्यायोजन गरी बजार अनुगमनको जिम्मेवारी तोकिएको छ । निजा अधिकृतहरूले मासिक कार्ययोजना बनाई नियमित बजार अनुगमन गराउने व्यवस्था मिलाउन गृह मन्त्रालयमार्फत अनुरोधसमेत गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, तुलनात्मक लाभ र प्रतिशपर्धी क्षमताका वस्तु स्वेदशमै उत्पादन गर्ने कृषि तथा खाद्ययान्त्र वन पैदावर तथा औद्योगिक उत्पादनमार्फत आयात व्यवस्थापन र निर्यात प्रवर्धन गर्ने उद्योगिक उद्यमशीलतामार्फत रोजगार र स्वरोजगारको अवसर सृजना गर्ने गरी प्रधानमन्त्री राष्ट्रिय उत्पादन तथा उपभोग कार्यक्रमलाई २०७९ देखि एक दशकसम्म सञ्चालन गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ । यस कार्यक्रमको कार्यान्वयनले उत्पादनशील क्षेत्रमा अन्तरिक तथा वैदेशिक लगानीमा वृद्धि हुने औद्योगिक पूर्वाधारको विकास हुने प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने प्रविधिको विकास हुने साना तथा मझ्यौला उद्योगहरूको प्रवर्धन हुने अपक्ष गरिएको छ ।

निजी क्षेत्रको तर्फबाट सरकारको समन्वयमा Make in Nepal र Made in Nepal का कार्यक्रममा सञ्चालनमा आइसकेका छन् । यी कार्यक्रमको कार्यान्वयनले नेपाली उत्पादन वृद्धि गरी आत्मनिर्भर उनमुख अर्थतन्त्र निर्माण गर्न सहयोग नेपाली उपभोक्तालाई स्वदेशी उत्पादनको उपभोग गर्न प्रोत्साहन नेपाली उत्पादनको बजारीकरण गरी विश्व बजारमा नेपाली वस्तु र सेवाको उपलब्धता बढाउने र देशभित्रै रोजगारीको पर्याप्त अवसर सृजना गर्न सहयोग हुने जानकारी गराउन चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७९/८० को विनियोजन विधेयकमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई गरिएको विनियोजन सम्बन्धमा माननीयज्यूहरूबाट व्यक्त विचार तथा सुझावहरूको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु । माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्मानीय अध्यक्ष महोदय, मैले बजेटको बुँदाङ्क नम्बर एकासीमा नीतिगत भ्रष्टचारको गन्ध देखेको छु भनेर बोलेको थिएँ

र त्यहाँ विशेष गरी उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदबन्धीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन बिक्री गर्न पाउनेलगायतका विषय त्यहाँ राखेको छ । यसको जवाफ नै आएन नम्बर एक । नम्बर दुई हाम्रो जीडीपी मा उत्पादनमूलक उद्योग क्षेत्र योगदान आर्थिक वर्ष ६९/७० मा ६.३१ प्रतिशत थियो । आर्थिक वर्ष ७८/७९ मा ५.६५ प्रतिशत छ भर्खरै मन्त्रीज्यूले एउटा राम्रो कुरा भन्नुभा' छ । उत्पादनमूलक उद्योगमा हामी अहिले श्रम बजारमा जुन ५ लाख जनशक्ति आइरहेको छ हरेक वर्ष । एक लाख चाहिँ उत्पादनमूलक उद्योगहरूमा हामी मिलाउछौँ त्यहाँ व्यवस्थापन गर्छौं भन्नुभा' छ । अब हाम्रा भएका एघारओटा औद्योगिक क्षेत्रको स्थिति बेहाल छ । प्रदेशले कि राम्रो सित ती चला हैन भने हामीलाई दे पनि भनिरहेको छ । उता औद्योगिक क्षेत्रको स्थिति बेहाल छ । यता उत्पादनमूलक उद्योगमा अझ एक लाख थप श्रमिकहरूको व्यवस्थापन मिलाउछौँ पनि भन्नुभा' छ । यसको पनि जवाफ स्पष्ट आइदिए हुन्थ्यो । हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सिंग बहादुर विश्वकर्मा ।

**<u>माननीय श्री सिंग बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, जेठ १५ गतेको बजेट भाषणमा पनि अर्थमन्त्रीज्यूले पनि नेपाल ओरयिन्ट म्याग्नेसाइट भन्ने यहाँ आवाज बनाउन यहाँ प्रस्तुत गर्नुमोथ्यो र मैले हाम्रो यस गरिमामय सदनबाट नेपाल ओरियर्ट म्याग्नेहरूको बारेमा मैले एकदम एउटा विस्कृत उद्योगमन्त्रीज्यूले टिपोट पनि गर्नुभयो होला सोचाई गरेको थियो । त्यो मैले राखेको जुन उद्योगसम्बन्धीको एउटा पनि जवाफ आएन त्यसको जवाफ माग्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**-ः माननीय सदस्यहरू, अब म मानननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्रप्रसाद बडूः</u>**- सम्माननीय अध्यक्ष महोदय, अब यो हदबन्दीभन्दा बढी जग्गाका सन्दर्भमा हाम्रो बजेट वक्तव्यको क्रम सङ्ख्या ६५ मा हो क्यारे भएको छ । यससम्बन्धी व्यवस्था चर्चा भा'को छ । यो मलाई पनि जानकारी के थियो भने जुन दिन हाम्रो छलफल भइरहेको थियो त्यो दिनको प्रश्नभन्दा पनि त्योभन्दा पहिलै सोधिएकै यहाँ व्यक्त भएको रहेछ र त्यसबारे मैले जानकारी लिएको छु यो केभन्दा यो हदबन्दीमा भन्दा बढी जग्गा के गर्ने ? भन्ने सन्दर्भमा कुनै निर्णय भइसकेको छैन तर यसमा पुनरावलोकन गरिने छ भनिएको छ । यसको तयारी पहिलो त भूमि सुधार मन्त्रालयले गर्ने छ र यसमा व्यापक छलफल भई आवश्यक निर्णय लिइने छ । यसबारे कुनै पुनरावलोकनको निर्णय भइसकेको अवस्था छैन । प्रस्तावित छ र छलफल हुन्छ । अनि मात्रै यसबारे कुनै उपयुक्त निर्णय लिइने छ । जुन विषय फेरि संसदको विषय पनि बन्द छ । ऐन परिवर्तन गर्ने विषय ।

त्यसकारणले अरू विषय अब अवश्य पनि हामीले रोजगारी बढाउने उत्पादन बढाउने उत्पादनको उपभोग बढाउने नीतिगत र मूल नीति नै अहिलेको बजेटको हो र त्यस सन्दर्भमा हामीले गर्ने भनेकै के उपाय हुन सक्दछन् त । अब अहिलेको अवस्थाको भन्दा हामी दस वर्षमा अगाडि पुग्नाका निमित्त केही नीतिगत केही समय र उपलब्धिलाई टार्गेट गरेर गरिने ढङ्गले हामी अगाडि बढिरहेका छौं तयारी भइरहेको छ । यो पारित हुनेबित्तिकै मोडालिटी  तयार गर्छौं त्यसको निमित्त तयारी भएको छ अन्तिम निर्णय हुन त्यसपछि एउटा आकार लिन्छ त्यो निर्णयले र त्यसका निमित्त हामीले अहिले चलिरहेका उद्योगहरूको क्षमता बढाउनुपर्ने आवश्यकता छ । कतिपय उद्योगहरू आफ्नो पूर्ण समक्षतामा चलिरहेका छैनन् एउटा रियोर्टले दिएको छ । साठीदेखि सत्तरी percent को क्षमता मात्र उद्योगहरूले अहिले सञ्चालन ल्याएको छ । त्यो उद्योगको पूर्ण क्षमताका साथ चलाउनुपर्ला रूग्ण उद्योगहरू जो अहिले बन्द प्राय छन् । तिनीहरूलाई सञ्चालनका निमित्त उपयुक्त  मोडालिटी बनाउने उपयुक्त ढाँचामा तिनीहरूलाई सरकारले स्वयम् वा सरकार र निजी क्षेत्रको पीपीपी मोडल वा त्यसभन्दा अतिरिक्तङ्क लामो लिजमा दिएर पनि चलाउन निजी क्षेत्रले पनि सक्दछ । सरकारलाई दिने राजस्वमा सन्दर्भमा हामीले यो नितिगत बाटोमा जानुपर्ने आवश्यकता छ । किन भने मूल नीति नै हामी बन्द रहेका उद्योगहरू चलाउन सक्यौं भने सबभन्दा पहिले त रोजगारीमै असर पर्छ । रोजगारी वृद्धि हुन्छ नै । अब त्यसले दिने उद्योगको प्रतिफल र रोजगारीमा हामी कति दिउँला त्यसका

निमित्त पनि हामी यी सबै विधिहरू अपनाउनुपर्ने हुन्छ र यहाँहरूलाई जरुर पनि जानकारी छ ।

ग्रामीण क्षेत्रमा ग्रामीण ग्राम उद्योगहरूको स्थापना गर्नेको उद्देश्य पनि मझ्यौला, साना, घरेलु उद्योगहरूले पनि एउटा Startup प्रयोग विधिबाट हामीले सहयोग पुर्याउने । सिड मनी दिने र उनीहरूलाई स्थानीय तहले पनि तिनीहरूलाई ठाउँ दिने औद्योगिक ग्रामका निमित्त एउटा त्यो पनि नीति छ भने त्यसभन्दा अतिरिक्त विशेष आर्थिक क्षेत्र specially economic zone हरूलाई सञ्चलानमा ल्याउने र अहिले पनि औद्योगिक क्षेत्र जति सञ्चालनमा आउन सकिरहेका छन् । तिनलाई पनि अगाडि बढाउने पूर्वाधार त्यसरी दिने र समग्रमा मुलुकको अर्थतन्त्रलाई आत्मनिर्भरतातिर लैजाने प्रयत्न यो अहिलेको बजेट वक्तव्यले गरेको छ सरकारको त्यो नीतिले रहेको छ । र अब यी सबै प्रयत्नपश्चात् अवश्य पनि आजको भन्दा बढी रोजगारी बढाउने र उत्पादन बढाउनेतिर हामी जान्छौँ र दस वर्षमा एउटा परिणाममा हामी पुग्छौँ । यो एउटा मूल हयेय लिएर यो अहिलेको बजेट आएको छ । त्यसकारण उद्योगको निमित्त गर्नुपर्ने आवश्यक आथिकनीतिहरू मौद्रिक नीतिहरूमा काहाँ के सुधार गर्न सकिन्छ । कि निजी क्षेत्रलाई पनि एउटा जिम्मेवारीका साथ सम्रग अर्थतन्त्रमा जोडन सकिन्छ र उसका निमित्त चाहिने नीतिहरूमापनि हामी पुनरावलोकन गर्ने विषय बजेट बोलेको छ । यो सम्रग प्रयत्नको उद्देश्य नै मुलुकमा औद्योगिक रूपमान्तरण गर्ने र उद्योगका मार्फत अहिले रोजगारीहरू थप रोजगारी सृजना गर्ने र मुलुकको भइरहेको जुन परनिर्भरता छ आयातमाथि त्यसलाई सक्दो किसिमले व्यवस्थापन गर्ने र निर्यातमुखी प्रवर्धन गर्नका निमित्त विविध आर्थिक सहयोगहरू गर्ने र अनुदान दिने जस्ता कार्यक्रमहरू अहिले बजेट वक्तव्यमा उल्लेखित हँदै छ र त्यसका मार्फत हामी निर्यातजन्य व्यवसायलाई अगाडि बढाउन सक्यौं भने हामी विदेशी मुद्राको संञ्चिति पनि बढाउन सक्ने अवस्था बन्छ । त्यसकारण यी समग्र हाम्रा प्रयत्नहरू मुलुकको अर्थतन्त्रलाई आत्मनिर्भरतातिर लैजाने मुलुकमा उद्योगहरूको स्थापनामा थप क्रियाशीलत र योजनासहित अगाडि बढ्ने रोजगारी सृजना गर्ने भन्ने उद्देश्य नै अहिलेको बजेटले लिएको कुरा म यहाँ सम्मानित सदनमा माननीय सांसदज्यूहरूलाई जानकारी गराउन चाहन्छु हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादवलाई कृषि तथा पुशपन्छी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको  छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादव</u>ः- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरूअन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सम्बन्धित छलफलमा सहभागी भई आगामी आर्थिक वर्ष ७९ र ८० कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि प्रस्तावित बजेटमा कार्यक्रम सम्बन्धमा सुझाव र जिज्ञासा एवम् प्राप्त राख्नुहुने माननीयज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । छलफलको क्रममा माननीयज्यूहरूले विभिन्न विषयहरूमा आआफ्नो धारणा राख्नुभएको थियो । यस क्रममा अधिकांश माननीयज्यूहरूबाट आसन मुख्य सिजनको धान बालीको सन्दर्भमा भइरहेको रासायानिक मलको अभाव र मलको आपूर्ति व्यवस्था र मलको दीर्घकालीन सम्धानका विषयमा गम्भीर चासो राख्नुभएको थियो ।

त्यसै गरी पुशपन्छी भ्याकसिनको आयात, निर्यात प्रविधिक जनशक्ति तथा प्रविधि र हस्तान्तरणको राष्ट्रिय खाद्यान मिसन कार्यक्रम, कृषिमा आत्मनिर्भरसम्बन्धी कार्यक्रम, कृषि बिमा कृषि वस्तुका मूल्य निर्धारण, उखु किसानको उत्तानी, कृषि बजार पूर्वाधार, सामूहिक खेती सामूहिक नदी उकासका क्षेत्रहरूलाई कृषिमा उपयोग गर्ने, मल कारखान खोल्ने नेपालीहरूको नेपालीहरूले टेन्डर प्रक्रियामा भाग लिने र कृषि ऐन, निर्माण जस्ता महत्तवपूर्ण विषसहरूमा महत्त्वपूर्ण जिज्ञासा र सुझावहरू प्राप्त भएको थियो ।

सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले उठाउनुभएको विषयमा प्रवेश गर्नपूर्व कृषि तथा पुशपन्छी क्षेत्रको समग्र सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु । करिब साठी प्रतिशत जनसङ्ख्या रोजगारी जीविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको भए तापनि यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा पनि २३.९ प्रतिशतले योगदान रहेको छ । यस दिशामा वर्षमा कृषि तथा पशुपन्छी क्षेत्रमा कुल राष्ट्र बजेटको २.५ प्रतिशत हाराहारीमा मात्र बजेट विनियोजन हुने गरेको छ । विगत यस वर्षको कृषि तथा पशुपन्छी क्षेत्रको औषत वृद्धिदर तीन प्रतिशतको हाराहारीमा रहेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय विगत पाँच वर्षको औषत खर्च गर्ने क्षमता ८० प्रतिशतको हाराहारीमा रहेको छ । मुख्य

बालीको रूपमा रहेको धानको उत्पादन उत्पादक्तोको विगतमा वर्षहरूमा वृद्धि हुने क्रममा नै रहेकोमा चालु आर्थिक वर्षमा बेमौसम बर्षाको कारण करिब ८.७४ प्रतिशतले कमी आएको अवस्था छ । धानबाहेकका अन्य कृषिजन्य बालीहरूको उत्पादन उतपादकत्व विगतको तुलनामा वृद्धि हुने अनुमन गरिएको छ । मकैमा करिब ४ प्रतिशतले, गहुँमा करिब १ प्रतिशतले आलु र तरकारी फलफूलमा ४ प्रतिशतले, चियामा १८ प्रतिशतले, कफीमा ६० प्रतिशतले, माछामा १२ प्रतिशतले, अलैचीमा ४० प्रतिशतले, अदुवामा १३ प्रतिशतले, लसुनमा २३ प्रतिशतले बेसारमा १८ प्रतिशतले । हाराहारीमा गत आ. व. को वृद्धि हुने अनुमान गरिएको छ ।

चालु आ. व. ७८/७९ को आठ महिनाको कृषि तथा पशुपन्छी आयातको अवस्था विश्लेशण गर्दा विशेष गरी धान, चामल, स्याउ, केरउ, आलुमा आयात बढ्दो क्रममा देखिएको छ । चालु आर्थिक वर्षको आठ महिनामा धान चालममा ३७ अरब ३५ करोड, मकै १४ अरब २९ करोड, गहुँ ५ अबर ३७ करोड, आलु ६ अरब ३५ करोड, प्याज २ अरब १२ करोड, स्याउ ५ अरब ७ करोड, गोलभेडा ४ करोड ९७ लाख, केरा १ अरब १६ करोड, खसी ४३ करोड रुपियाँ बराबरको आयात भएको देखिन्छ भने चिया, कफी, अदुवा, अलैची र छुर्पी जस्ता कृषि उपजको निर्यात भएको छ ।

सम्माननीय अध्यक्षज्यू, अब आगामी आर्थिक वर्षमा प्रस्तावित समग्र कार्यक्रमको उद्देश्यबारे प्रकाश गर्न, प्रकाश पर्न चाहन्छु । वृहत उद्देश्य-कृषि क्षेत्रलाई सम्मानित मर्यादित एवम् नाफामूलक व्यवसायकको रूपमा स्थापित गर्दै स्थानीय तहको नेतृत्व र तीनै तहको समन्वयमा मुलुकलाई मुख्य मुख्य बाली र वस्तुमा आत्मनिर्भर गराउँदै । खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गराउनु । मुख्य उद्देश्यहरू-प्रमुख कृषि पशुजन्य बाली वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयात प्रतिस्थापन गर्ने । यसपालिको बजेटले पनि ३० प्रतिशत आयातलाई प्रतिस्थापन गर्ने लक्ष्य लिएकोले कृषि तथा पशुपन्छी बजार, सित भण्डार, बिउ भण्डार, बिउ, मकै, custom hiring center post, harvest center जस्ता कृषि पूर्वाधारको विकास गर्ने पशुपन्छी रुख तथा महामारीको प्रभावकारी रोगथामको नियत्रण गर्ने कृषि अनुसन्धानलाई प्रभावकारिता बनाउँदै हाइब्रिड जातको हाइब्रिड जातको विकास तथा नयाँ नश्लहरूको विकास गर्ने कृषि तथा पशुपन्छी क्षेत्रमा देखिएको प्राकृतिक एवम् अन्य जोखिमलाई न्यूनीकरण गर्ने कृषि क्षेत्रलाई नाफामूलक व्यवसायकको रूपमा विकास गर्दै युवावर्गलाई यस क्षेत्रमा आकर्षित गर्ने ।

किसानको सूचीकारण गर्दै क्रमशः परिचयपत्र उपलब्ध गराउने कृषि विकासको कार्यक्रममा आवद्ध गर्ने कृषि जैविक विविधताको संवर्धन प्रवर्धन, संवर्धन र प्रवर्धन र सदुपयोग जलवायु मैत्री प्रविधि र स्वच्छ खाद्य उत्पादन पद्धति अवलम्बन गरी दिगो कृषि प्राणालीको विकास गर्ने ।

सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारले विभिन्न बालीहरूको लागि आवश्यकता आधारभूतहरू पोषक तथा तत्वका रूपमा रहेको नाइट्रोजन, फोस्फोरस, पोटास तत्व उपलब्ध गराउने र रसायानिक मलमा लागत र सहभागितामा आधारित किसानहरूलाई अनुदान उपलब्ध गराउने नीति लिँदै आएकोअनुरूप युरिया, डिएपी पोटास मलहरू अनुदानित शुल्भ मूल्यमा किसानहरूलाई उपलब्ध गराउने गरेको छ ।

आ. व. २०७८/८९ को लागि रसायानिक मलको लागि रु. १५ अरब विनियोजन भएको छ भने थप मल आयात व्यवस्थाको लागि दुईपटक गरी १२ अरब ७१ करोड रुपियाँ स्रोत सुनिश्चित प्राप्त भएको छ । जम्मा रकम रु. २७ अरब ७१ करोड कृषि तथा पुशपन्छी विकास मन्त्रालय रसायानिक मलको सहज आपूर्तिको लागि निरन्तर प्रयास रहे तापनि विश्व बजारमा आएको मलका मूल्य उतार चढावको कारण मल आपूर्तिमा असहज भएको छ । यस अवधिमा मल आपूर्तिको लागि कृषि सामग्री कम्पनी लिमिटेडले १ लाख ५५ हजार मेट्रिक टन साल्ट ट्रेडिङ कर्पोरेसनले १ लाख १७ हजार मेट्रिक टन जम्मा २ लाख २२ हजार मेट्रिक टन रसायानिक मल विभिन्न आपूर्ति कर्ताले सम्झौता समयभित्र उपलब्ध नगराएकोले मल आपूर्तिमा अभाव सृजना भएको हो । यस समयभित्र मल उपलब्ध गराउन नसक्दा त्यस्ता आपूर्ति कर्ताहरूको ठेक्का रद्द गरी कारबाहीको प्रक्रियामा समेत अगाडि बढाइएको छ ।

चालु आर्थिक वर्षको हालसम्म आयात भएको १ लाख ५३ हजार मेट्रिक टन र गत आ. व. को मौजात करिब ४४ हजार मेट्रिक टन गरी जम्मा १ लाख ९७ हजार मेट्रिक टन रसायासिक मल हालसम्म आयात भई वितरण भइसकेको छ । नियमित रूपमा ग्लोबल टेन्डरको अभाव अलवा नेपाल सरकारको प्रमुख बालीको सिजनमा हुने मल अभावलाई कम गर्न र रसायानिक मलको सहज आपूर्ति उपलब्ध गराउने ध्येयको साथ नेपाल सरकारले भारत सरकारसँग G to G प्रक्रियाबाट आगामी ५ वर्ष, ५ वर्षमा ५ लाख ६५ हजार मेट्रिक टन युरिया ३ लाख ७० हजार मेट्रिक टन डीएपी मल खरिद गर्ने गरी सम्झौता गरेको छ ।

धान बालीको सिजनमा मलको आपूर्तिलाई सहजता प्रदान गर्न । यस आ. व. को लागि १ लाख ५० हजार मेट्रिक टन रसायानिक मल भारत सरकारबाट यसै सम्झौताअन्तर्गत खरिद गर्ने प्रयास भइरहेको छ । यस सम्झौताको अन्तर्गत खरिद प्रक्रियाअगाडि बढाउन नेपाल सरकारको तर्फबाट कृषि सामग्री कम्पनी लिमिटेड भारत सरकारसँग राष्ट्रिय केमिकल एन्ड फटिलाइजर लिमिटेड मल खरिद प्रक्रिया अगाडि तोकिएको छ । यसै कम्पनीहरू यसै कम्पानीहरूको बिचमा विभिन्न चरणमा वार्ता र छलफल भई खरिद सम्झौताको अन्तिम चरणमा रहेको छ । केही समयअगिदेखि विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारण खाडा भएको विषय परिस्थिति र अन्तर्राष्ट्रिय रूपमा रसायानिक मलको उत्पादन आएको ह्रास विभिन्न प्रकारका इन्धनको उत्पादनमा भएको गिरावाट र मूल्य वृद्धिको कारण रसायानिक मलको अन्तर्राष्ट्रिय बजारमा मूल्यमा तीब्र वृद्धि भई सहज आपूर्ति ठुलो व्यवधान आएको छ । यसै बिचमा रसायानिक मल तथा इन्धनको प्रमुख उत्पादन क्षेत्र रूपमा रहेको रुस युक्रेनको बिचमा बढ्दो तनाव र पछिल्लो समयमा सुरु भएको युद्धले कोभिड-१९ का कारण बिथोलिएको रसायानिक मलको बजारमा थप वाधा परेको छ ।

यसै परिस्थितिमा फलस्वरूप रसायानिक मल अन्तर्राष्ट्रिय मूल्यमा अप्रत्यासित वृद्धि भएको छ । गत आ.व. मा जेठ महिनामा औषत युरियाको मूल्य करिब ५५ के.जी. र DAP को मूल्य करिब ८२ के.जी. रहेकोमा हाल अन्तर्राष्ट्रिय बजारमा युरियाको मूल्य करिब ९८ रुपियाँ प्रति के.जी. DAP को मूल्य करिब १५० रुपियाँ प्रति के.जी. रहेको र जुन गत आ.व. को सोही अवधिमा मूल्यभन्दा निकै बढी रहेको र चालु आ.व. को मल आपूर्ति मुख्य सिजनको माघ र फाल्गुन मसान्तको दौरानमा युरियाको मूल्य प्रति रु. १३९ प्रति के.जी. DAP को मूल्य बढीमा १६८ रुपियाँसम्म पुगेको थियो । हाल सरकारले रसायानिक मलको मूल्य प्रणालीअनुसार आयात बन्दुमा युरियाको मूल्य रु. १५ के.जी. र DAP को मूल्य ४४ रुपैयाँ के.जी. रहेको छ । यसरी सरकारले कृषि उत्पादनलाई प्रवर्धन गर्न ठुलो रकम अनुदानमा प्रभाव गरेको छ र आपूर्ति सहज बनाउन कठिनाइ रहेको छ । विगत पाँच वर्षको मल आपूर्तिमा लग्ने समयको अध्ययन गर्दा बोलपत्र प्रकाशित भएदेखि नेपालको गोदाममा मल पुग्न औषत २२६ दिन लाग्ने गरेको छ । यसले मल आपूर्तिको लामो जोखिमपूर्ण श्रृङ्खलालाई देखाउछ र लक्षित समयमा रसायानिक मलको आपूर्ति गर्न २२६ दिन २६ दिनअगाडि प्रक्रिया सुरु गर्न आवश्यकतालाई जनाउँछु । यस परिपेक्षमा रसायानिक मलको श्रृङ्खला आएको

व्यवधानको कारण आज्ञातित आपूर्ति हुन नसकेको हालको अवस्था निम्नअनुसार रहेको छ ।

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले खरिद गर्ने बिस हजार मेट्रिक टन डीएपी प्राप्त भइरहेको र २२ हजार मेट्रिक टन युरिया जेठको अन्तिम हप्तादेखि प्राप्त सुरु हुने कृषि सामग्री कम्पनी लिमिटेड खरिद गर्ने ३० हजार मेट्रिक टन युरिया असारको अन्तिम हप्तासम्म प्राप्त हुने र बिस हजार मेट्रिक टन DAP असारको तेस्रो हप्ता प्राप्त हुने सुरु हुने सम्भावना रहेकोले DAP असारको अन्तिमसम्म सम्भावना रहेको छ । G to G को माध्यमबाट भारत सरकारबाट मल खरिदअन्तर्गत ५० हजार मेट्रिक टन युरिया ३० हजार मेट्रिक टन DAP । असारको अन्तिम अन्तिम हप्तासम्म आउने सम्भावना रहेको छ । यसरी आगामी असार मसान्तसम्म करिब १ लाख ९२ हजार मेट्रिक रसायानिक मल प्राप्त हुने र चालु मुख्य सिजनको लागि उक्त मल उपलब्ध गराउने जानकारी यस सम्मानित सदनसमक्ष गराउन चाहन्छु । यसरी स्थानीयस्तरमा प्रारङ्गिक मल प्रवर्धन र सातै प्रदेशमा प्रारङ्गिक मल कारखाना स्थापनाको लागि २१ करोड रकम विनियोजन गरिएको पनि यस सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यो मलको जुन कहिले नेपालमा अवस्था छ । यसको टेन्डर प्रक्रियाबाट जुन अवस्थाबाट मुलुकले सरकारको बजेटको बजेट पनि विनियोजन हुने किसानले कहिले पनि समयमा मल उपलब्ध नहुने । यसको मुख्य कारण के हो भने कृषि सामग्री कम्पनीबाट जुन खरिद प्रक्रियाबाट छ । २२६ दिन लाग्दो रहेछ यसै बिचमा हाम्रो ४५ दिन ४५ दिन, टेन्डरको म्याद हुन्छ र अन्तर्राष्ट्रिय बजारमा अहिले आठदेखि दस दिनभित्रमा मूल्यको उतार चढाव हुन्छ । त्यसकारणले यहाँ ठेक्केदारहरूले लिएको मलखादहरूको मूल्यको वृद्धिले गर्दा । यो धेरै ठेक्केदारहरूले आफ्नो ठेक्का प्रक्रियामा होइन रद्दको प्रक्रियाहरू अगाडि बढेको छ । त्यसकारणले नेपाल सरकारले अब पुरानो प्रक्रियालाई परिवर्तन गर्नुपर्ने हुन्छ । यो मलखादको आपूर्ति व्यवस्था गर्नको लागि सबभन्दा पहिले नेपालमा मल कारखाना स्थापना हुनुपर्ने । यो धेरै जटिल छ । धेरै लामो समय धेरै लामो समय कुरा उठ्दै आएको । दोस्रो विकल्प भनेको अन्तर्राष्ट्रिय मूल्य बजारमा जसरी आयाल निगम तलको मूल्यमा तलमाथि हुन्छ । त्यसैको आधारमा मलखादमा पनि हुन्छ । त्यसरी नै आयाल निगम जस्तै एउटा शाखा खोलेर त्यसको व्यवस्थापन गर्नु दोस्रो यसको विकल्प हो ताकि समयमै किसानले पाउँछ । तेस्रो विकल्प के हो भने हाम्रो देशलाई अहिले चाहिने दस हजारदेखि १२ लाख मेट्रिक टन हो युरिया

र DPA मिलाएर पोटास मिलाएर, त्यसको लागि G to G कै माध्यमबाट तेस्रो विकल्प हो । र अहिले भारत सरकारसँग डेढ लाख मेट्रिक टन फेब्रुअरीको २८ तारिक G to G भएको, सम्झौता भएको हो, MOU भइसकेको र अहिलेसम्म के भने अन्तर्राष्ट्रिय बजारमा पनि मलखादको अभावको कारणले अहिले नेपाल-भारत सरकारसँग दुई चरणमा ५० हजार र ३० हजार मेट्रिक टन पहिले चरणमा यो असारको खेतीको लागि दोस्रो त्यसको प्रक्रिया दोस्रो चरणमा दिने कुराहरू सहमति भएको अस्ति दिल्ली जाँदाखेरि कुरा भएको र भारत सरकारले पनि हामीलाई अब साढे तीन लाख मेट्रिक टनको अहिले अभाव छ र हामीले आग्रह गर्‍यौं । त्यहाँ मन्त्रीसँग कुरा हुँदाखेरि साढे तीन लाख मेट्रिक टन भारत सरकारले पुनः दिने त्यसपछि पहिलेको आइसकेपछि साढे तीन लाख मेट्रिक टनको G to G को लागि प्रक्रियाअगाडि बढ्छ । भारत सरकारले ५ लाख मेट्रिक टन हामीलाई दुइटै मिलाएर युरिया र DAP दियो भने मलाई लाग्छ कि यो समयमै अब आउने दिनमा समयमै उपलब्ध हुने अवस्था छ ।

सम्माननीय अध्यक्षज्यू, अस्ति चाहिँ अब विगतमा हैन प्रतिनिधि सभामा मैले राखेको थिएँ । कि असारको १५ गतेसम्म हैन केही न केही मल आउँछ । अहिले नेपालमा आजको दिनसम्म करिब करिब ३५ मेट्रिकटन अहिले आइसकेको छ । १ हजार २ बोरा अहिले वीरगञ्जको गोदाममा राखिएको छ । १७ हजार बोरा विराटनगरको त्यहाँ गोदाममा राखिएको छ । र आज बिहान पनि कलकताबाट अब ट्रेन हिँडिसकेको छ । १ हप्ता १० दिनको भित्रमा २२ हजार मेट्रिकटन युरिया साल्ट टेडिङले ल्याउने प्रतिबद्धता जनाएको छ र साढे ८ हजार डीएपी ल्याउने त्यो लोड भइसकेको छ । आज साँझमै या बिहानै पुग्छ । त्यसरी नै कृषि सामग्री संस्थानले ३० हजार मेट्रिकटनको टेन्डर भइसकेको छ । त्यो पनि ल्याउने प्रक्रियामा छ । त्यो मलखाद पनि असारको अन्तिम हप्तासम्म आउने यसको बढी सम्भावना छ । किन कि अरू देशमा हैन परेकोले यसलाई सम्भव नै भित्र राख्नुपर्ने हुन्छ । हाम्रो प्रयास अहिले पनि भइरहेको छ । र भारत सरकारसँग आज १ हप्ता देखि हाम्रो यहाँको कृषि सामग्रीको एमडीहरू उहाँ बम्बईमा बसेर त्यो अन्तिम चरणमा छ । त्यो छलफलको लागि मूल्य निर्धारणको लागि र कसरी ल्याउने सवालमा भारत सरकारले नै आफ्नै अब त्यहाँबाट हाम्रो सिमानामा वीरगञ्जको गोदाममा पुऱ्याने MOU लेखिसकेको छ । त्यहाँबाट चाँडै नै चाँडै यो आउने सम्भावना छ । त्यसो हिजो शुक्रवारको फेरि हामीले

एउटा टेन्डर नेसनल ट्रेडिङले गऱ्यो एक हप्ता उसको कानुनी व्यवस्था रहेको छ। त्यसले पनि ३० हजार मेट्रिकटन ल्याउने हैन प्रक्रिया अगाडि बढेको छ ।

चौथो भनेको अब यो तातो पानी भन्सारमा अहिले ५ हजार मेट्रिकटन मल युरिया राखेको छ । त्यहाँ जम्मा त्यो ठेकेदारले ल्याउने पर्ने २५ हजार मेट्रिकटन हो । करिब करिब १ वर्ष भइसक्यो त्यो ठेकेदारको अहिलेसम्म त्यो ल्याउन सकेको छैन । त्यो २५ हजार मेट्रिटन मलाई चाहिँ उत्तरी नाकाबाट चाइनाबाट आइदिएको खण्डमा मलाई चाहिँ असार, साउन, भाद्रको अवस्था पूर्ति हुन सक्छ । र त्यो ठेकदारको अब ४२ देखि ४४ देखि त्यो भन्सारमा राखिएको हो । त्यसको म्याद सकिएको थियो र फेरि अदालतबाट त्यो मल ल्याउनको लागि जुन आदेश भएको छ र ४१ दिनको एउटा सम्झौता गरेको छ त्यो ठेकेदारले । मलाई लाग्छ सोमवारदेखि भनेको थियो । त्यो ठेकदारले कहिले ल्याउने हो ? ठेकेदारहरूको विश्वासमा अब जानकारीमात्र मैले गराउने हो । त्यसकारणले त्यो २५ हजार मेट्रिटन र यो सबै प्रक्रियामा आउने छ । यो असारको अन्तिमसम्म जुन आवश्यकता छ, त्यो सबै मलखादहरू पूर्ति हुने किसानहरूलाई अब भोलि पर्सिदेखि वितरण हुने प्रक्रियामा रहेको छ । सम्माननीय अध्यक्षज्यू, मैले जानकारी गराउन चाहेको र यसरी विकल्पहरू जुन राखिएको छ । यो विकल्पको बारेमा अन्य कृषि उत्पादन र उत्पादकत्त्व वृद्धि र कृषि अनुसन्धान र अत्मनिर्भरको विषयहरू सम्माननीय अध्यक्षज्यू, कृषि उत्पादन र उत्पादकत्त्व वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा प्रत्याभूति गर्न, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने प्रमुख लक्ष्यका साथ सरकारले आगामी आ.व. को कार्यक्रममा बजेट प्रस्ताव गरेको छ । यस दिशातर्फ कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बढी उत्पादन हुने हाईब्रिड जातको बिउको उपयोग र बालीको क्षेत्रफल विस्तार उत्पादन सामग्रीहरूको सुनिश्चितता र प्राविधिक सेवा टेवा सर्भसुलभसहित कृषि यान्त्रिकीकरणको माध्यमबाट कृषि उत्पादन बढाउने गरी तीनै तहका सरकारमा खाद्यान्न, बाली, डिजिटल प्रविधिमार्फत बिउ प्रवर्धन, दहलहन, तेलहन, आलु तथा तरकारी फलफूल मिसन कार्यक्रम सञ्चालनको लागि बजेट प्रस्ताव गरिएको छ । नेपाल अहिले पोखराको मासु, अन्डा र दुध तथा गँहु बालीमा करिब आत्मनिर्भर रहेको छ । आगामी दुई वर्षभित्र अन्य आधारभूत खाद्यान्न बालीहरू र आलुमा आत्मनिर्भर हुने अवस्था रहेको छ । भने केही वर्षभित्र तरकारी र फलफूलमा आत्मनिर्भर हुने देखिन्छ । आत्मनिर्भरको लागि कृषि कार्यक्रमको लागि आर्थिक वर्षमा रु. १० अरब प्रस्तावित छ । र तीनै तहका सरकारको समन्वयमा जमिन चक्लाबन्दी

बाँझो जग्गाको उपयोग गर्न कृषि आन्तरीकरण गर्दै युवाहरूलाई सामूहिक खेतीमा आकर्षित गर्न उत्पादन र उत्पादकत्त्व वृद्धि कार्यक्रमलाई यस बजेटबाट एकीकृत कार्यक्रमको कार्यविधि तर्जुमा गरी स्थानीय तहमार्फत कार्यान्वयनमा लगिने माननीय सदस्यज्यूहरूसमक्ष प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

कृषि अनुसन्धान कार्यक्रमलाई विशेष प्राथमिकताका साथ चालु आर्थिक वर्षभन्दा करिब २० प्रतिशत बढी बजेट प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षको विकसित प्रविधि प्रसारको लागि सातै प्रदेशमा प्रविधि ग्राम स्थापना कार्यक्रम प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षमा धान, तरकारी, मैक बालीहरूको क्रमशः ७, ४, ४ गरी पन्ध्रओटा जातका दर्ता एवम् उन्मोचन गरिने छ । नेपालमा विकास भएको काक्रोको दुइओटा, मकै बालीको तीन ओटा वनशङ्कर जात दर्ता र उन्मोचन गरिने छ । विभिन्न बालीवस्तु ७६ ओटा विभिन्न जातका वनशङ्कर एवम् उन्नत बिउ विजनको सूचिकरण गर्ने छ । आगामी वर्षभित्र नेपालको कृषि अनुसन्धान परिषद्को नियमावली स्वीकृत गरी हाल रिक्त करिब ५० प्रतिशत जनशक्तिको आपूर्ति गरी कृषि अनुसन्धानको दायरालाई थप विस्तार गरिने माननीय सदस्यज्यूहरूसमक्ष प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

जलवायु परिवर्तन रोग र किराको प्रकोप प्राकृतिक विपद्हरूबाट कृषि पशुपन्छी तथा ..... कृषि जोखिम न्यूनीकरणहरूको लागि पशुपन्छी बिमालगायत अनुकूलन व्यवस्थाका काजहरू सञ्चालनको लागि कार्यक्रम प्रस्ताव गरिएको छ । कृषि तथा पशुपन्छी बिमा प्रिमियममा ८० प्रतिशत अनुदान उपलब्ध गराउने जम्मा ७६ करोड रूपैयाँ प्रस्ताव गरिएको छ । २०७९ लाई कृषि जैविक विविधता वर्षको रूपमा मनाउँनको कार्यक्रम प्रस्ताव पेस गरिएको छ । रैथाने बाली प्रवर्धनका लागि करिब डेढ सय र स्थानीय तहहरूमा मिसन कार्यक्रम प्रस्ताव गरिएको छ । बासती धानको बैद्धिक सम्पत्तिको दाबी गर्दै नेपालले यूरोपियन यनियनमा नेपालको तर्फबाट आफ्नो प्रस्ताव र तथ्यहरू पेस गरेको कुरा यो सम्मानित सदनलाई अवगत गराउन चाहन्छु ।

सम्माननीय सभामुखज्यू, प्रधानमन्त्री कृषि आधुनिकीकरण प्रयोजना विस्तृत विवरण उपलब्ध गराउन माननीयज्यूहरूबाट ध्यानकर्षक गराइएको बमोजिम यस परियोजनाको बारेमा संक्षेपमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक व्यवसायिक दिगो राहत हुने गरी कृषि क्षेत्रको विकास गर्ने सोचसहित सम्पूर्ण रूपमा नेपाल सरकारकै स्रोतमा कृषि तथा पशुपन्छी मन्त्रालयबाट सञ्चालित यस परियोजनामा

बाली विशेषको सुपर जोन १६/१७७ जोन संघबाट सञ्चालित छ भने ९९९ ब्लकहरू प्रदेश सरकार मतहत र ३२८४ पकेटहरू स्थानीय तहको मार्फत सञ्चालित छन् । चालु आ. व. २०७८/७९ मा यस परियोजनाको लागि ७ अरब ८३ करोड बजेट विनियोजन रहेकोमा आगामी आ. व. मा ५ अरब ९० करोड प्रस्ताव गरिएको छ । आगामी वर्ष मध्यआवाधिक समीक्षाको आधारमा प्रधानमन्त्री आधुनिकीकरणको परियोजना पुर्नसंरचना गरी प्रविधिक र आर्थिक दृष्टिकोणबाट ..... विभिन्न बाली र वस्तुहरूको जोनहरूलाई प्रदेश सरकारबाट सञ्चालन हुने व्यवस्थाको लागि कार्यक्रम प्रस्तावित गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, यो कृषि प्रधानमन्त्री आधुनिकीकरण परियोजना, २०७२ मा गठन भएको र त्यस प्रकारले यो कार्यक्रम अहिले सञ्चालन भएको अवस्थामा रहेको । त्यति बेला देश अहिलेको संघीयता थिएन । तीन तहको सरकार भएकोले समन्वय गरेर जोनहरू सबै प्रदेशमा अन्य ब्लकहरू सबै स्थानीयमा र संघहरू संघमा राख्ने नयाँ मोडलको हिसाबले अगाडि बढाउने जुन प्रकारको पुनः संरचना गर्ने कुरा छ मलाई लाग्छ कि तुरून्तै अगाडि बढाउने व्यवस्था गरिने छ ।

सम्माननीय अध्यक्षज्यू, हाल देशमा १३ प्रकारका खोपहरूको उत्पादन भइसकेको छ । जस्तैः पीपीआर, एचएसवीयू तर गाईवस्तुको हैन खोरेत रोग र कुखुराको धेरै जस्ता रोगहरूको खोप नेपालमा बनाउन सकिएको छैन । त्यसैले ती खोपहरूको आयात गर्नुपर्ने स्थिति छ । जति कि ती खोपहरू देशमै उत्पादन गर्ने सम्भावनाहरू पनि अध्ययन भइरहेको बेहोरा सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु । सम्माननीय अध्यक्षज्यू, प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक जनशक्तिको व्यवस्थाबाट स्थानीय तहमा विशेष सेवा प्रवाहको सुनिश्चितता गर्नको लागि प्रत्येक स्थानीय तहमा कृषि स्नातक र ३५० स्थानीय तहमा १/१ जना भेटेनरी डाक्टरहरू करारमा लिने कार्यक्रम रहेको छ। यस कार्यक्रमको लागि करिब ४६ करोड ६५ लाख रूपैयाँ विनियोजन प्रस्ताव गरिएको छ । कार्यक्रमको लागि स्थानीय तहबाट जोग्गे र उपयुक्त प्रविधि ..... सहितको कार्यविधि बनाई पठाइने छ । यसबाट कृषि तथा पशुपन्छीसम्बन्धी प्रविधि हस्तान्तरण गर्न सहजीकरण हुने छ। ती प्रविधिहरूलाई प्रवेश तथा नाष्टसँगको सहकार्यमा क्षमता वृद्धि क्रियाकलापहरू सञ्चालन गर्ने छ ।

सम्माननीय अध्यक्षज्यू, खाद्यन्न मिसन कार्यक्रमअन्तर्गत ३३४ स्थानामा धान, गहुँ, मकै, दलहल तथा तेलहन बाली प्रवर्धनका कार्यक्रम रहेको र यसको लागि ५४

करोड प्रस्ताव गरिएको छ । विशेष गरी कार्यक्रमअन्तर्गत उत्पादनका मुख्य मुख्य कार्यहरूमा सहयोग गर्न सक्ने गरी स्थानीय तहमा कार्यविधि बनाई पठाइने छ ।

सम्माननीय अध्यक्षज्यू, बाली तथा पशुधन बिमा कार्यक्रमको लागि ७६ करोड रूपैयाँ विनियोजन गरिएको छ । यस बिमा कार्यक्रमलाई व्यवस्थापन गर्न राष्ट्रियस्तरको विद्युतीय प्रणाली निर्माण गर्न कार्यक्रम रहेको छ । यसबाट बिमासम्बन्धी कार्यक्रमहरूको अभिलेख र अनुगमन तथा व्यवस्थापन गर्न सहज हुने छ ।

सरकारले उत्पादनपूर्व नै धानको न्यूनतम समर्थन मूल्य तोकी खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारीमार्फत धान खरिदको व्यवस्था गर्दै आएको छ । आगामी वर्षमा सरकारले तोकेको प्रसिद्ध मूल्यमा फरक भए सो मूल्यको खरिदको लागि अनुदान उपलब्ध गराइने कार्यक्रम अध्ययनको आधारमा कार्यान्वयन लैजाने तयारी रहेको छ । यसरी खरिद गर्ने धानको भण्डारणको लागि प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी साना, ठुला गरी १०० ओटा खाद्य गोदाम घर निर्माणको लागि ६३ करोड रुपैयाँ प्रस्तावित गरिएको छ । त्यसै गरी निर्धारण गरिएको छ न्यूनतम समर्थम मूल्यको धान खरिद गर्ने संस्थानहरूलाई व्यवस्थापन खर्च प्रदान गर्न ३३ करोड रूपैयाँ ६० लाख रूपैयासमेत विनियोजन गरिएको छ ।

कृषि बजार पूर्वाधार कार्यक्रमः सम्माननीय अध्यक्षज्यू, उत्पादित कृषि उपजको बजार सुनिश्चतताको लागि बजार पूर्वाधार निर्माणको लागि विभिन्न स्थानीय तहमा ३४ ओटा कृषि सङ्कलन केन्द्र, १० स्थानमा ठुला कृषि उपज बजार स्थलहरू भण्डारणको लागि, २५ ओटा ठुला र साना कोल्ड स्टोरहरू निर्माणको कार्यक्रम प्रस्ताव गरिएको छ ।

उखु किसानको भुक्तानीसम्बन्धमा:- सम्माननीय अध्यक्षज्यू, गत वर्ष उखुको क्रसिङ भएका उखु किसानहरूलाई प्रवर्धन खर्चबापत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट उपलब्ध गराउनुपर्ने ८१ करोड रूपैयाँ गत साउन महिनामा नै किसानको खातामा उपलब्ध गराइसकेको छ भने हालै मात्र उखु क्रसिङ भएका किसानहरूको उपलब्धि एकिन नभएको आधारमा उखु प्रवर्धन खर्च उपलब्ध गराउनको लागि थप प्रक्रिया सुरु गरिसकेको यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । साथै उखु किसानलाई लक्षित गरी १ सय स्थानीय तहमा प्रति स्थानीय तह १० ओटा गरी १ हजारओटा सानो ट्युबेल जडानको कार्यक्रम प्रस्ताव गरिएको छ ।

कृषि ऐन, कृषि अनुदान पुस्तक शीर्षक सम्बन्धी विषय-सम्माननीय अध्यक्षज्यू, कृषिसम्बन्धी विभिन्न नियमन तथा विकासका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा कृषि क्षेत्रमा मूल ऐनको अभावले कृषकका महत्त्वपूर्ण कार्यक्रमहरूमा वाधा पुग्न गइरहेको निवेदन यस सम्मानित सदनमा अनुरोध गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, यो भर्खरै अस्ति दुइटा विधेयक पास भएकोले जानकारी गराउन चहान्छु । कि यो बिउ बिजन र बोट विरुवाको लागि अस्ति भखरै राष्ट्रिय सभाबाट संशोधित ऐनलाई त्यहाँ पास भएको छ । त्यसकारणले अब मलाई लाग्छ कि अब आउने दिनमा ऐनले बोट विरुवा र बिउ बिजनको लागि सहज हुने स्थिति हुने छ । कृषि अनुदानलाई प्रभावकारी संशोधन किसानको समेत पाउन सक्ने व्यवस्थाको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि अनुदानसम्बन्धी नीतिगत मस्यौदा तयार गरेको छ र उपयुर्क्त कानुनको अभावमा अगि बढ्न नसकेको जानकारी यस सदनसमक्ष निवेदन गर्न चाहन्छु ।

माननीयज्यूहरूबाट प्राविधिक रूपमा पेस भएको विनियोजन शीर्षक,२०७९ अनुसार कृषि क्षेत्रको बजेट कार्यक्रमसम्बन्धी पुस्तक शीर्षक र अहिले यस सदनमा पेस भएको सोही पुस्तकको शीर्षक फरक पर्न गएको सम्बन्धमा जिज्ञासा प्रस्तुत गरिएको थियो । र त्यस सम्बन्धमा राष्ट्रिय सभाको यस सदनमा पेस गरिएको कृषि क्षेत्रको बजेट कार्यक्रममा सम्बन्धित पुस्तकहरूको शीर्षक प्राप्त सुझावको आधारमा परिमार्जित गरिएको छ र भित्री विषयवस्तुहरूमा कुनै पनि फरक नरहेको जानकारी निवेदन गर्न चाहन्छु ।

अन्तमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय विद्यमान संविधान र नीतिगत संरचनालाई आधार मानी मल, बिउ बिजन, सिँचाइ जस्ता उत्पादन सामग्रीको समयमै उपलब्ध सुनिश्चतता प्रभावकारी कृषि अनुसन्धान एवम् कृषिलाई सम्मानित र नाफामूलक एवम् प्राविधिक मैत्री व्यवसायको रूपमा स्थापित गर्दै युवाहरूलाई यस पेशामा आकर्षिक गर्दै बाँझो जमिनको सदुपयोग चक्लाबन्दी कृषि यान्त्रिकीकरण र व्यावसायीकरण प्रभावकारी कृषि ऋण बिमामार्फत जोखिम व्यवस्थालाई अवलम्बल गर्दै तीनै तहको सरकारको समन्वयमा कृषि उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा र आयात प्रतिस्थापन गर्ने गरी आगामी वर्ष कृषि तथा पशुपन्छी विकास मन्त्रालयले बजेट कार्यक्रममा प्रस्ताव गरेको छ र सो कार्यक्रममा मन्त्रालय प्रतिबद्ध रहेको छ । र यो सम्मानित सदनसमक्ष म अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अब केही कुराहरू यस मन्त्रालयको कार्यक्षेत्रको बारेमा खास गरीकन अब अध्यक्षज्यूको मार्फत माननीय संसदज्यूहरूलाई जानकारी गराउन

चाहन्छु कि यस मन्त्रालयको कार्यक्षेत्र भनेको जस्तो कि उखुको मूल्य निर्धारणको बारेमा यस मन्त्रालयले उखुको मूल्य निर्धारण गर्छ अनि वाणिज्य मन्त्रालयले त्यो प्रस्ताव लिएर क्याविनेटबाट पास गराउने । त्यसकारणले त्यो अधिकार भनेको वाणिज्य मन्त्रालयअन्तर्गत हो । त्यस्तै गहुँ बालीको, धान बालीको मूल्य निर्धारणको सिफारिस यस मन्त्रालयले गर्छ तर यसको सम्पूर्ण प्रक्रियाहरू वाणिज्य मन्त्रालयबाट हुन्छ ।

त्यस्तै यस मन्त्रालयको मलखाद ल्याउने र प्रदेश सरकारलाई दिने र त्यसपछि सहकारी भनेको अब यो भूमि सुधार मन्त्रालयअन्तर्गत तल जादाँखेरि प्रदेशबाट तल जादाँखेरि यो सहकारी अन्तर्गत पर्छ । त्यसकारण यो मन्त्रालयको कार्यक्षेत्रमा जुन प्रकारको नेपाली जनताको चिन्ता र चासो विषय हो । त्यसकारणले त्यो जानकारी गराउन चाहेको कि हामीले मूल्य निर्धारण गर्ने, उखुको आदि इत्यादितको सबै त्यहाँबाट बेमौसमी वर्षाको कारण हामीले लगत मात्रै हैन गृह मन्त्रालयमा उपलब्ध गराथ्यौं किसानको वर्गीकरण गर्नुपर्ने कुराहरू हामीले वर्गीकरणको हिसाबमा प्रस्ताव गऱ्यौं र त्यही अनुकुल ५ अरब रुपैयाँ छुट्टियो तर वितरण प्रणाली भनेको नेपालको ऐन र कानुनमा विपद् व्यवस्थापनबाट नै यो ५ अरब रुपैयाँ वितरण भइरहेको छ । तर आम जनतालाई र माननीयज्यूहरूलाई म विशेष निवेदन र आग्रह गर्न चाहन्छु । यस्ता विषयहरू मलाई लाग्छ कि कृषि मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने कामहरू समयमै गरेको र वितरण गर्ने कामहरू त्यहाँबाट हुने गर्छ । त्यसकारण उखुको बारेमा अब उखु भनेको किसानसँग जोडिएको कृषि मन्त्रालयले उखुको हैन समस्या सुन्दिएन । त्यो उद्योगसँग जोडिएको हुन्छ र त्यहाँ मूल्य निर्धारण हुन्छ । हामीले मूल्यमात्र सिफारिस गर्ने हो । त्यसकारणले यी सवलहरू अलिकता त्यस्तै देखिएको हो ।

र मलाई लाग्छ की अहिले हामी बिउ बिजनको बारेमा जानकारी गराउन चाहन्छु । गहुँमा हामी आत्मनिर्भर भइसकेका छौं, बिउ बाहिरबाट ल्याउनुपर्दैन । दुग्धमा हामी आत्मनिर्भर नै छौं तर दुधको अवस्था कस्तो छ भने अहिले पनि अब्सिजन भएकोले दुधबाहेक ल्याउनुपर्ने अवस्था छ । हामी के निवेदन गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, अब दुध बाहिरबाट र सरकारको अहिले पोलीसी के बनेको छ भने धेरै आयातलाई न्यूनीकरण गर्दै जाने अब हामीले निर्यातमूलक उत्पादनहरू बढाउँदै जाने त्यसकारण सबै जना हामीले अब दुग्धलाई अलिकता बाहिरबाट नल्याउने स्थिति देखिएको छ । माछामा पनि हामी आत्मनिर्भर भइसकेका छैनौं अहिले । हामी अहिले करिब करिब ६० प्रतिशत माछा नेपालमा उत्पादन हुन्छ । र अहिले पनि बाहिरबाट

ल्याउने माछाको अवस्था छ । मलाई लाग्छ नेपाल सरकारले १५ हजारको कठ्ठा प्रत्येक माछामा अनुदान रकम छ । यी सबै कुराहरूले दानामा जस्तो अहिले धेरै जसो हामी आत्मनिर्भर भइसकेका छौं । धेरै चिजमा हामी आत्मनिर्भर भइरहेको अवस्था छ । र त्यसकारणले यसपालि सरकारले जुन प्रकारको कार्यक्रम ल्याएको छ । यसले सातै प्रदेशमा हामीले माटो परीक्षणको लागि डिजिटल प्रविधिबाट यहींबाट अब माटो परिक्षण गर्न सकिन्छ । अहिले नार्केले यहींबाट प्राविधिक त्यस्तो गरेको छ । सातै प्रदेशमा माटो परीक्षणको ..... व्यवस्था गर्ने प्रयास गरिएको छ । त्यसकारणले यी सामानहरू जुन प्रकारले अहिले खास गरीकन युरिया मलले जमिनको उर्वारा शक्ति घटाउँछ । त्यसकारणले प्राङ्गारिक मललाई बढी जोड दिएको छ । र प्रत्येक प्रदेशमा पैसा विनियोजन गरिएको छ । त्यसको अहिले नानो युरिया, नानो युरिया भनेको यो पनि युरिया नै हो भारत सरकारबाट अहिले ५० लाख लिटर हामीले माग गरेका थियौं । अहिले ५ लाख लिटर दिएको छ । र यसको मूल्य भनेको ८ सय रूपैयाँ पर्छ । र एक विगाह जमिनलाई त्यो बालीको पातमा युरिया कम्प्लिट गर्छ । यहाँको हाम्रो नार्कले परीक्षण गरेर प्रमाणपत्र दिए पछि ल्याउनको लागि । त्यसकारण सस्तोमा अहिले नानो युरियाले र भारत देशको धेरै अहिले किसानहरूको डिमान्ड बढेको छ । त्यसकारणले अहिले भारतमा पनि मल कारखानाको विकास भइरहेको छ । हाम्रो पनि नेपालमा नानो युरियाले किसानहरूको समस्या समाधान गर्ने छ । त्यसकारणले यी मलखादको जुन समस्या हो त्यो स्वभाविक हो । मैले अगि राखें ती सबै कुराहरूको आधारमा । मैले यो सबै कुराहरू माननीयज्यूहरूले जुन यहाँ जिज्ञासा राख्नुभएको थियो त्यसमा मैले मन्त्रालयको तर्फबाट मैले स्पष्ट गर्न राखें र त्यसपछि माननीयज्यूहरूको सुझावलाई यो कृषि क्षेत्र भनेको देशको अर्थतन्त्रको जग नै हो यो जग कृषिको जति बलियो हुन्छ । त्यो बलियो भइसकेपछि राष्ट्र त्यति बलियो हुने हो ।

र यसपालि अनुदनाको रकमहरू सबै हटाइएको छ । अनुदान शब्द भन्ने शब्द कहीँ रहने छैन । अनुदानको शब्द धेरै नियमन गर्न सकिएको अवस्था थिएन । त्यसकारण जुन किसानले जति काम गर्छ त्यसले त्यहीं गएर प्रोत्सहान सोझैंको रूपमा उसले कति काम गरेको छ । त्यसैको किसान कै खेतमा घरमा गएर अब प्रोत्सहान सोझैं गर्ने हो । त्यसकारण अनुदानको शब्द यसपालिदेखि किसानको घरमा पुग्न सकेन । पाउने किसानले पाएर बिचमा कता कता अफ्ठयारो पऱ्यो । त्यसकारणले यी सबै माननीय सदस्यहरूलाई जानकारी गराएँ । धन्यवाद ।

**<u>पुनः पीठासीनः-</u>** सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्री महेन्द्र राय यादवले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय गोपाल कुमार बस्नेत ।

**<u>माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)</u>**ः- धन्यवाद सभाध्यक्ष महोदय, मैले कृषिको बिषयमा बोल्दाखेरि सल्लाह सुझाव पेस गरिएको थिएँ । भनिएको थियो हाम्रा गुनासाहरू सम्बन्धित ठाउँमा अगाडि बढाउछु तपाईंहरूको जवाफ आउँछ । त्यो जवाफ मैले पाइनँ । मैले कृषिको सम्बन्धमा केही कृषकहरूको अवस्था सरकारले बुझ्न नसकेको जस्तो मलाई अनुभव भएको छ । जस्तो आजका कृषकहरू कम्ती खेती गर्छन् । एक विगाहदेखि कमबेसी त्योभन्दा बढी हुँदैन एकल गोरु राख्ने क्षमता हुँदैन । किनभने एकल गोरु चाँहियो भने जोत्यो भने तीन बिगाह खेती हुन्छ । एउटा ट्याक्टर किन्यो भनेदेखि १५/२० बिगाह खेती गर्नुपर्छ । त्यो जग्गा उपलब्ध हुन सक्दैन । ..... (समय सकिएको) ।

**<u>सम्मानीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोपाल कुमार बस्नेतको समय सकिएको हो ।) कर्णालीमा वर्षा लाग्यो । कर्णालीमा चाहिँ जनताले नुन र चामलको माग गरेका छन् । डिपो राख्ने कुरा के भएको छ । त्यसको जवाफ पाउन सकिएन । यो जवाफ चहान्छु । अर्को असारको अन्तिमसम्ममा चाहिँ मल आउने सम्भावना भन्नुभएको छ ।

आएन भने के हुन्छ ? पहाडतिर त खेती रोपिसकेको छ । मधेश, तराईको लागि भए पनि मल आउँछ कि आउँदैन ? यसको जवाफ पाऊँ ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, मैले कृषि मन्त्रीज्यूलाई एउटा अनुरोध गरें । कृषि मन्त्रीज्यूले कृषि मन्त्रालयले किसानलाई समयलाई धान किसानको समस्याको समाधान गर्न सक्दैन । उखु किसानको समस्याको समाधान गर्न सक्दैन भने मेरो विनम्र अनुरोध छ कृषि मन्त्रीज्यू, भविष्यको लागि नेपालको भविष्यको लागि तपाईंले राजीनामा गर्दिनुहोस् । कम्तीमा अबका कृषि मन्त्रीहरूले चाहिँ यो सिकुन् कि कृषि मन्त्रीले चाहिँ मैले किसानलाई समयमा मल दिन सकिनँ भनेर राजिनामा गर्नुभो' हैन ? त्यसकारण तपाईंले राजीनामा गर्दा तपाईंको पद घट्दैन । झन बढ्छ । मैले यो अनुरोध गरें हस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**ः- माननीय अध्यक्षज्यू, एक घण्टा जति लामो कृषि मन्त्रीले बोल्नुभयो तर हाम्रो प्रश्नको जवाफ भने सुनिएन । मेरो प्रश्न थियो । कृषक पेन्सन भनेर जुन कार्यक्रम राखिएको छ । किसानको सूचीकरण भएको छैन । साना किसानहरूले त्यहाँ पैसा जम्मा गर्न सक्दैनन् । त्यो भएर यो कृषक पेन्सन यही वर्षदेखि लागु हुने हो कि कहिलेदेखि लागुहुने हो ? त्यसको पूर्वाधार के हो भनेर मेरो प्रश्न थियो त्यो पनि भएन । र त्यसपछि यो जलवायु परिवर्तनसम्बन्धी चाहिँ प्रविधि कृषिले बनाउनुपर्ने हो, किसानमा पुऱ्याउनुपर्ने हो त्यो पनि पुऱ्याइएको छैन । थुप्रै कामहरू गरिएको छैन् । यो कृषि मन्त्रालय यहाँ नराख्दा के हुन्छ ? भन्ने मेरो प्रश्न थियो । हो त्यसको पनि जवाफ आएन । यो दुइटैको जवाफ चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोमा देवी तिमल्सिना ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** मैले एउटा यो कृषि मन्त्रालयअन्तर्गत नै पर्ने मैले खालि धेरै कुराहरू उहाँले बोल्नुभो' धेरै कुराहरू परे होला  कुनै परेन होला । मैले फलफूलको बारेमा कुरा राखेको थिएँ । मुस्ताङमा स्याउ हुन्छ अनि उहाँ हुम्ला, गुम्लाको स्याउ कुहिएर गइराखेको हुन्छ । यहाँ विभिन्न ठाउँमा अब फलफूलको खेती हुन्छ । यसलाई चाहिँ कहीँबाट पनि कुरा उठेन । यो अब हामी फलफूल खानलाई इन्डियाको एकदम विषाक्त फलफूलहरू राइराखेका हुन्छौं । यसलाई कसरी व्यवस्थापन गर्ने हो र यहाँसम्म काठमाडौंसम्म विभिन्न सहरसम्म ती फलफूललाई व्यवस्थापन गरेर सबैले खान पाउने त्यहाँको पनि आयस्रोत बढ्ने काम गर्नको लागि के योजना छ ? त्यो आएन । त्यत्ति हो । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, अब म माननीय सदस्यले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री महेन्द्र राय यादवलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महेन्द्र राय यादव</u>:-** सम्माननीय सभामुख महोदय, अब माननीयज्यूको जिज्ञासा कर्णालीमा डिपोको कुरा थियो । डिपो अब हामीले गोदाम घर बनाउनको लागि विगतमा पनि बजेट थियो । यसपालि पनि बजेट ६३ करोड छुट्याइएको छ । त्यो साझेदारीमा बन्ने हो । त्यो गाउँपालिकाले हाम्रो मन्त्रालयबाट सूचना प्रकाशन हुन्छ । त्यो सूचनामा गाउँपालिकाको जग्गा आफ्नै जग्गा भएको खण्डमा त्यहाँ डिपो भनौं या गोदाम भनौं किसानले उत्पादन गरेका बस्तुहरूलाई खरिद गरी राख्न सक्ने गाउँपालिका या नगरपालिकाको जिम्मेवारी छ । त्यस प्रकारको प्रक्रिया छ र विगतमा पनि र यसपालि पनि छ ।

दोस्रो अब मल आएन आउँछ । यो मलको अगि पनि मैले भनें यो अन्तर्राष्ट्रिय अवस्था हो । सरकारले बिचमा १४ अरब टेन्डर गर्दा कृषि सामग्रीले मूल्यको जुन समस्या हो । माननीयज्यूहरूलाई जानकारी अगि पनि गराएँ । जुन प्रक्रिया अहिले खरिद प्रक्रिया हो अहिले खरिद प्रक्रियाबाट कृषि सामग्रीबाट प्रक्रियबाट २२६ दिन लाग्छ । १४ पल्ट ठेक्का गर्दाखेरि त्यो मूल्य वृद्धिको कारणले ठेकेदारहरूको २ लाख

जति हैन मलखाद चाहिँ टेन्डर रद्द गरिएको हो । यो यथार्थ कुरालाई माननीयज्यूहरूले बुझ्नु आवश्यक छ ।

दोस्रो कुरा हामीले १४ ओटा टेन्डरमा ठेकेदारहरू अहिले पनि आउने अवस्था छैन । मलाई लाग्छ कि विगतको सरकारले पनि सबै देशहरूसँग पत्रचार गरेको थियो । कोभिड दुई वर्ष Covid-19 को कारणले कुनै पनि देशले उत्पादन घट्यो युद्धको कारणले उत्पादन नै घटेको छ । त्यसकारणले मल सरकारसँग अहिले पनि २७ अरब रुपैयाँ सरकारसँग छ । तर मल ल्याउनको लागि जुन प्रकारको अहिले अन्तर्राष्ट्रिय समस्या छ । त्यो समस्या सबैको लागि हो । जुनसुकै मन्त्री कुनै पनि सरकार हुँदाखेरि अहिलेको राष्ट्रिय ..... माननीयज्यूहरूसँग आग्रह छ कि बुझ्नुपर्ने हुन्छ ।

र मल अहिले पनि आइरहेको छ । मैले १ लाख १७ हजार बोरा नेपालमा अहिले दुइटै ठाउँमा आइसकेको छ । ल्याउने ठेक्का प्रणालीबाट हो । सरकारले ल्याउने प्रावधान त गरेकै छ । G to G बाट आज ६ महिना भइसक्यो भारत सरकारसँग गरेको फेरि साढे ३ लाख मेट्रिक टन बिचमा गएर । यी समस्याहरू के हो भने अन्तर्राष्ट्रिय बजारको आधारमा भएको कारणले सबै मलखादको लागि मलखादको कारखाना त आजकल धेरै लामो समयदेखि उठ्दै आएको किन हुन सकेन ? अगि पनि भने कि तेल जस्तै यसलाई सरल, सुलभ ढङ्गले स्वचालित मूल्यमा गर्दाखेरि समयमा नै मलखाद आउँछ । अनि पुरानै प्रणाली, पुरानै ..... आधारमा जुन हाम्रो खरिद प्रक्रिया हो । त्यो खरिद प्रक्रियालाई टेन्डर प्रक्रियाबाट हो । मूल्य बढेर जान्छ । ठेकेदारहरू छोडेर जान्छ । त्यसकारणले सरकारको दायित्व जिम्मेवारीभित्र के भने तेलजस्तै आयल निगम जस्तै अहिले तत्कालै गर्दियो भने मलाई लाग्छ की समयमै मलखाद आउँछ ।

जैविक मलको व्यवस्था पनि गर्नको लागि प्रदेश सरकारलाई पनि बजेट छुट्याइएको छ । अनि त्यो ५ लाख लिटर ल्याउने कुरा भएको छ । भन्दाखेरि अन्तार्राष्ट्रिय समस्या भएकोले मलाई लाग्छ ।

यो उखुको कुरा उखुको ८१ करोड रुपैयाँ यसपालि हामीले भुक्तानी गरिसकेका छौं । हामीले अनुदानको पैसा कृषि मन्त्रालय आउँछ । फ्याक्ट्रीले हामीलाई त्यो लगत दियो भने त्यो पैसा जान्छ । यसपालिको बाँकी छ । सरकारको ..... जान्छ त्यो पैसा । त्यो साउनपछि जान्छ । बजेट जहिले पास हुन्छ । त्यसपछि पैसा आउँछ । त्यसको भुक्तानी सबै हुन्छ । साल साल हुन्छ । किसानहरूको जुन बक्यौता रकम हो त्यो उद्योग मन्त्रालय अन्तर्गत पर्छ । कृषिको उखु फ्याक्ट्रीहरू उद्योग मन्त्रालयअन्तर्गत

पर्छ । अहिले पनि विगतमा सम्झौताहरू सबै उद्योग मन्त्रालयले गरेको छ । त्यसको पैसा बाँकी छ, भुक्तानी छ । किसानहरूले जुन आन्दोलन गर्छ । जुन किसानहरूले काठमाडौंमा आएर गर्छ भने यसको दायित्व जिम्मेवारी भनेको उद्योग मन्त्रालयसँग जोडिएको मैले कार्यक्षेत्रको कुरा उठाएको हुँ । सम्झौता उद्योग मन्त्रालयले गर्ने, वक्यौता उहाँहरूले गर्ने, फ्याक्ट्रीहरूको सबै अहिले चाहिँ उहाँहरूले बैक खाता बन्द गर्ने, सबै उद्योग मन्त्रालयभित्र त्यसको अधिकारक्षेत्र छ ।

त्यसकारणले यो उखुको सवालमा धनकै खरिदको बारेमा हो भने धन खरिद गर्नको लागि कम्पनीहरू छन् । ती कम्पनीहरू अहिले पनि मलाई लाग्छ कि उद्योग र वाणिज्यसँग छ । त्यो मन्त्रालयले मूल्य मात्र निर्धारणको लागि सिफारिस गर्छ । अनि खरिद गर्ने त्यहाँ हो । यसपालि खरिद गर्नको लागि केही बजेटहरू किन कि सरकारले मूख्य तोकी सकेपछि खरिद गर्नको लागि गोदाम चाहिन्छ । र गोदामको लागि यसपालि ७ ओटै प्रदेशमा बजेट छुट्याइएको छ । भन्दाखेरि यी समस्याहरू राष्ट्रिय समस्या हुन त्यसकारण यस मन्त्रालय पर्ने कामहरू आफ्नो दायित्व जिम्मेवारीभित्र पर्नेहरू काम गरिरहेको छ ।

कृषक पेन्सनको धेरै लामो समयदेखि कुरा उठेको थियो । कृषक पेन्सनहरूको कुरा यसपालि बजेटमा राखिएको छ । अब त्यसको लागि कार्यविधि बनाउनुपर्ने हुन्छ । त्यो कार्यविधि बनेको छैन । त्यो बनाउनुभन्दा पहिले कृषकको परिचयपत्रको लागि सबै गाउँपालिकाहरूमा बजेट छुट्याइएको छ । अहिलेसम्म ५ लाख कृषकहरूको मात्र परिचयपत्र बनेको छ । यत्रो ३ करोड  अब कति किसानहरूको परिचयपत्र बन्छ । त्यसको आधारमा पेन्सन, पेन्सन भनेको किसानले पनि आफ्नो आम्दानीको कति प्रतिशत किसानले राख्ने हो ? त्यसलाई सरकारले १० प्रतिशत दिने कुरा गरेको छ । त्यसको कार्यविधि बनाउन बाँकी छ । कृषक पेन्सन, कृषि परिचयपत्र बनिसकेपछि कृषकहरूको वर्गीकरण गर्ने हो । नेपालमा तीन प्रकारका किसानहरूको वर्गीकरण छ । साना किसानहरू, मझ्यौला किसानहरू र ठुला किसानहरू । यो परिसकेपछि सकेपछि मात्र मलाई लाग्छ कि यो कृषक पेन्सन, परिचयपत्र वनिसकेपछि वर्गीकरण सबैको काम हुन्छ । यसपालिदेखि यो बजेटमा जुन विनियोजन गरिएको छ । यसलाई मलाई लाग्छ कि कार्यविधि बनाएर यो प्रक्रिया अगाडि बढ्छ ।

माननीयज्यूले फलफूल र मुस्ताङको स्याउको कुरा उठाउनुभएको छ । स्वभाविक रूपमा यसपालि सरकारले र खालि कृषि मन्त्रालयले गाउँपालिकालाई यो

उत्पादनको आधारमा सित भण्डार बनाउने र खास गरी कर्णाली प्रदेशलाई प्राथिमकतामा राखिएको छ । जुन गाउँपालिकाले लेखेर दिएको छ । हामी साझेदारी गर्छौं । किनकि त्यसको स्वामित्व पनि गाउँलाई पनि हुन्छ । ठुल्ठुला हैन सित भण्डार बढाउँदाखेरि धेरै सित भण्डारहरू अहिले बनेको छैन् । त्यसकारण यसपालि सरकारको नीति के हो भने र प्रदेश सकारको मन्त्रीसँग र सचिवहरूसँग सङ्क्षेपमा छलफल गर्यौं । अहिले ऐनमा व्यवस्था छ । समन्वय गरेर विकासको कृषि क्षेत्रमा काम गर्नुपर्ने कारणले कर्णाली प्रदेशमा सित भण्डारको सानो सानो सित भण्डारको आवश्यकताको हिसाबमा साझेदारीमा गर्ने कुरा भएको छ । त्यहाँको जुन फलफूल छ । जुन प्रकारको स्याउ छ । त्यो सबै स्याउहरू सबै समस्याहरूलाई कसरी व्यवस्थित गर्न सकिन्छ । त्यसकारणले त्यो प्रकारको व्यवस्था मिलाइएको छ ।

केही वर्षमा यहाँ पनि अगिभन्दा हामी केही वर्षमा फलफूलमा केरामा अहिले पनि हामी अब आत्मनिर्भर हुने अवस्थामा छौं । केरा खेती दिन प्रतिदिन नेपालमा बढ्दै गइरहेको छ । फलफूल आफ्नै भइरहेको छ । र अस्ति पनि भर्खरै जुन ५ तारिकको नेपालको क्वारेन्टाइन ७ ठाउँमा छ । नेपाल सरकारको भारतमा, दिल्ली जानुपर्ने, लखनाऊ जानुपर्ने र कलकता जानुपर्ने । नेपालका किसानहरूले निर्यात गर्दाखेरि ५ दिन, ७ चियाहरूको दिन ट्रकहरू नेपालमा बस्नु पर्ने । अस्ति भर्खरै भारत सरकारसँग कुरा गरेर अहिले रक्सौलमा त्यो प्रयोगशाला खाद्य प्रयोगशाला अब दिल्ली र कलकता जानुपर्दैन । भन्दाखेरि अस्ति जुनमा म गएर म यहाँबाट गएको थिएँ त्यहाँको मन्त्री गएर आउँदाखेरि त्यसको उद्घाटन भएको छ । र त्यहीबाट सुलभ ढङ्गले त्यो समस्याको अहिले हल हुन्छ । र हामीले के भनेका छौं भने सात ठाउँमा जहाँ सीपीआई, आईसीपी छ । सबै ठाउँमा भारत सरकारले त्यहीं क्वारेन्टाइन बनाउनुपर्ने । ताकि दुइटै देशको आवत जावतमा र खासै व्यापार गर्ने क्षेत्रलाई यसलाई दुइटै क्षेत्रमा आर्थिक क्षेत्रमा यसको प्रभाव पर्ने भएकोले दुइटै क्षेत्रमा यसको व्यवस्था गर्नुपर्दछ भने र भारत सरकारसँग हामीले अनुरोध गरिएको धेरै कृषि क्षेत्रहरूमा अस्ति भर्खरै भारत सरकारसँग हाम्रो कृषि क्षेत्रमा कुरो भएको । दुइटै देशको प्रविधिकहरू, प्रविधिहरू र वैज्ञानिकहरू दुइटै देश मिलेर हाम्रो एउटा कमिटी बनेको छ । र covid-19 को कारणले दुई वर्षसम्म छलफल हुन सकेन ।

एउटा कृषि ओर्कर समिति भनेको छ र नेपालमा बस्ने कुरा भएको छ। त्यसबाट मलाई लाग्छ कि कृषि क्षेत्रमा हुने जस्तो अहिले खोरेत सुई इन्जेक्सनको कुरा छ ।

नेपालमा बन्दैन भारत सरकारमा पनि त्यो छैन् । र त्यति बेला पनि हामीले सहज वातावरण बनाइदियौं । किनकि खोरेतको इन्जेक्सन नभएको कारणले हाम्रो धेरै निर्यात हुने छुर्पीहरू अहिले विदेशहरू रोक्दिएको छ । त्यसकारणले खोरेतको सुईको लागि भारतसँग । हामीले त्यहाँ फ्यासिलेटर गर्दिने कुरा गरेका छौं । जस्तो अब ..... कुरा गरेका छौं । त्यो अहिले नेपालमा त्यसरी हाम्रो दुधको जुन अहिले अबस्था छ । अहिले अमेरिकाबाट अहिले ७ ओटा बुलहरू ल्याइएको छ । अहिले दक्षिण कोरियाबाट २० ओटा बुलको ल्याउने गाईको प्रक्रिया छ । भन्दाखेरि नस्लमा आमुल नस्लमा गाई र भैसीमा २ लाखमा चाहिँ ...... गरेर त्यो प्रक्रिया हामीले नस्ल सुधार गर्न सक्यौं भने दुधमा आत्म निर्भर हुन सक्दैनौं ।

त्यसकारणले नेपालको स्थित र हाम्रो बजेटको अवस्था विगतभन्दा दुई २ दशमलम ५ प्रतिशत थियो । १०/११ अबर रुपैयाँ बढेको छ । मोटामोटी हाराहारीमा हेर्ने हो भने ३ प्रतिशत हुन सक्छ । भन्दाखेरि यो अवस्थामा बजेटको सिलिङको आधारमा यहीं नै हो । सबै माननीयज्यूहरूसँग मेरो विशेष आग्रह के छ भने यहीं जगलाई यहीं क्षेत्रलाई हामीले सबै क्षेत्रमा बाँझो जमिनको लागि ।

यहाँ मुस्ताङको कुरा उठेको छ । मलाई अहिले पनि लाग्छ कि सबैभन्दा बाँझो जमिन भनेको कर्णालीको प्रदेशमा हो । र कर्णाली प्रदेश आज गरिबी किन भो भने जति हामीले यहाँ गोदामको कुरा अन्न त्यहाँ पठाउने कुरा हुन्छ भने । त्यहींको बाँझो जमिनलाई र विदेशमा जाने युवाहरूलाई हामीले त्यही क्षेत्रलाई प्राथमिकता त्यहाँको धेरै माननीयज्यूसँग मैले कुरा गरेको छु । त्यसकारणले त्यहाँको जग्गाको बारेमा, बाँझो जमिनको बारेमा सरकारले अब त्यहाँ प्रोग्राम गर्ने हो । त्यहाँ कार्यक्रम लिएर जाने हो । कार्यक्रम के लिएर जाने हो भने बाँझो जमिनको लागि के गर्ने, विदेशी युवाहरूको लागि अहिले जसरी भए पनि १ बिगाह खेती गर्न सकिन्छ । अब १ बिगाह खेती खण्डे खेतीले अब नेपालको उत्पादन र व्यवासायीकरण हुन सक्दैन । त्यसकारणले प्लटबन्दी खेती गर्नुपर्दछ । प्लटबन्दी खेतीको लागि सरकारले पानी, बजुली, त्यहाँ माटोको परीक्षण त्यहाँ भएको उत्पादन, हाइब्रिड बिजनको व्यवस्थापन गरेर सरकारले खरिद गरिदिनुपर्ने हुन्छ । र बजारीकरणको व्यवस्था भयो भने मात्र देश आत्मनिर्भर हुन सक्छ ।

अहिले पनि १६ लाख मेट्रिक टन र १७ लाख मेट्रिक टन अहिले पनि धान चाहिन्छ । त्यति धान हामीले उत्पादन गर्नको लागि अब सामूहिक खेती, निजी खेती र

सरहकारी खेती तीन प्रक्रियाको खेती सरकारको नीति रहेको छ । त्यसकारण यो नीतिअन्तर्गत नै रहेर हामीले यो कामलाई हामीले आत्मनिर्भर बनाउन सक्छौं । देशलाई आत्मनिर्भर बनाउनको लागि कृषिकै जग, कृषिको माटोबाट हावा पानीबाट राम्रो छ । यसैबाट सबै समयमै मलखाद पानी सबै बजारीकरण सबै व्यवस्था हामीले गर्न सक्यौं भने हाम्रो देश आफ्नै देशमा निर्भर हुन सक्छ । त्यसकारण मैले निवेदन गरें ।

यी कुराहरू जुन छ नि यसले कृषि क्षेत्र स्वभाविक रूपमा देशको अर्थतन्त्रको मेरूदण्डको रहेको छ । यही मेरूदण्डलाई हामी सबैले नेपाली जनताले खास गरिकन अध्यक्षज्यूको मार्फत माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु । तपाईंहरूले राखुभएको जिज्ञासा मैले दिने प्रयास गरेको छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, माननीय मन्त्रीहरूले आआफ्नो मन्त्रालयअन्तर्गतको विनियोजन शीर्षकहरूमाथि राष्ट्रिय सभाका माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरू केन्द्रित भई जवाफ दिन म ध्यानकर्ष गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय संस्कृति, पर्यटन नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

माननीय विमला राई पौडयाल । के भन्न खोज्नु भा' ?

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पर्यटन मन्त्री हाम्रो संस्कृति, पर्यटन तथा उड्डयन मन्त्री अहिले बोल्न लागि राखुभएको छ । संसदमा उहाँसम्बन्धी उहाँले बोलेको असाध्यै अभद्र कसैले पनि सुन्न नसक्ने अपाच्य अडियो सार्वजनिक भएको छ । सामाजिक सञ्जालमा करिब एक हप्तादेखि त्यो अडियोले सबैको ध्यानआकृष्ट गरेको छ । हामी धेरै जना मान्छेहरू त्यो अडियो सुन्न सक्ने अवस्थामा पनि छैनौं । र सबैले प्रश्न उठाइराखेको छन् । सार्वजनिक पदधारण गर्ने व्यक्तिले यसरी बोल्न मिल्छ कि मिल्दैन ? उहाँले जुन किसिमले गाली गलौज गर्नुभएको

छ । जसरी आइरहेको छ । त्यो गाली गलौज सर्वसाधारण मान्छेले गर्न सक्दैन हामी सार्वजनिक पद धारण गरेर बस्ने व्यक्तिहरूले त यो क्षम्य नहुने खालको काम गरेको मलाई महसुस भएको छ । हुनत यो यस्तै खालका पहिला पनि नभएका हैनन् । प्रधानमन्त्री सुशिल कोइराला हुनुहुदाँखेरि तत्कालीन कृषि मन्त्रीले एक जना महिलासँग हिलो छ्यापाछ्याप गरेर र खेल्दाखेरि असार १५ मा खेल्दाखेरि यस्तै तरिकाले बिरोध भएको थियो । र तात्कालीन प्रधानमन्त्रीले पनि उहाँलाई राजीनामा दिन लगाउनुभएको थियो र आफैले सार्वजनिक रूपमा माफी माग्नुभएको थियो र राजीनामा दिनुभएको थियो ।

त्यस्तै गरीकन पछि फेरि कानुन मन्त्रीले विदेशमा जाने महिलाहरूको बारेमा बोलेको टिप्पणीले गर्दा उहाँले सार्वनजिक रूपमा माफी माग्नुभएको थियो । र त्यसपछि उहाँ र उहाँ सम्वद्ध पार्टीले पनि पार्टीले कार्यबाही गरेर निकालेको थियो ।

अहिलेको मन्त्रीले, अहिलेको हाम्रो मन्त्रीज्यूले जसरी बाहिर बोलेर यो अडियो आएको छ। यो अडियोले सबैले हामीलाई प्रश्न गर्न थालेका छन् । प्रधानमन्त्रीज्यूले त सुन्नभएन, बुझ्नुभएन अथवा पचाउनुभयो मलाई थाहा छैन । उहाँ सम्बद्ध राजनीतिक दलले पनि यसलाई एकदमै साधारण लागेको ठानेको होला त्यो पनि मलाई थाहा छैन । तर संसदले यसले साधारण ठान्न सक्नैन् सम्माननीय अध्यक्षज्यू, त्यसले गर्दाखेरि उहाँ बोलेको जुन अभद्र अडियो टेप बाहिर आएको छ । उहाँले महिलालाई नै केन्द्रित गरेर गाली गर्नुभा'को छ फेरि । पुरुषलाई गाली गर्नुभा'छ तर महिलालाई नै चाहिँ त्यसको गाली गलौजको केन्द्र पनि बनाउनुभएको छ । यो अभद्रता हुँदैन यसको लागि चाहिँ आज संसदमा सम्बोधन गर्नुभन्दा पहिला सार्वजनिक रूपमा मन्त्रीज्यूले माफी माग्नुपर्छ भनेर मैले सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य, तपाईं बस्नुस् ।

माननीय मन्त्रीको ध्यान गएकै होला । माननीय मन्त्रीलाई म समय उपलब्ध गराउँछु ।

**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रेम बहादुर आलेः**- धन्यवाद । सम्माननीय अध्यक्ष महोदय, आगामी आर्थिक वर्ष २०७९/८० का लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेटउपर मिति

२०७९/०३/०८ गते राष्ट्रिय सभाको बैठकमा माननीय सांसदज्यूहरूले उठाउनुभएका प्रश्नहरूको जवाफसहित आफ्नो भनाइ राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेस भएको आगामी आर्थिक वर्ष २०७९/८० को नेपाल.....

(माननीय विमला राई पौडयाल आफ्नो सिटअगि उभिनुभएको)

(**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू बस्नुस्, बसौं माननीय सदस्य)

(माननीय विमला राई पौडयालसहित केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिनुभएको)

.....सरकारको विनियोजन विधेयकउपर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित विषयमा माननीय सदस्यज्यूहरूले व्यक्त गर्नुभएको गहन सुझाव, सल्लाह र जिज्ञासाका लागि हृदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै आगामी आर्थिक वर्षका लागि मन्त्रालयबाट अगि सारिएका कार्यक्रहरूप्रति सकारात्मक टिप्पणी गरी मलाई यस क्षेत्रको विकासका लागि ऊर्जा प्रदान गर्नुहुने माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आगामी आर्थिक वर्षका लागि तर्जुमा गरेको बजेट नेपालको संविधान चालु पन्धौं योजना संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित कानुनहरू क्षेत्रगत नीति नेपालको राष्ट्रिय पर्यटन रणनीति गुरुयोजना २०१६ देखि २०२५ तथा आ. व. २०७९/८० का लागि नेपाल सरकारको स्वीकृत वार्षिक नीति तथा कार्यक्रमसमेत आधार तयार गरिएको विषयमा यस सम्माननीय अध्यक्षज्यूमार्फत माननीयज्यूहरूलाई प्रस्ट पार्न चाहन्छु ।

सभा अध्यक्ष महोदय, मन्त्रालयलाई प्राप्त बजेट सिलिङ कार्यक्रमको माग, औचित्य र आवश्यकता तथा क्षेत्रीय सन्तुलनलाई बजेट तथा कार्यक्रममा तयारीका सन्दर्भमा ध्यान दिइएको बेहोरा माननीय सदस्ज्यूहरूलाई विश्वास दिलाउन चाहन्छु । विनियोजन विधेयकमा मेरो मन्त्रालयसँग सम्बन्धित विषयमा १५ जना माननीयज्यूहरूले जिज्ञासा राख्नुभएको थियो । जिज्ञासा राख्ने सबै माननीयज्यूहरूलाई पुनः धन्यवाद दिँदै छलफलमा उठेका विषयमा निम्नअनुसार प्रष्ट पार्न चाहन्छु ।

साना साना कार्यक्रम बजेट छरिएको विषयमा माननीयज्यूहरूले कुरा यहाँ उठाउनुभ'को छ । माननीय भगवती न्यौपाने, सोनाम गेल्जेन शेर्पा, माया प्रसाद शर्मा, हरि राम चौधरी, राजेन्द्र लक्ष्मी गैरे र माननीय गोपी बहादुर हमालज्यूले राखेको प्रश्नमा मैले नेतृत्व गरेको मन्त्रालयमा मुलतः तीनओटा विषयसँग सम्बन्धित रहेको छ । संस्कृति, पर्यटन र नागरिक उड्डयन त्यसमध्ये पर्यटन र नागरिक उड्डयन क्षेत्र तथा केही महत्त्वपूर्ण धार्मिक क्षेत्रहरू जस्तै- पशुपति क्षेत्र, लुम्बिनी क्षेत्रको विकासमा ठुलो बजेटको आवश्यकता रहेको छ । तर दूरदराजसम्म छरिएर रहेका स्थानीय नागरिकहरूका आस्थाका केन्द्रको रूपमा रहेको मठ, मन्दिर, मस्जितलगायत धार्मिक तथा सांस्कृतिक क्षेत्रको संरक्षण गर्नु सरकारको संवैधानिक दायित्व हुन आउने हुँदा त्यस कार्यक्रममा बजेट व्यवस्थापन गर्नुपर्ने हुन्छ । सोही आधारमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

नीति तथा कार्यक्रममा बजेटको तालमेल नभएको सम्बन्धमा माननीय खिमलाल भट्टराईले राखेको प्रश्नमा सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयकमा प्रस्तावित बजेट सरकारको नीति तथा कार्यक्रमभन्दा बाहिर नरहेको विश्वास दिलाउन चाहन्छु । संस्कृति, पर्यटन र नागरिक उड्डयनको क्षेत्रमा रहेको क्षेत्रगत नीतिलाई सम्बोधन गर्नका लागि बजेट केन्द्रित रहेको छ । यद्यापि न्यून बजेट सिलिङका कारण कतिपय कार्यक्रमहरू बजेट समावेश गर्न सकेको छैन । तर पनि प्रस्तुत बजेटको प्रभाकारी कार्यन्वयन गरी नीति तथा कार्यक्रममा उल्लेख, उल्लेखित प्रतिवद्धताहरू पूरा गर्दै लैजाने विश्वास दिलाउन चाहन्छु ।

हवाई सेवा सुरक्षित र भरपर्दो नभएको सम्बन्धमा माननीय राजेन्द्र लक्ष्मी गैरेजीले राख्नुभ'को प्रश्नमा विश्वभरि नै हवाई जहाज उत्पादन कम्पनी र नियमकारी निकायले तय गरेको अन्तर्राष्ट्रिय मापदण्डअनुसार निश्चित समय अवधिमा पाट पुर्जा अनिवार्य रूपमा परिवर्तन गर्नुपर्ने । तोकेको समय तालिकाअनुसार मर्मत, सम्भार गर्नुपर्ने विश्वव्यापि मान्यता रहेको छ । नेपालमा समेत सोहीअनुसार नियमित मर्मत, सम्भार गरी हवाई सेवालाई सुरक्षित बनाउने कार्य भइरहेको छ । ब्रान्ड न्यु विमानबाहेक नेपालले दुर्गम उडानका लागि नन् प्रेसराइज विमान ल्याउँदा २० वर्ष र सुगम भेगमा उडान भर्ने मजौला तथा प्रेसराइज जहाज ल्याउन १५ वर्षको अवधि नियम बनाएको छ । यो नियमलाई हामी ५ वर्ष घटाएर क्रमशः १५ र १० वर्षमा बनाउने तयारीमा छौं ।

हालै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन आइकाओको अडिटले नेपालको हवाई सुरक्षा उल्लेखनीय प्रगति भएको देखिएको छ । विश्वको औसत उडान सुरक्षादर ६७ प्रतिशत र एशिया प्यासिफिक क्षेत्रको औसत ६३ प्रतिशत रहेको सन्दर्भमा नेपालले हवाई इतिहासमा पहिलोपटक उडान सुरक्षा एडिटमा ७० दशमलब १ प्रतिशत अङ्क प्राप्त गरेको छ । एशिया प्यासिफिक क्षेत्रको तथा विश्वको औसत अङ्कभन्दा नेपालको प्राप्त गरेको अङ्क अधिक हुनु हवाई सुरक्षा तथा नियमनमा हामीले गरेको प्रयासले प्रतिफल रहेको बेहोरा माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु । अडिटले औंल्याएका विषयहरूमा मन्त्रालयले गम्भीर रूपमा लिई हवाई सुरक्षा मजबुत गरिने छ । यसका साथै हवाई सेवा र सुरक्षासम्बन्धी नीति प्रविधि, विधि र क्रियाकलापमा समेत सुधारात्मक कार्यहरू अगाडि बढाइएकोले सेवाको गुणस्तर र विश्वसनीयता थप अभिवृद्धि हुने देखिन्छ ।

हवाई क्षेत्रलाई सुरक्षित, विश्वसनीय र भरपर्दो बनाउन मन्त्रालय प्रतिबद्ध छ । त्यसका लागि कानुन कार्यविधि र संस्थागत पुनर्संरचना सुरु भएको छ । नागरिक उड्डयन प्राधिकरण र सेवा प्रदायक र नियमनकारी निकाय बनाउन बनाइएको विधेयकको मस्यौदा राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा आइसकेको छ । सरोकारवालासँग छलफल गरेर यसलाई चाँडै अगि बढाइने छ । नेपाल हवाई सेवा कम्पनीलाई आफ्ना सदस्य मुलुकमा उडान निषेध गर्ने युरोपियन युनियनसँग निरन्तर भइरहेको छलफल सकारात्मक दिशातर्फ बढेका छन् ।

पाल्पा अवस्थित भगवती मन्दिर बजेट अभाव भएको सम्बन्धमा माननीय राजेन्द्र लक्ष्मी गैरेजीले राखुभ'को प्रश्नमा सम्माननीय अध्यक्ष महोदय, सीमित स्रोत, साधन माग गरेका सम्पूर्ण योजनाहरू समावेश गर्न नसकिएकै हो । कतै बजेट दोहोरोपन भएको, बजेट छुट्न गएका क्षेत्रलगायत कार्यक्रम संशोधनबाट समेत संशोधन गर्न सकिने छ । तर मेरो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिलिङ विगतभन्दा करिब साढे १० अरबले घट्न गएको हुनाले बारम्बार माननीय अर्थमन्त्रीलाई भेटेर क्याविनेटको मिटिङमा कुरा राख्दा पनि सुनवाइ भएन त्यसले गर्दाखेरि थुप्रै माननीयज्यूले राखेको प्रश्नमा मैले बजेटको व्यवस्थापन गर्न सकिनँ । यदि बजेट प्राप्त भएको भए अवश्य पनि तपाईंहरू सबैको माग सम्बोधन हुनेथ्यो भन्ने कुरा म यहाँ राख्न चाहन्छु ।

साथै १० लाख पर्यटक भित्र्याउने सम्बन्धमा माननीय विमला घिमिरेले राखुभएको प्रश्नमा कोरोना महामारीबाट विश्व मुक्त हुने क्रममा रहेको र विश्वमा आर्थिक पनर्उत्थान

भई आयमा वृद्धि हुँदै गएको छ । पर्यटकीय गतिविधिहरू पुरानै लयमा फर्किने क्रममा रहेको छ । नेपालमा पछिल्ला महिना औसत ५० हजारको हाराहारीमा पर्यटकको आगमन भइरहेको छ । आगामी सेप्टेम्बरदेखि डिसेम्बरसम्म उल्लेखीय रूपमा पर्यटकको सङ्ख्या थप बढ्ने देखिएको हुँदा सन् २०१८ को १० लाख आगमनलाई आधार मान्दा पर्यटकहरूको नेपाल आगमन भएको आग्रहलाई आधार मान्दा सोहीबमोजिम १० लाख पर्यटक भित्र्याउन सहजै सम्भव रहेको देखिन्छ । सातवटै प्रदेशमा पर्यटकीय पूर्वाधारतर्फ सन्तुलित पूर्वाधारका योजना ल्याइएका छन् । हिमाल आरोहण तथा ..... यात्राको सहजताका लागि ग्रेट हिमालीयन ट्रेड, सुधारका पर्यटन विभागमार्फत बजेट विनियोजन गरिएको छ । पर्यटकीय क्षेत्र विकासका लागि करिब २०० ओटा पालिकासँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने ९० करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै सातवटै प्रदेशमा हिल स्टेशन, संस्कृति पदमार्ग बजेट विनियोजन गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, भैरवा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याइएको छ । सात दशकपछि थपिएको यो दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भावी पुस्ताका लागि हाम्रो नासो हो । काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अब विगतमा जस्तो हवाई चाप न्यून भई हवाई यात्रा सहज हुने छ । काठमाडौं विमानस्थललाई चौबीसै घन्टा सञ्चालनमा ल्याइएको कारणसमेत पर्यटकीय वृद्धिमा टेवा पुग्ने छ । बिमस्टेक क्षेत्रमा नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित बिमस्टेक सदस्य राष्ट्रिय पर्यटन मन्त्रीस्तरीय सम्मेलन आयोजना गर्ने गरी कार्यक्रम तय गरिएको छ । पर्यटन विकासका लागि नेपाल स्थित विदेशी कूटनीतिक नियोगहरूसँग अन्तरक्रिया कार्यक्रम प्रस्ताव गरिएको छ ।

होटल तथा क्यासिनोको सञ्चालन र सेवा प्रवाहको नियमनलाई प्रभावकारी बनाउँदै लगिएको छ । २०७० सालमा क्यासिनो नियमावली जारी भएपश्चात् साबिकका इजाजत लिएका क्यासिनोहरूले समेत इजाजत लिनुपर्ने र हरेक वर्ष नवीकरण गराउनुपर्नेलगायतका कानुनी प्रावधान हुँदाहुँदै सो कानुनी प्रावधानबमोजिम नवीकरणसमेत नगरिएका कारण इजाजत पत्र रद्द गर्ने गरी निर्णय भएकोमा सो निर्णयउपर सम्मानित सर्वोच्च अदालतमा रिट गरेकोमा अदालतबाट नियमित सञ्चालन गर्न दिनु भनी जारी भएको आदेशलाई आधार मानी क्यानोहरूलाई सञ्चालन हुँदै आएका थिए । तर हरेक सालको आर्थिक ऐनको प्रावधानबमोजिम बुझाउने पर्ने नवीकरण दस्तुर बक्यौता रहँदै आएकोमा विगत सरकारहरूले समेत सरकारी बक्यौता उठाउन पहल नगरेको अवस्थामा

म मन्त्रालयको नेतृत्वमा आएपछि रोयल्टी उठाउन पटक पटक पत्रचार र सार्वजनिक सूचना जारी गर्दासमेत सरकारी बक्यौता रकम नबुझाई अटेर गरी क्यासिनो ..... सञ्चालन हुँदै आएको अवस्थामा पछिल्लोपटक केही क्यासिनोबाट करिब १ अरब रुपैयाँ असुल गराएको छु । होटललगायत निजी क्षेत्रमा आकर्षण र लगानी वद्धि हुँदै गएको अवस्थामा यसले सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पर्यटन अभिवृद्धि हुने विश्वास लिएको छु । यो रोजगारीसँग प्रत्यक्ष जोडिएको पनि हो । थप पर्यटक भित्र्याउने सम्बन्धमा विदेशस्थित नेपाली दूतावास कूटनीतिक नियोगहरू गैरआवासीय नेपाली तथा नेपाली हस्पोरियासँग समन्वय गरिने अवधारणा मन्त्रालयले लिएको छ । पर्यटन पूर्वाधार र उपजको  विविधीकरण गर्दै पर्यटकको बसाइ अवधि र प्रतिपर्यटक प्रतिदिन खर्च बढाउन जोड दिने कार्यक्रम तयार गरिएको छ ।

विराटनगर विमानस्थलको सम्बन्धमा माननीय गोपी बहादुर हमालज्यूले राख्नुभ'को प्रश्नमा विराटनगर विमानस्थल विस्तारका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७७/०७/२७ मा १२६ दशमलब ४६ बिघा जग्गा अधिग्रहण गर्ने निर्णय भएको थियो । उक्त निर्णय कार्यान्वयनका लागि १६ अरब बजेट आवश्यक पर्ने अनुमान प्राप्त हुन आएको थियो । उक्त कार्यको लागि चालु आ. व. मा नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिकाबाट समेत बजेट विनियोजन हुन सकेको छैन । साथै आगामी आ. व. मा समेत १६ अरब रुपैयाँ बजेट व्यवस्थापन गर्न नसकेको हुँदा पछिल्लो समय ८४ दशमलब १४ बिघा जग्गा मात्र प्राप्ति गर्ने गरी निर्णय पुनरावलोकन  प्रस्ताव प्राप्त भएको छ । उक्त विषयमा चाँडै नै निष्कर्षमा पुगी कार्य अगि बढाइने छ ।

दाङको तुलसीपुरमा रहेको विमानस्थलको लागि बजेट कम भएको सम्बन्धमा माननीय जगत प्रसाद शर्माजीले राख्नुभएको प्रश्नमा दाङको तुलसीपुरमा रहेको टरिगाउँ विमानस्थलको लागि आगामी आ. व. को लागि रु. २ करोड बजेट विनियोजन भएको छ । पर्यटन मन्त्रालय बजेट सीमा घटेको परिप्रेक्ष्यमा बजेट व्यवस्थापन भएको हुँदा यसलाई प्रभाकारी कार्यान्वयन हुँदै गए कार्यक्रम संशोधनसमेत सम्बोधन गर्दै लगिने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । साथै नेपाल नागरिक उड्डयन प्राधिकरणसित पनि करिब वार्षिक १४ देखि १५ अरब बजेटको व्यवस्थापन हुने भएकोले आन्तरिकबाट पनि यसलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

लुम्बिनी क्षेत्रको सम्बन्धमा माननीय विमला घिमिरे, माननीय खिमलाल भट्टराईजीले उठाउनुभएको प्रश्नमा लुम्बिनी क्षेत्रको विकास, राष्ट्रिय गौरवको समेत

आयोजना भएको हुँदा यथासक्य बजेट व्यवस्था गर्ने कोसिस गरिएको छ । लुम्बिनी विकास गुरुयोजनाबमोजिम कार्यको लागि १५५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । भगवान बुद्ध र बुद्ध धर्मसम्बन्धी प्रत्यक्ष रूपमा सम्बन्ध भएका कपिलवस्तु जिल्लाका सातओटा नवलपरासी जिल्लाको रामग्राम र रुपन्देही जिल्लाको लुम्बिनी र देवदह क्षेत्रलाई समेत समेटी नेपाल सरकारले यस अगि नै बृहत्तर लुम्बिनी क्षेत्र घोषणा गरिसकेको छ । बृहत्तर लुम्बिनी क्षेत्रभित्रको पुरातात्त्विक, क्षेत्रको गुरुयोजना लुम्बिनी विकास कोषमार्फत बनिरहेको छ । स्थानीय तहसमेत समन्वयमा पहुँच मार्ग निर्माण भइरहेको छ । कपिलवस्तु जिल्लाको तिलौराकोटमा ७५ बिघा जग्गा अधिग्रहण गर्नुपर्नेमा ३५ बिघा जग्गा अधिग्रहण भइसकेको छ । बाँकी जग्गा अधिग्रहणका लागि आगामी वर्ष रु. १५ करोड बजेट विनियोजन भएकोसमेत जानकारी गराउँदै प्रश्नकर्ता माननीयज्यूहरूलाई पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै मेरो भनाइ यहीँ अन्त गर्छु । धन्यवाद ।

(केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिरहनुभएको)

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्नु चाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय सदस्यहरू यहाँहरू बसिदिनुस् । माननीय सदस्यहरूलाई म पुनः बस्न आग्रह गर्दछु ।

**माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- .....(आवाज नसुनिएको) उहाँले हमाल भन्नुभो' पटक पटक त्यसलाई सच्चाउँदा राम्रो होला भन्ने लागेको छ । धन्यवाद ।

(केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिरहनुभएको)

**सम्माननीय अध्यक्ष**:- धन्यवाद । माननीयज्यू ।

माननीय सदस्यहरू, तपाईंहरूले राख्नुभएको विषयमा सिँगो सदनको ध्यानाकार्षण भएको छ । सम्बन्धित मन्त्रीले सुन्नुभएकै छ । बोल्ने पालो उहाँकै छ । फेरि पनि उहाँले केही जिज्ञासाहरू यहाँहरूले राख्नुभो' भने त्यहाँ जवाफ दिनुहुने छ । आफ्नो विषयमा, उठेको विषयमा प्रस्ट पार्ने सम्बन्धित मन्त्रीको आफ्नै कर्तव्य पनि हो । यसकारण म माननीयहरूलाई बस्न आग्रह गर्दछु । माननीज्यूहरू यहाँहरू बस्दिनुस् ।

(केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिरहनुभएको)

माननीय सदस्यहरू संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०७९ माथिको विनियोजन शीर्षकमा माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम बहादुर आलेले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण सोध्न कुनै पनि माननीय सदस्यहरूको नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीयहरू बस्दिनुस् । माननीय विमला राई पौडेल ।

(केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिरहनुभएको)

**माननीय श्री विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, मन्त्रीहरू, सांसदहरू, कर्मचारीहरू, न्यायाधीशहरू सार्वजनिक पद धारणा गरेको व्यक्तिहरू हो । उहाँहरूले देखाएको चरित्रले समाजलाई कसरी अगाडि बढाउने भन्ने कुराको निर्धारण गर्छ । यस्तो संवेदनशील विषयमा मन्त्रीज्यूले गल्ती गरेँ भनेर माफी माग्न पनि नसक्ने, गल्ती पनि गरिराख्ने अनि हामी सांसदहरू सुनेको केही पनि भा'को छैन जस्तो गरेर मन्त्रीज्यूले बोलेको हामी सुनिरहने, पचाइराख्ने हो भनेदेखि त यो राजनीतिक कल्चर हामीले यो संसदीय प्रणाली हामीले कतातिर लैजाँदै छौं भन्ने कुरामा एकदमै धेरै चिन्ता उत्पन्न भएको छ । गल्ती हुन्छ मान्छेबाट तर गल्ती भइसकेपछि मेरो गल्ती भयो भनेर स्विकार्न सक्न पछ्छ । यदि स्विकार्ण सकिँदैन भनेदेखि राजीनामा दिन पर्छ । सम्माननीय अध्यक्षज्यू, यो हाम्रो माग हो । यो मैले मेरो लागि भनेर मात्रै भनिराखेको छैन । यो

संसदीय अभ्यासमा सार्वजनिक पद धारण गरेको व्यक्तिहरूको आचरण दिन वदिन खस्किदै गइरहेको छ । यो प्रवृत्तिको अन्त गर्न, यो प्रवृत्तिको अन्त गर्नको लागि पनि यो माग आज मैले राखेको हो र यसमा यो माग चैं मेरो निरन्तर रही नै रहेको छ । र अहिलेको मन्त्रीज्यूले फेरि पनि सम्बोधन गर्नुभयो भने पनि यो माग फेरि पनि तेर्सी नै रहने छ उहाँ अगाडि । किनभने उहाँमा अलिकति पनि नैतिकता छ भनेदेखि त राजीनामा दिन पर्थ्यो । नभए पनि कम्तिमा गल्ती भयो, मैले गल्ती गरें भनेर भन्न नसक्ने हो भनेदेखि यो चैं हाम्रो संसदीय व्यवस्थापनप्रतिकै खतरा हो भन्नेर मैले बुझ्छु । त्यसकारण पनि म बस्न सकिराखेको छैन । धन्यवाद ।

(केही महिला माननीय सदस्यहरू आआफ्नो सिटअगि उभिरहनुभएको)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, सम्बन्धित मन्त्री र सिंगो सदनको ध्यान गएको छ । यसकारण म यहाँहरूलाई बस्न आग्रह गर्दछु र अर्को मन्त्रीको पालो भा'को हुँदा यहाँहरूलाई म बस्न फेरि पनि अनुरोध गर्छु । माननीय सदस्यहरू बस्दिनुस् । बस्दिनू माननीय सदस्यहरू ।

(उभिनुभएका महिला माननीय सदस्यहरू आआफ्नो सिटमा बस्नुभएको)

माननीय सदस्यहरू, अब म माननीय सहरी विकास मन्त्री रामकुमारी झाँक्रीलाई सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय सहरी विकास मन्त्री श्री रामकुमारी झाँक्री</u>**ः- सम्माननीय अध्यक्षज्यू, यो विनियोजन विधेयकको मन्त्रालयगत छलफलको सन्दर्भमा असारको ६ गते राष्ट्रिय सभामा छलफल भइरहेको थियो । माननीय सदस्यज्यूहरूले खास गरी मैले १/१ भन्दा पनि प्रवृत्तिगत हिसाबले ३/४ ओटा प्रश्नहरूको वरपर आफ्ना केही जिज्ञासाहरू विनियोजन शीर्षकमाथि र आगामी दिनमा सरकारका कार्यक्रम त्यसका प्राथमिकता र त्यसले लिने बाटोका बारेमा केही सुझावहरू, केही मार्गदर्शनहरू गर्नुभा'को थियो । तीमध्ये मूलतः

मूलतः सहरी विकास मन्त्रालय, उसले आफ्नो कोर फङ्क्सन कसरी गर्छ र यसका बजेट विनियोजनका गाम्भीर्यता, संविधानको मौलिक हक कार्यान्वयनको सन्दर्भमा, आवासको हकलाई कार्यान्वयन गर्ने सन्दर्भमा पन्धौं पञ्च वर्षीय योजनाले प्रक्षेपण गरेको यो रूपान्तरणकारी आयोजनाहरू र त्यसले गर्दा मुलुकलाई एउटा गेम चेन्जर प्रोजेक्टहरू सञ्चालन गरेर आर्थिक विकास वृद्धि गर्नको लागि, दिगो विकासका लक्ष्यहरू हासिल गर्नको लागि केही अन्तर्राष्ट्रिय प्ल्याट्फर्महरूमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई पूरा गर्नको लागि त्यसमा आधारित आफ्ना कार्यक्रम र प्राथमिकताहरू गर्ने सन्दर्भमा के कामहरू भएका छन् भन्ने सन्दर्भमा गरेका केही सैद्धान्तिक र विनियोजन शीर्षकहरू हेरेर त्यसका सन्दर्भमा केही टिप्णी र केही सुझावहरू राख्नुभा'को थियो ।

त्यसै गरी कतिपय माननीय सदस्यहज्यूहरूले उस्तै प्रकृतिका कामहरू डुप्लिकेशन पालिकाका वडाहरूले, पालिकाहरूले, प्रदेश र सङ्घीय सरकारको सहरी विकास मन्त्रालयले गरिरहेको छ । यस्तो डुप्लिकेशन किन र हामी कसरी यसको अन्त्य गर्ने भन्ने सन्दर्भमा केही मार्गदर्शन र केही सुझावहरू राख्नुभा'को छ । त्यसै गरी, खास गरी सहरी विकास मन्त्रालय र अरू लाइन मिनिस्ट्रीसँग काम बाँडफाँटको सन्दर्भमा कसले के काम गर्ने? जस्तोः सिंहदरबार संघीय सचिवालय आयोजनाभित्र कल्ले के काम गर्ने? मानौं त्यहाँ कुनै पूर्वाधारका काम गर्ने हो भने कस्ले गर्ने? गृह, महिला वा सहरी विकास या कुन मन्त्रालयले भन्ने सन्दर्भमा त्यसको कार्य क्षेत्रसँग मन्त्रिपरिषद्को कार्य विभाजन नियमावली, २०७४ सँग आधारित भएर केही विद्वान माननीय सदस्यज्यूहरूले यो विषय उठाउनुभा' छ ।

त्यसै गरी गरिबी निवारणसँग, रोजगारीसँग र भोलिको सुन्दर, सफा र एकदम दिगो विकाससँग आधारित सहर कस्तो हुन्छ भन्ने सन्दर्भमा र विनियोजनका कामहरू खास गरी नेपालको संविधान अनि संविधानले प्रदत्त गरेको संघीयताको मर्म र त्यसमा आर्थिक वित्तीय हस्तान्तरणको सन्दर्भमा हामीले कस्ता कस्ता कार्यक्रम गर्यौं भन्ने आसपासमा यस्ता प्रश्नहरू गरेको भएर मैले सबै कुराहरू सुनेर त्यसलाई आफैले नोट डाउन गरेर यसका केही सैद्धान्तिक अवधारणा गर्न खोजेको कुरा र के गरेका छौं भन्ने कुरा चैं मात्रै मैले भन्न चाहन्छु ।

र कतिपय माननीय सदस्यस्हरूले चालु आर्थिक वर्षका कार्यक्रमहरूमा बजेट शीर्षकमा देखिएन नि ! के कार्यक्रम काटिएको हो? भन्ने सन्दर्भमा सोधिएका कुरा, कतिपय बहुवर्षीय आयोजना भएका कुरा र खास गरी आवासको हकसँग सम्बन्धित

जनता आवास र सुरक्षित नागरिक आवाससँग सम्बन्धित कामहरू के भएको छ भन्ने सन्दर्भमा राखेका मैले सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूको मार्गदर्शनअनुसार नै म यी विषयवस्तु र जिज्ञासामा मात्रै रहेर आफ्ना केही भनाइहरू माननीय सदस्यज्यूहरू सम्माननीयज्यूमार्फत माननीय सदस्यज्यूहरूलाई म सम्बोधन गर्न चैं चाहन्छु ।

खास गरी सहरी विकास मन्त्रालयका बारेमा हामीले यसको नियमावली, कार्यविभाजन नियमावलीले यसलाई धेरै सीमित गरेको छ । तर सहरभित्रको यातायात, सहरभित्रको खानेपानी, सहरभित्रको विकास, सहरभित्रको पूर्वाधार, सहरभित्रको सेवा र आवासको कुराका धेरै चिजहरू सहरसँग ठोक्किन्छन् । जति ठोक्किन्छन् हामीले शहरको खानेपानीभन्दा बित्तिकै खानेपानी अर्को मन्त्रालय छ । त्यहाँभित्र, शहरभित्रको बाटो घाटो पूर्वाधारको काम करिब करिब ८ १० ओटा इन्टिटीहरूले गरिरहेका छन् । र कतिपय मामला यसका ओभरल्यापिङहरू छन् । त्यसो भा' भएर हामीले केही मापदण्डका कुराहरू गरेका थियौं कि भौतिक पूर्वाधार मन्त्रालयले राष्ट्रिय राजमार्ग र फिडरहरूको काम गर्ने गर्दै गर्दा शहरभित्रका, आवसीय क्षेत्रका कामहरू मूलतः शहरी विकास मन्त्रालयले अर्बान रोडको हिसाबले गर्ने भन्ने करा यस्ता केही मापदण्ड र स्टान्डरहरू छन् ।

त्यसै गरी बस्ती विकासका सन्दर्भमा कतिपय माननीय सदस्यज्यूहरूले भन्नुभा' छ कि यी सहरी विकासले गाउँमा काम गर्दैन भने किन यो यस्तो चाहियो? यो त ग्रामीण विकास पनि मन्त्रालय चाहिन्छ भन्ने सन्दर्भमा, गरेको सन्दर्भमा मन्त्रालयको नाम जे सुकै राखे पनि हामीले केही कार्यक्रमबाट सम्बोधन गर्न खोजेका छौं । बस्ती विकासको कार्यक्रममार्फत बस्ती बस्तीको लिङ्केजमार्फत काम गर्न सकिन्छ कि भनेर नयाँ कार्यक्रमहरू हामीले योबाट कन्सिभ गरेर कार्यक्रममा कार्यान्वयनको लागि लिएका छौं । म यो कुरा भन्दै गर्दा मूलतः लगानी किन गरिन्छ भन्दा केही दायित्व सिजर्ना भ'का छन् त्यसलाई त्यो दायित्व निर्माण गर्न । अर्को लगानी किन गरिन्छ? लगानीबाट आउटपुट निकाल्न । त्यसको इन्भेस्टमेन्टबाट केही रिजल्ट आउन । त्यसले नागरिकको जीवनलाई आजभन्दा सजिलो, सरल, सहज र इकोनोमिक हिसाबले भाइब्रेन्ट बनाउनको लागि गरिन्छ । मूलतः सहरी विकासमा यही कुरा हन्छ । त्यसो भन्दै गर्दा हामीले कतिपय वेल्फेरका यो लोककल्याणकारी कुराहरू छोड्न सक्दैनौं । जस्तोः आवासको हक, आवासको हक नेपालको संविधानको मौलिक हक हो । नागरिकलाई गरिब, दलित, विपन्न, सीमान्तकृत, अति विपन्न गरिबलाई आवासको अधिकार दिने यो

कानुन हो । र यो कानुन बनेको छ, यो कार्यविधि बनेको छ र हामीले आवासको हकको कार्यक्रममार्फत निरन्तर भूमिहीन दलित, गरिबहरूलाई आवास उपलब्ध गराउने काम संघीय सरकारले सशर्त कार्यक्रमको रूपमा स्थानीय तहमार्फत कार्यक्रम गर्ने कार्यान्वयन हो यो ।

त्यसै गरी सुरक्षित नागरिक आवास, यो सुरक्षित नागरिक आवास कार्यक्रम हामीले यसरी काम गरेका छौं । त्यसै गरी जनता आवास कार्यक्रम संघीय सरकारले सशर्त तर प्रदेशमार्फत कार्यान्वयन गर्ने कार्यक्रम हो । र यो कार्यक्रम पहिल्यैदेखिकै कन्टिन्यू कार्यक्रम हो भन्ने कुरा म आग्रह गर्न चाहन्छु । र तेस्रो कुरा के हो भने चालु आर्थिक वर्षमा बहुवर्षीय स्वीकृत भएका अथवा बहुवर्षीय स्वीकृत भएर स्रोत सुनिश्चतता लिएर आयोजना चालु अवस्थामा रहेका कुनै पनि आयोजनाको बजेट काटिने अथवा बजेट नपर्ने भन्ने सन्दर्भै आउँदैन । तर कुनै आयोजना थियो त्यो सालबसाली थियो र सालबसाली आयोजनाबाट हामी एक्जिट भएर नयाँ कार्यक्रममा जानको लागि पहिला ४५ लाखका कार्यक्रम भएका हाम्रा टोल, बस्तीहरूका ती कार्यक्रमहरू चैं हटाउनुपर्ने आफै हट्ने कुरा त स्वाभिक हो । कि त्यसलाई बहुवर्षीय गर्नुपर्यो, कि त्यसलाई स्रोत सुनिश्चतता ल्याएर निर्माण प्रक्रियामा अन्नत कालमा लानुपर्यो । Otherwise चैं ती प्रोग्रामबाट एक्जिट हुनुपर्ने बाध्यता किन छ भने हामीले केही नयाँ कार्यक्रमहरू कन्सिभ गरेका छौं । त्यहाँबाट एक्जिट नभइकिन त्यहाँ जान सकिंदैन भनेर । त्यही कारणले एउटा मौलिक हक कार्यान्वयन गर्ने कुरा छ, इन्टरनेशनल हाम्रा कमिटमेन्टहरू पूरा गर्नपर्ने छ । र अर्को चैं हामीले हाम्रो सहरहरूलाई इकोनोमिक भाइब्रेन्ट र एकप्रकारको लिभेवल सिटी भनेको बस्न लायक सहर बनाउनुपर्ने पनि छ । त्यसो भए आजको आजै २ महिना, ४ महिना, ८ महिनामा एउटा मन्त्रीले बस्न लायक सहर बनाउँछ कि बनाउँदैन भन्दा उसैको कार्यकालमा बन्दैन । तर केही न केही नीतिगत, कार्यक्रमीक, कानुनी सुधार गर्यो भने बस्न लायक सहर हुन्छ । त्यही कारणले अहिले हामीले यो वर्षको चालु आगामी आर्थिक वर्षको लागि हामीले केही कार्यक्रमलाई पाइल्ट प्रोजेक्टको हिसाबले र यसभन्दा अगाडि कार्यक्रमको, निरन्तर कार्यक्रमको हिसाबले युटिलिटी कोरिडरदेखि इन्टिग्रेटेड अर्बान प्ल्यानदेखि लिएर थुप्रै कार्यक्रमहरू हामीले कन्सिभ गरेका छौं । र सिमानाका सहरहरूलाई इकोनोमिक यो आर्थिक विकासको आधारको रूपमा हामीले विकास गर्दै इन्भेस्टमेन्टका कुराहरू त्यहाँ लगानी गर्नुपर्छ भन्ने कुरा यी साना २५ लाख, ३५ लाखका ढल निकासका बाटाहरू बनाउने, टोल टोलका बाटा बनाउने,

वडाले गर्ने जस्ता कामबाट हामी एक्जिट भएर इन्भेस्टमेन्टको मोडल, लगानीको मोडलबाट स्थानीय तह, नगरपालिकाहरूलाई हामीले ठुलो ब्लकमा हामीले लगानी गर्ने ५० करोडसम्म जुन कामले चैं त्यहाँ कुनै न कुनै इम्प्याक्ट देखियोस् । त्यो सहर सौन्दर्य होस्, सफा होस्, फोहोर मैला व्यवस्थापन होस् र त्यहाँ इकोनोमिक एक्टिभिटिजको लागि त्यहाँ मान्छे आउने जाने कुरा होस् र त्यसले एक प्रकार जीवन्त सहर डेड सिटी होइन एउटा जीवन्त सिटी बनाओस् भन्ने हिसाबले हामीले केही कुरा कन्सिभ गर्यौं । र अहिले मूलतः ५१ ओटा नगरपालिकामा ५० करोडको दरले र २१ ओटा नगरपालिकामा ५ करोडको दरले त्यसै गरी अरू बाँकी १७ ओटा सहरहरूमा जुन सिमानाका सहरहरू छन् आर्थिक विकासका आधार भनिएको छ । ट्रान्स हिमालय ट्रेलमा र साउथ बोर्डरतिरका हामीले केही सहरहरूमा ठुलो सङ्ख्यामा हामीले इन्भेस्मेन्ट गर्नुपर्छ भनेर अरू साना कार्यक्रमबाट एक्जिट भएका छौं ।

यो भवन संहिता कार्यान्वयन र सरकारी भवनलाई एकद्वार प्रणालीबाट लानुपर्छ, क्रमशः कार्यान्वयन गर्दै जानुपर्छ भन्ने सरकारको स्पिड छ । त्यो स्पिडमा आजको दिनमा सबै भवनहरूलाई एकद्वार प्रणाली गर्दै गर्दा हाम्रो भवन यो सहरी विकास तथा भवन निर्माण विभागको कप्यासिटीले नधान्न पनि सक्छ । त्यसकारण क्रमशः सङ्गठनको संरचनालाई चुस्त, दुरुस्त बनाउँदै त्यसरी मितव्ययी इकोनोमिक पनि, एउटै डिजाइनको पनि र समान रूपमा देखिँदा आकर्षक र राम्रो देखिने एउटा मापदण्डमा सरकारी भवनहरू बनाउनुपर्छ भन्ने कुरा पनि हामीले यो वर्ष कार्यक्रममा ल्याएका छौं । र आगामी दिनमा क्रमशः यसलाई हामीले बढोत्तरी गर्दै लानुपर्छ ।

अहिले सहरी विकास मन्त्रालयले स्वास्थ्यका बिल्डिङहरू मात्र बनाएको छ । स्वास्थ्यका केही फाइन्यानसियल बिल्डिङहरू, केही सरकारी भवनहरू बनाएको छ । आर्मीका ब्यारेकहरूदेखि सबै ठाँउमा न्यायिक बिल्डिङहरू, न्यायपालिका बिल्डिङहरूसमेत थुप्रै ठाँउमा हात हालेको छ । तर यो चैं के हो भने आंशिक रूपमा थोरै थोरै काम हो । र अब एकद्वार प्रणालीबाट भवन बनाउने र भवन निर्माणको लागि पनि कन्टिनजेन्सीजस्तै कुनै एउटा त्यहाँबाट रकम छुट्याएर, शुल्क छुट्याएर त्यसबाट छुट्टै सरकारी भवन सम्भारको कोष पनि खडा गर्ने भन्ने हिसाबले यो वर्षबाटै हामीले भवनको क्षेत्रमा काम गरेका छौं ।

खास गरी अर्बान प्लानमा हामी के कुरा गरेनौं भन्दा काठमाडौं नराम्रो भयो, बिग्रयो, यो भयो, त्यो भयो भन्दै गर्छौं तर आज कसैको, तपाईंको एक इन्च जग्गा दायाँ

बायाँ गरेर हामीले कानुनतः संविधानतः हामी सडकलाई बिस्तार गर्ने अथवा सहरको सौन्दर्यकरण गर्ने अथवा प्लानिङ गर्ने अवस्थामा छैनौं । त्यसकारण जमिन व्यक्तिको निजी सम्पत्ति हो । त्यो संविधान प्रदत्त हक हो । त्यसकारणले व्यक्तिको सहमतिबिना सडकहरूको बिस्तारको कामहरू पनि पटक पटकका सम्मानित अदालतका आदेशद्वारा अहिले रोकिएका छन् । त्यो कारणले गर्दा हामीले इन्टिग्रेटेड अब भ्यालीभित्रको इन्टिग्रेटेड अर्बान प्लान र भ्यालीबाहिर पनि यसै गरी इन्टिग्रेटेड नेपालको विभिन्न सेक्टरको प्लानिङ गरेर सबै मन्त्रालयहरूसँग समन्वय गरेर कहाँ बस्ती विकास गर्ने? कहाँ इकोनोमिक जोनिङहरू बनाउने? कहाँ फाइन्यानसियल हब बनाउने? भन्ने कुराको एउटा इन्टिग्रेटेड प्लान गर्नुपर्छ भनेर एउटा परियोजनाको हिसाबले यसलाई हामी अगाडि लान खोजिरहेका छौं । यसो गर्दै गर्दा, यसो गर्दै गर्दा आज यो काम गर्न सकिन्छ कि सकिँदैन भन्दा अहिले केही हामीले काठमाडौं उपत्यकाको इन्टिग्रेटेड अर्बान प्लान, उपत्यका विकास प्राधिकरणको माध्यमबाट गर्दै छौं । अब सहरी विकास मन्त्रालयले यो क्षेत्रतर्फ अलि अग्रेसिभ्ली काम गर्ने कुराका लागि अब हामी प्लानिङमा जानुपर्छ ।

बिल्डिङ बनाउने कुरा त प्राइभेट सेक्टरले पनि बनाउँछ । तर हामी प्लानिङ गर्यौं र त्यसलाई प्लानिङ पर्मिटलाई हामीले राम्रोसँग नियमन गर्यौं भने सहर सुन्दर बन्ने अवस्था आउँछ भन्ने हिसाबले यो ढङ्गले काम गरेका छौं । र अर्को कुरा पुराना सहरहरूलाई हामीले रिजेनरेट गर्ने, हाउसपुलिङको माध्यमबाट नयाँ घरहरू बनाउने, एकल एकल एकल स्वामित्वका घरहरूलाई हामीले बहुस्वामित्वका घरहरू बनाउनेतर्फ प्राइभेट सेक्टरलाई हामीले आकर्षित गर्ने र त्यसको लागि आवश्यक नीति र कानुन बनाउनेतर्फ हामीले लगेका छौं । र अहिले कानुनमा सहमतिको लागि सहरी विकास ऐन सहमतिको लागि गएको छ । हामीले त्यो काम गर्ने छौं ।

र नागरपालिकाहरूमा फोहोर, मैलाको सोलिड वेस्ट म्यानेजमेन्टको लागि, खानेपानीको लागि या अरू थुपै कामका लागि स्टार्ट अप बिजिनेसलगायतका थुप्रै कामका लागि अब सङ्घीय सरकारले ग्रान्ट या अनुदानको मात्रै कुरा गरेर हुँदैन । नगरपालिका, कमजोर नगरपालिकाहरूलाई अप्लिफ्ट गर्ने, सक्षम नगरपालिकाहरूलाई इन्भेस्टमेन्ट दिने र उनीहरूलाई अफै इकोनोमिक हिसाबले भाइब्रेन्ट बनाइ रहनसर्पोट गर्नको लागि नगर विकास कोष, साबिकको नगर विकास कोषलाई हामीले नगर विकास वित्त निगम भनेर एउटा ठुलो कर्पोर्सनको हिसाबले परिकल्पना गरेका छौं । करिब २० अरबको पेड अफ क्यापिटलको एउटा संस्था बनाउने र एसेट त धेरै नै भइसक्छ । किनभने उसले आज

पनि धेरै नै नगरपालिकाहरूमा, खानेपानीमा, अरू क्षेत्रमा ऋण लागानी गरिरहेको छ । त्यसको एसेटको मूल्याङ्कन गर्ने हो भने त्यो संस्था धेरै ठुलो हुन्छ । र त्यसको माध्यमबाट नगरपालिकाहरूमा ऋण लगानी गरेर इन्भेस्टमेन्टको मोडलबाट त्यसले तुरुन्तै आटपुट आउने, तुरुन्तै कुनै न कुनै हिसाबको रिजल्ट आउने हिसाबले काम गर्ने हिसाबले नगर विकास वित्त निगम एउटा संस्थालाई कन्सिभ गरेर त्यसलाई सहमतिको लागि हामीले अर्थमन्त्रालय यही चालु अधिवेशनमा त्यो विधेयकलाई पार्लियामेन्टमा ल्याउने गरी अर्थमन्त्रालयमा सहमतिको लागि पठाएका छौं ।

त्यसकारण यसो गर्दै गर्दा हामीले अब हामीले ब्लेन्डेड फन्टबाट, गान्टबाट मात्र होइन प्राइभेट सेक्टरबाट पनि कुनै न कुनै हिसाबले स्पेस दिने । नगर विकास वित्त निगमको माध्यमबाट हामीले कुनै न कुनै लोन दिने । र संङ्घीय सरकारले कुनै न कुनै प्रकारको ग्रान्ड दिने र यो प्रकारले ब्लेन्डेड फन्टको माध्यमबाट अबका सहरहरूको पूर्वाधारको विकास र त्यो विकासले इकोनोमीमा पार्ने असर र भाइब्रेन्ट इकोनोमी बनाउनको लागि जीवन्त र लिभेवल सिटी बनाउने कामका लागि सहरी विकास मन्त्रालयले योजनावद्ध प्लान गरेर हामीले यो वर्षदेखि कार्यक्रमहरूलाई नयाँ कार्यक्रमको हिसाबले पनि इन्ट्रडुस गरेका छौं ।

अब काठमाडौंको कुरा फोहोर, मैलाको कुरा एकदमै धेरै आउँछ । खास गरी प्रतिनिधि सभामा पनि माननीय सदस्यहरूले उठाएको धेरै ठुलो विषय के थियो भने बाग्मती, विष्णुमतीलगायतका खोलाहरूमा नदीहरूमा जहाँ जलचरको अवस्थै छैन, जीवनै छैन । हामी मान्छे, फोहोर गर्ने मान्छेले फोहोर फाल्छौं । मान्छैबाहेक अरूको वरपर त्यहाँ जीवनै छैन । त्यो इकोलोजिकल रिस्टोरेसन हुन्छ कि हुँदैन? यो ठुलो प्रश्न हो । आज हामी Cop-26 देखि थुप्रै इन्टरनेसनल प्ल्याटफमहरूमा, इन्भाइरोमेन्टका इस्युहरूमा हामीले कमिटमेन्ट गरेका छौं । तर हाम्रा खोला, हाम्री नदी, हाम्रा सम्पदाहरू हामीले ढल मिसाइरहेका छौं । योबाट मुक्त हुनको लागि अब ढल प्रशोधनको माध्यमबाट ढल ट्रिट्मेन्ट गरेर, ट्रिट्मेन्ट भएको पानी नदीमा खसाउने कामदेखि बाग्मतीको शिरमा धापड्यमा निर्माण गरेर त्यहाँबाट स्वच्छ पानी प्रति सेकेन्ड ४० लिटरको दरले बगाउनेसम्मका प्रोजेक्टहरू यो आउने आर्थिक वर्षमा चालु अवस्थामा लान्छौं । अहिले अन्गोइङ प्रोजेक्टहरू हुन् ।

र तल्लो बाग्मती ड्याम हामी अहिले यो अध्ययनको चरणमा छ । त्यो बन्यो भने करिब करिब ९४ मिटर अग्लो ड्याम बनाएर ४०० लिटर प्रति सेकेन्ड पानी

बाग्मतीमा वहाव बढाउने भन्ने सङ्कल्पका साथ र बाग्मतीमा इकोलोजिकल रिस्टोरेसन गर्ने । र बाग्मतीभन्दा तलतिर जलचरको जीवनलाई सुनिश्चतता गर्ने गरी इन्भाइरेमेन्टका इस्युलाई यसरी सम्बोधन गर्ने गरी यो वर्ष अध्ययनको हिसाबले काम गरिएको छ ।

काम गर्दै गर्दा बाग्मती ब्युटिफिकेसनको काम चैं सहरी विकास मन्त्रालयले गरेको छ । ढलसँगको काम कतिपय हिसाबले खानेपानी र ढल विभागले गरिरा'को हुन्छ । कतिपय हिसाबले पीआईडीले खानेपानीको काम खानेपानीअन्तर्गतको पीआईडीले गरेको हुन्छ र सिँचाइ विभागले पनि गरेको हुन्छ । र बाग्मतीमा हामीले इन्टिग्रेटेड ३/४ ओटा मन्त्रालयका युनिटहरूले सँगसँगै काम गरेको भएर कुनै बेला हाम्रो सहरी विकास मन्त्रालयको किताबमा यो बजेटको शीर्षक देखिन्न तर बाग्मतीसँग सम्बन्धित काम चैं हामीले इन्टिग्रेटेड ढङ्गले गरेका छौँ ।

सम्पदाहरूको पुरातात्त्विक महत्त्वका ठाउँहरूको काम बाग्मतीले नै गरेको छ । त्यो कुनै कुनै हिसाबले पर्यटन मन्त्रालय पुरातात्व विभागसँग मिलेको गरिरहेको भएर यी हाम्रा इन्टिग्रेटेड कार्यक्रम हुन् । र यसले भोलिको दिनमा काठमाडौँलाई सौन्दर्यीकरण गर्नको लागि र यी बाग्मती, विष्णुमतीलगायतका यसका सहायक र उपसहायक नदीहरूमा सङ्लो पानीको बाहव र ढल मुक्त बनाएर इकोलोजिकल रिस्टोरेन गर्नको लागि अग्रेसिभ्ली कार्यक्रम गर्नुपर्छ भनेर हामीले यसमा लागेका छौँ । हुनत फोहोर, मैलाको इस्यु जसले फोहोर गर्छ त्यसले तिर्नुपर्छ भन्ने सिद्धान्त हो । पोलुट्स पे प्रन्सिपल भन्छ । जसले फोहोर गर्छ त्यसले फैसा तिर्नुपर्छ । उसको पैसाले त्यसको व्यवस्थापन गर्नुपर्छ । तर इतिहासमा हामीले धेरै गल्ती गर्यौँ । किनभने हामी धेरै मान्छैले अव्यवस्थित बसोबास गर्यौँ र तिर्ने कुराको सिस्टम बनाएनौँ । र हामीले गरिबी निवारणमा प्रयोग हुने पैसालाई हामी वातावरणीय संरक्षणको लागि खर्च गर्दै छौँ । यो ठुलो सोसियल र इकोनोमिकल पे ब्याक हो ।

हामीले ठुलठुला ल्यान्डफिल्ड साइडहरू संङ्घीय सरकारले बनाएको छ । ठुलठुला धाप ड्यामहरू हामी बनाउँदैछौँ । र ट्रिट्मेन्ट प्ल्यान्टहरू बनाउँदैछौँ । चाहे लोन होस्, चाहे ऋण होस्, चाहे ग्रान्ट होस् त्यो हिसाबले र अबका दिनहरूमा पोलुट्स पे प्रन्सिपल फेलियर भा'को होइन यसलाई अग्रेसिभ्ली कार्यान्वयन गर्नुपर्छ भनेर सिसेडालको पोस्ट क्लोजरदेखि बन्चरो डाँडामा साइन्टिफिक फोहोर विसर्जनको कामसम्मका लागि अब स्थानीय तहहरूलाई इम्पावर गर्नको लागि हामीले सहरी विकास मन्त्रालयअन्तर्गत फोहोर, मैला व्यवस्थापन र प्राविधिक सहायता केन्द्र गठन गरेका छौँ । त्यो सुरुमा

मन्त्रीस्तरको निर्णयले बनाएका थियौं । समय क्रममा नेपाल सरकारले त्यसलाई अझै धेरै स्ट्रेन्थेनिङ गर्यो र क्याविनेटको निर्णयद्वारा एउटा संस्था बनेको छ र सबै २९३ ओटा नगरपालिकहरूमा हामीले प्राविधिक सहायता दिन्छौं । फोहोर, मैला व्यवस्थापनसम्बन्धी कुन प्रकृतिको फोहोरलाई कुन प्रकृतिको टेक्नोलोजीद्वारा विर्सजन गर्ने । कति भोलुमको फोहरलाई कस्तो टेक्नोलोजी र इन्भेस्टमेन्ट, लगानी गर्ने भन्ने कुराको प्राविधिक सहायतादेखि पूर्वाधारको निर्माण Procurment का काम, डेभिलोप्मेन्टका कामसमेत गर्ने गरी एउटा प्राविधिक सहायता केन्द्र निर्माण भएको छ ।

यो आज मैले किन यहाँ सम्मानीय अध्यक्षज्यूमार्फत म माननीय सदस्यज्यूहरूलाई किन भन्दै छु भने हामी सङ्घीयतामा गयौं । स्थानीय विकास मन्त्रालय खारेज भयो । त्यो खारेजी सँगसँगै स्थानीय सबै सरकारहरूलाई सङ्घीय सरकारको तर्फबाट प्राविधिक सहयोग दिने इन्टिटी पनि रहेन । त्यो पुरानो हामीले सुन्दै गरेको फोहोर, मैला व्यवस्थापन प्राविधिक स्रोत केन्द्र विघटन भए सँगसँगै हामीले यति धेरै जटिलताहरू भोगदै आयौं । यो जटिलताबाट हामी अगाडि जानको लागि यी केही नयाँ कामहरूको कन्सिभ गरेर अगाडि बढेका छौं । र यो वर्षको कार्यक्रममा अर्गनाइजेसनको अर्गानोमै त्यति सबै कुरा आइसकेपछि कार्यक्रम त निरन्तर कार्यक्रमको रूपमा आउने छ ।

र आज पनि नगरपालिकाहरूमा सङ्घीय सरकारले अथवा हाम्रा डेभलोप्मेन्ट पार्टनर्सहरूले जति पनि लगानी गर्छन् त्यो लगानी गर्नुको पहिलो शर्त हो सोलिड वेस्ट म्यानेजमेन्ट । कुनै पनि नगरपालिकाहरूले फोहोर, मैला व्यवस्थापनको सन्दर्भमा आफूले कमिटमेन्ट छैन, जग्गा प्राप्ति गर्दैनन्, पहल कदमी गर्दैनन् र फोहोर, मैलामा उहाँहरूको रुचि छैन भने सङ्घीय सरकारले त्यस्तो ठाउँमा लगानी गर्ने प्राओरिटीमा पछाडि राख्ने कुरा हामीले उहाँहरूलाई यो सातै प्रदेशमा गएर मेयरस्हरूलाई, सबै तहलाई, इन्टिटीहरूलाई बोलाएर राष्ट्रिय सहरी नीतिमा छलफल गर्ने गर्दा हामी यो कुरा म्यासेजको हिसाबले पनि गरिसकेका छौं । र यो कुरा गर्दै गर्दा एउटा राम्रो सहरी नीति निर्माण होस् र त्यसले सबैलाई एक प्रकारले गाइडलाइन पनि बनोस् भन्नका लागि राष्ट्रिय सहरी नीति सातैओटा प्रदेशमा विभिन्न विशेषज्ञहरूसँग, सरोकारवालहरूसँग परामर्श गरेर काठमाडौंमा हामीले सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा परामर्श गयौं ।

मलाई आज एकदम गर्वका साथ सेयर गर्छु । गण्डकी प्रदेशमा हामीले राष्ट्रिय सहरी नीतिको परामर्श गर्दै गर्दा सहरी विकास ऐन र युटिलिटी कोरिडर परामर्श गर्दै गर्दा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलाई त्यो परामर्श गोष्ठिमा हामीले चिफ गेस्टको

रूपमा प्राप्त गरेका थियौं । र यसरी थुप्रै ठाउँमा मुख्य मन्त्रीहरू, विभिन्न तहका नेतृत्व राजनीतिक कर्ताहरू, प्लानर्सहरू सबैलाई इन्भल्भ गरेर हामीले यो काम पनि गर्यौं । जसले गर्दा एउटा हाम्रो हातमा राष्ट्रिय सहरी नीति क्याविनेटमा गयो र रिभ्यूको लागि फर्केको छ । रिभ्यूको लागि फर्किंदा ९ ओटा मन्त्रालयबाट सहमति लिनुपर्ने भा'को भएर ९ ओटै मन्त्रालयका सचिवज्यूहरू, मुख्य सचिवसहित राखेर एकै ठाउँमा परामर्श गरेर त्यसलाई क्याविनेटमा लाने प्रक्रियामा अन्तिम चरणमा रिभ्यू बुझाउने ठाउँमा छौं ।

राष्ट्रिय सहरी नीति हामीसँग आउँछ । सहरी विकास ऐन हामीसँग हुन्छ । र यी सबै कानुन हामीसँग भए भने अनि त्यस पछाडि यो नीतीले, कानुनले र सङ्गठनले ड्राइभ गरेर आजसम्म हामीले गरेका गल्तीबाट डिपास्चर हुन्छौं भन्ने हाम्रो विशवास हो । र यो रिफमका साथ यो खालको डिपास्चरका साथ अहिले सहरी विकास मन्त्रालयले आफ्ना कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ । यसो गर्दै गर्दा कहीं माननीय सदस्यहरूले चिठ्ठीमा लेखेर दिएका योजनाहरू नपरेको कुरा सत्य हो । माननीय सदस्यज्यूले सिगरेटको खोलमा लेखेर दिएका योजना भन्दै गर्दा मलाई एकदमै घत लाग्यो कि हामीले यसै गरी हिंड्दै हिंड्दै योजना जुन बुझाउने गर्छौं र हामीले माननीय सदस्यज्यूहरू, मेरा नेताहरू, सहकर्मी साथीहरूलाई खुसी पार्न जब हामी यसरी योजना दिन्छौं नि हो यो हामी काहीं पनि पुगिंदैन । आज एक दिन मलाई माया गर्नुहुन्छ तर अब यो काहीं पुगिंदैन । नपुगिने बाटो अब नहिंडौं भन्ने प्रतिवद्धता हो । काहीं नपुगिने बाटो नहिडौं, बाटो बदलौं र नयाँ डपास्चरका साथ अगाडि जाउँ भन्नको लागि हामीले केही कार्यक्रमहरू, केही नीतिहरू, केही सङ्गठनको पनि रिस्ट्रक्चरिङको पाटोसमेतमा काम गरेका छौं ।

र बाग्मती ब्युटिफिकेसनको सन्दर्भमा पनि यो काम अहिले तपाईंहरूलाई थाहा छ होला ४१ ओटा घर, टहराहरू जसले चैं अतिक्रमण गरेर बसेका थिए त्यो राइट अफ वे क्लियर गर्नलाई भत्काइसकेका छौं र परियोजना अगाडि बढेको छ । बाग्मती, विष्णुमती, मनोहरालगायतका अव्यवस्थित बसोबासीहरूलाई हामीले आवसको हकअन्तर्गत संयुक्त आवासको माध्यमबाट तपाईंको समेत कन्ट्रिब्युसनमा र स्थानीय तहको कन्ट्रिब्युसनमा तपाईंहरूलाई संयुक्त आवासमा लान्छौं भन्ने हाम्रो सरकारको, नेपाल सरकारको कमिटमेन्ट हो । त्यसका हामीले बाग्मती, अधिकार सम्पन्न बाग्मती एकीकृत सभ्यता विकास समितिमार्फत उहाँहरूलाई हामीले संवाद गर्नका लागि टिम बनाएका छौं । र त्यो टिममार्फत फर्स्ट कम फर्स्ट, जसले उहाँहरूले यो हाम्रो अफरलाई स्वीकार गरेर अगाडि आउनुहुन्छ उहाँहरूका लागि हामीले इचङ्गुनारायणमा अपार्टमेन्ट बनाएका

छौं । त्यहाँ राख्छौं । र बाँकीहरूका लागि पनि हामीले नगर विकास कोषमार्फत र हामी उपत्यका विकास प्राधिकरणले जग्गा एकीकरण गर्दै गर्दा प्राप्त भएको सार्वजनिक जग्गालाई पनि प्रयोग गरेर संयुक्त आवासको माध्यबाट उहाँहरूलाई हामीले राख्छौं भन्ने कुराको नेपाल सरकारको कमिटमेन्ट छ ।

कानुनतः भूमि ऐनले मार्ग निर्देश गरेअनुसार यस्ता नदी, किनारा, सम्पदाका किनारमा यसरी बस्न पाइँदैन । निषेध गरेको छ तर त्यो निषेध गरेको कुरालाई हामीले बलजफती गरेनौं । किनभने उहाँहरूलाई आवासको अधिकार दिने काम पनि सरकारको हो भनेर तर सम्बन्धित पक्षको पनि योगदानमा आधारित भनेर यो हामीले यो काम गरेका छौं । सँगसँगै भूमि व्यवस्थापन मन्त्रालयले पनि भूमिहीन सुकुमबासीका लागि उहाँहरूको कन्ट्रिब्युसनको आधारमा काम गर्नको लागि काम गरिरहेको छ । प्यारालल्ली ती काममा काठमाडौं उपत्यकामा सहज ढङ्गले अगाडि नबढेको कारणले हामीले आवासको अधिकारमार्फत यस कामलाई सम्बोधन गर्न खोजेका छौं । र खोला, किनारका अव्यवस्थित मित्रहरूलाई पनि म यो सम्बोधन गर्न चाहन्छु कि तपाईंहरूले आफूलाई सहरी विकास मन्त्रालयले गरेको व्यवस्थापनभित्र आफ्नोसमेत योगदानमा यो मार्ग प्रशस्त गर्न र यो अफरलाई स्वीकार गर्नको लागि पनि म हार्दिकता पूर्वक अनुरोध गर्न चाहन्छु ।

र बाग्मती अहिले गठन आदेशबाट सञ्चालन भइरहेको छ । सम्मानीत सर्वोच्च अदालतका पटक पटक आदेशहरूले ऐन बनाएर एउटा संस्था गठन गरेर चलाऊ भन्ने आदेशको आधारमा यसको कानुन बनाएर हामीले कानुन मन्त्रालयमा सहमतिको लागि पठाएका छौं । त्यसले गर्दा अहिले यो सहरी विकास ऐनको बारेमा म भनी हाले । त्यसमा युटिलिटी कोरिडोरको कानुन छुट्टै ड्राफ पनि गरेका छौं । सहरी विकास ऐनको कम्पोनेन्टभित्रको एउटा च्याप्टर पनि बनाएका छौं । र दुइटा कानुन प्यारालल्ली किन काम गरेको हो भने प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिले छुट्टै कानुन ल्याऊ भन्ने आदेश पनि गरेको कारणले छुट्टै कानुनको ड्राफ पनि गर्यौं । तर त्यसैको कम्पोनेन्टमा पनि हामीले काम गरिरा' छौं । र छुट्टै कानुन ल्याउँदा सहमति, सैद्धान्तिक सहमति लिएर काम गर्नलाई समय लिने भ'को भएर सहरी विकास ऐनको सन्दर्भमा पहिल्यै सहमति लिइसकेको भएर यो नै अगाडि बढ्छ होला भन्ने हिसाबले हामले यी कामहरूलाई अगाडि बढाएका छौं ।

यसो गर्दै गर्दा पुनः निर्माणतर्फको सार्वजनिक भवनहरूको केही दायित्व छ । यो मन्त्रालयअन्तर्गत करिब करिब ४५, ४६ अरबको यसको पुँजीको सिलिङ हो । तर कतिपय बजेटरी सपोर्टका प्रोग्रामहरू यो वर्ष हामीले रातो किताबमा देख्दैनौ । तर पनि आवासको हकलाई सुनिश्चितता गर्नको लागि सङ्घीय सरकारले स्थानीय जनतासँग गरेका कमिटमेन्टमा जति घर धुरि छन् ती घर धुरिका घरहरू बनाउनको लागि सरकार कमिटेड छ । जनता आवासमार्फत सङ्घीय सरकारले स्थानीय तहका जनतासँग गरेको कमिटमेन्टलाई पूरा गर्नको लागि सरकार प्रतिवद्ध छ । र ती दुइटै कार्यक्रम सशर्त तल गएको भएर दुइटै कार्यक्रमले नयाँ दायित्व सिर्जना गरेका छन् । नयाँ दायित्व सिर्जना गरेको हदसम्म स्थानीय तह र प्रदेश सरकारले आफ्नो आफूलाई प्राप्त भएको, वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएको बजेटबाट नि उहाँहरूले काम गर्नुपर्ने चैं हुन सक्छ । त्यसकारण यति काम गर्यौं भने अब सहरको सौन्दर्यीकरण भनेको हामीले झुन्डाएका युटिलिटीका तारहरू खान्ने, बन्ने र फेरि खन्ने प्रवृत्तिलाई अन्त्य गर्नको लागि युटिलिटी कोरिडर बनाउनुपर्छ भन्ने कुरा म मन्त्री भएर आइसकेपछि सबैभन्दा पहिले फिल भ'को विषय र यसका बारेमा हामीले केही अध्ययन पनि गर्यौं । मेरो मन्त्रालयको टिमसहित हामीले यसको कानुनै चाहिने कुरा र एउटै भौतिक योजना स्वीकृत गर्ने इन्टिटी चाहिन्छ भन्ने हिसाबले हामीले सोचेर कानुन पनि बनाएका छौं । र यो कानुन पार्लियामेन्टमा आएर माननीय सदस्यज्यूहरूले त्यसलाई पास गर्नुहुन्छ भन्ने कुराको पनि आस छ ।

त्यसो गर्दै गर्दा अहिले मैले धेरै नगरपालिकाहरूले अहिले १० गते बजेट ल्याउँदै गर्दा महानगरपालिकाहरूले हामीले युटिलिटीका तारहरूलाई भूमिगत गर्ने छौं भन्ने कमिटमेन्ट देखें । तर यसमा एकै हिसाबले एकै सुर, तालमा हामीले काम गर्यौं भने तारहरू भूमिगत गर्नु र माथि झुन्डाउनुमा हामीले एकीकृत ढङ्गले काम गरेनौं भने समस्या समाधान हुँदैन । विद्युत्का तारहरू त्यहाँबाट अन्डर ग्राउन्ड गर्ने, टेलिफोनको अपटिकल फाइबर यताबाट गर्ने, अरू तारहरू यताबाट गर्ने, खानेपानी त्यहाँ छ, ढल त्यहाँ छ त्यसो गर्यौं भने हाम्रो समस्या जीउँका तीउँ हुन्छन् । खाली जमिनमुनि मात्र पुर्यायौं । र त्यसो गर्दा जमिनको हाम्रो स्पेसले पनि पुग्दैन । र भोलि कुनै कारणले मर्मत गर्नुपर्यो हामीलाई मर्मतको सुविधा हुँदैन ।

युटिलिटी डक भनेको के हो भने त्यो एउटा टनेल हो । त्यहाँभित्र ड्राइ र वेट टनेलहरू हुन्छन् । र टनेलमा एकैचोटि च्यानलिङ गरेर यस्ता युटिलिटीका साधनहरू हालिन्छ । त्यहाँ म्यान होल हुन्छन् सर्टेन डिस्टान्समा । जहाँ सर्भिसको लागि मान्छेको

कुनै बेला लिकेज होला, आगलागी होला, अनेक चिज होला त्यसका लागि, सर्भिसका लागि पनि म्यान होलहरू चाहिन्छ । र त्यो आधारमा मात्र युटिलिटी बनायौं भने यो सस्टेनेबल हुन्छ । त्यसकारण मैले प्रवर्धनको हिसाबले सबैलाई भूमिगत गर्ने भनेर एकदमै भद्रगोल ढङ्गले, अझै डर लाग्दो ढङ्गले भूमिगत गर्ने नामको यस्तो खालको प्रोग्रामबाट हामी फेरि पनि अर्को दुर्घटना निम्त्यउने भा' भएर यो कानुनलाई, युटिलिटी कोरिडरको कानुनलाई छिटो पास गरौं र त्यो कानुन पास गरिसकेपछि एउटा यस्तो इन्टिटी बनोस् भौतिक, एकीकृत भौतिक स्वीकृत गर्ने त्यो पालिकैमा पनि हुन सक्छ, अथवा त्यो प्रदेशले पनि गर्न सक्छ, त्यो सङ्घीय सरकारले गर्न पर्छ । मूलतः यो सङ्घीय सरकारले नै गर्न पर्छ । र त्यसको माध्यमबाट हामीले युटिलिटीको कोरिडर बनायौं अथवा युटिलिटी डकको कुरा गर्यौं भने आजको सहरको असौन्दर्यतालाई सौन्दर्यकरण गर्नको लागि केही न केही काम हुन्छ भन्ने कुराको मैले विश्वास लिएको छु ।

अनप्लान्ड सिटीहरूलाई हामीले भर्जिन ल्यान्डमा हामीले ल्यान्ड पुलिङको माध्यबाट काम गर्ने । पुरानो सहरहरूलाई रिजेनेरेट गरेर हाउस पुलिङको माध्मबाट रिजेनेरेट गर्ने प्रोग्रामहरू पनि छ । र हामी भूकम्पीय दृष्टिले जोखिममा भएको मुलुक त्यसमा पनि दाङभन्दा पश्चिमका जिल्लाहरूमा यो पछिल्ला ५०० वर्षमा भूकम्पको इपिसेन्टर नभएको भन्ने कुरा विज्ञहरूको अध्ययनको आधारमा पनि हामीले अब केही घरहरूलाई प्रबलीकरण गर्ने कामहरू यो दाङभन्दा पश्चिमका जिल्लाहरूमा कन्सन्ट्रेट गर्ने भनेर निजी घरको प्रबलीकरण, सार्वजनिक घरहरू, विद्यालयहरू, हस्पिटलहरू, न्यायलयहरू, ब्यारेकहरूलाई प्रबलीकरण गर्ने कार्यक्रम चैं यही वर्षदेखि लिएका छौं । र हामी अलिकति सुरक्षित नागरिक आवासको कार्यक्रमबाट नयाँ कार्यक्रममा पनि हामी जम्प गर्न खोजेका छौं ।

प्यारालल्ली यो सुरक्षित नागरिक आवास सशर्त तल पनि जान्छ र अलिकति प्रबलीकरणको काम चैं हामीले अर्को ढङ्गले पनि गर्ने गरी हामीले यो काम गरेका छौं । र जनता आवासको, सुरक्षित नागरिक आवासको कार्यक्रम चैं कन्टिन्यू छ भन्ने कुरा म माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत मैले हार्दिकतापूर्वक अनुरोध गर्न चाहन्छु र जानकारी दिन चाहन्छु । र माननीयज्यूहरूले उठाएका खास कुराहरू के छन् भने कार्यक्रमको डुप्लिकेशन भयो भन्ने कुरा । कार्यक्रमको डुप्लिकेशन खल्तीमा राखेको चिटमा कार्यक्रममा पर्दासम्म भइहाल्छ । त्यसकारण मेरो हम्बल रिक्वेस्ट के छ भनि कार्यक्रम छनोटको मापदण्ड बनाऔं । एकचोटि राष्ट्रिय योजना आयोगले बनाएको रहेछ

त्यो कार्यान्वयन भएन । योजना आयोगले बनाउँदा ओनर्सिप भएन । सम्मानित यो हाउसबाट यो कार्यविधि बनाम्, स्टान्डर बनाम् अनि कस्ता कस्ता आयोजनालाई कसरी राख्ने? त्यसको योजना बैङ्कमा राखौं । हाम्रो योजना बैङ्क प्रत्येक लाइन मिनिस्ट्रीको योजना बैङ्कबाट राष्ट्रिय योजना आयोगको योजना बैङ्कमा प्रविष्ट भएपछि बजेट एलोकेट गर्ने सिस्टम जब हामी बनाउँछौं डुप्लिकेशनको समस्या हुँदैन । स्रोतको, रिसोर्सेसहरू दुरुपयोग पनि हुँदैन । र थोरै साधन र स्रोतबाट हामीले धेरै ठुलठुला कामहरू गर्न सक्छौं भन्ने कुराको विश्वास चैं म त्यसरी मलाई विश्वास लाग्छ र माननीयज्यूहरूलाई पनि म यो आग्रह गर्न चाहन्छु ।

हामीले कम्तीमा राष्ट्रिय सभाका एक प्रकारले पर्मानेन्ट एउटा एसेम्ब्ली पनि हो । त्यसकारण यसले हाउस प्रतिनिधि सभा नचलेको बेलामा अधिवेशन नचले पनि समितिहरू क्रियाशील हुन सक्ने भएको कारणले मापदण्ड बनाउनका लागि विभिन्न क्षेत्रका विज्ञ माननीय सदस्यहरू यहाँ हुने भ'को कारणले पनि यो योजना छनौटका मापदण्डहरू यसमा कसको कसको अधिकार के हुने? भन्ने कुराहरू चैं अलिकति बनायौं भने आगामी दिनहरूमा हामीलाई यो आज गरेको प्रश्नहरू गर्न नपर्ने हुन सक्छ । हामीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्वसम्बन्धी ऐनमा योजना छनोटको अधिकार कसलाई हुन्छ भन्ने कुरा दफा ५० मा यो सबै कुरा व्यवस्था गर्यौं । वित्तीय उत्तरदायित्व वहन गर्ने अधिकारले के के गर्ने त्यहाँ लेख्यौं । अनि पोलिटिकल व्यक्तित्वले के गर्ने? मन्त्रालयको राजनीतिक नेतृत्व कसले लिने? र समग्रमा नेपाल सरकार कसले लिने र उनको रोल के हुने? भन्ने कुरा हामीले त्यहाँ स्पष्ट व्यवस्था गर्यौं । तर त्यो व्यवस्था गरिएकै कारणले आज कम्तीमा माननीय सदस्यहरूले मेरा योजना परेनन् भनेर आउने अवस्था भयो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनको यो पछिल्लो संशोधनभन्दा अगाडि हामी सुनेका थियौं नि योजना आयोगमा टापिस्ट गर्नेहरूका योजना नपरे कारणले पेन डाउन गरे । प्रधानमन्त्री कार्यालयमा बस्ने कर्मचारीले योजना हाल्न नपाएको कारणले उनीहरूले पेन डाउन गरे । अर्थमन्त्रालयको कर्मचारीले यसो गर्न नपाएको कारणले यसो गरे भन्ने सुन्थिम नि ! तर त्यो कार्यविधि आइसकेपछि त्यो बजेटको Lmbis शीर्षक पहिला त्यसको फिक्स हुन्छ, त्यसको क्लोज हुन्छ र त्यो सिस्टमबाट कसैले पनि ओपन गर्न सक्दैन अपरेसनमा बाहेक । त्यो कारणले गर्दा जब यो कुरा भइसकेपछि धेरै कुरा सुधारिएर आ'को छ । कानुनमै सुधार गरिसकेपछि मान्छेहरूको मुख सबैको बन्द हुन्छ । त्यसकारण हामीले कानुनमा, नीतिमा, प्रक्रियामा

नै हामीले स्पष्ट मापदण्ड बनायौं भने योजना छनौटका कुराहरू यसरी नै हुन्छन् भन्ने कुरा मैले अनुरोध गर्न चाहन्छु माननीय सदस्यज्यूहरूलाई ।

खास गरी मापदण्ड बनाऊँ र यी कार्यक्रममा हाम्रो यसको इम्प्याक्ट के हुन्छ? भन्ने कुरा गयौं । सानो भोलुमको कामहरू वडाले गर्ने काम सङ्घीय सरकारले नगरौं । सङ्घीय सरकारले गरेका कामको रिजल्ट आउँदाखेरि पनि समाचार बनोस् । त्यो काम कुनै कारणले अवरुद्ध भयो भने पनि समाचार बनोस् । त्यो खालको महत्त्व दिएर त्यो काम सम्पन्न हुँदाखेरि त्यसले दिने इकोनोमिक इम्प्याक्ट, त्यसले दिने सोसियल एकप्रकारको इज्जत, त्यसले दिने एकप्रकारकले त्यसको भाइब्रेसनलाई चैं हामीले आकलन गर्नुपर्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब माननीय सदस्यहरू सबै हामी जम्मैले बोलिरहेको विषय ब्युरोक्रेसी चैं चेन्ज भएन व्यवस्था चैं चेन्ज भयो भन्ने इस्युमा मान्छे हामीले काम गर्ने तरिकाबाट सबै रूपान्तरित हुने हो । हिजो हामीले गरेका अभ्यासहरू, असल अभ्यासहरूलाई बोकौं । हामीले गरेका अभ्यासहरू खराब भइसकेपछि त्यहाँबाट एक्जिट भयौं भने हामी सबैलाई क्रमशः रूपान्तरण हुने र गर्ने दुइटै प्रक्रिया हाम्रो सँगसँगै जान्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

र सहरी विकास मन्त्रालयले जुन इन्भेस्टमेन्ट मोडलको हामीले लगानी गर्छौं, लगानी मोडलको काम गर्छौं भनेका छौं । यसले आर्थिक वृद्धि गर्न सहयोग पुग्न, त्यो सहरलाई जीवन्त बनाउन, भाइब्रेन्ट बनाउन, एकोनोमिक एक्टिभिटिज हुन र कम्युनिटीलाई चैं अलिकति इम्पावर गर्न र ती कम्युनिटीहरू धनी भयो भने आफै ती राज्यका असल ट्याक्स पेयर हुन्छन् भन्ने कुराका लागि त्यो सुनिश्चितता गर्न र राम्रो ट्याक्स पेयरहरूले सोसाइटीमा त्यसको मल्टिपल इम्प्याक्ट पार्छ भन्ने कुरालाई बुझेर अहिले हाम्रो प्राथमिकता घना सहरहरूमा थोरै इन्भेस्टमेन्टले धेरै जनताले उपयोग गर्न सकुन् भन्ने सिद्धान्तको आधारमा सगम सहरी विकास कार्यक्रम हो । र त्यसलाई हामीले अहिले एग्रेसिभ्ली अगाडि बढाएका छौं, आवासको कार्यक्रम बढाएका छौं र यसरी बाँकी यी सबै कामहरूलाई अगाडि बढाएका छौं ।

र सहरी विकास मन्त्रालयले अब हामीले प्लानिङको कामलाई नै ज्यादा ध्यान दिनुपर्छ । हामीसँग इन्भेस्टमेन्ट गर्न कोही राम्रो इन्भेस्टर चाहे हाम्रो डोनर एजेन्सी होस्, चाहे प्राइभेट सेक्टर होस् । त्यो आयो भने हामीसँग एउटा राम्रो डीपीआर बनोस्, होस् हातमा । त्यो डीपीआरको आधारमा लगानी होस् । त्यो लगानीका लागि हामीले एउटा परियोजनाको पूर्व तयारीको गर्नपर्ने सबै चरणहरू पूरा गयौं । त्यसपछि मात्रै अर्थ

रहन्छ । मैले एउटा उदाहरणः म एकदमै मनदेखि काम गर्न चाहेर पनि नसकेको कुरा सम्माननीय अध्यक्षज्यू, मैले पर्वतमा हामीले एउटा स्टार्ट अपको बिजिनेसको केही काम गर्ने भन्यौं, जग्गा प्राप्ति भएन । त्यसपछि सन्थालहरूलाई एउटा एकीकृत बस्तीमा ल्याऊँ भन्यों टेन्डर लाग्यो, जग्गा प्राप्ति भएन । त्यो के भ'को हो भने हामीले त्यो प्रोग्राम त ल्यायौं, कन्सिभ गयौं तर त्यो प्रोग्रामभन्दा अगाडि, परियोजनाभन्दा अगाडि गर्नुपर्ने पूर्वतयारी भएन । हामीले स्टार्ट अप बिजिनेस कहाँ गर्ने? जग्गा प्राप्ति । त्यसको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने हो, होइन? त्यो कसको नाममा छ? जग्गा प्राप्ति गरिसकेपछि अनुमति लिने ठाउँ कहीँ छ या छैन? बाटा हामीले डीपीआर गरेर डीईडी गरेर एउटा प्रोजेक्ट प्रिमिनर स्टेजमा हामीले डिजाइन डेभिलोप गरिसक्ने भने त लगानी गर्दा त तुरुन्तै साउनबाट त्यो खरिद प्रक्रियामा जान्छ । अर्थमन्त्रालयले प्रत्येक महिना १० प्रतिशतको दरले पुँजीको खर्च गर भन्ने कुराको आदेशलाई पनि ती परियोजनाहरूले पूरा गर्न सक्छन् नि । तर हामी त खल्तीको योजना लिएर गा' छौं । हाम्रो इन्जिनियर गएर बाटो काँको नाप्ने हो? काम बिल्डिङ कहाँ गर्ने हो? जग्गा छैन । यो गर्दा गर्दै चैत लाग्छ अनि चैतपछि खरिद प्रक्रिया सुरु गर्यो भने तीन महिना लाग्छ । काम सकिँदैन । हाम्रो पुँजीगत खर्च नहुनुको पछाडिका कारणहरू यी हुन् । र यो कारणले गर्दा हामीले यो ठाउँमा डिपास्चर हुनुपर्छ ।

अहिले सहरी विकास मन्त्रालयअन्तर्गत ठुला विशेष भवनहरू छन् । संसद भवन, माननीयज्यूहरूको निवास, मुख्यमन्त्री, मुख्य प्रदेश प्रमुखहरूको क्वार्टरलगायतका अरू ठुलठुला ३२ ओटा सभा हल, भ्यू टावरलगायतका थुप्रै ठाउँहरू छन् । ती कामहरू यति हतारमा गरिएको छ कि अहिले इन्टिरिअर डिजाइन चैं सेकेन्ड फेज, थर्ड फेजका कामहरू बल्ल धामाधाम भइरा' छ । म सहरी विकास मन्त्री भएर आइसक्दा धेरै मन्त्री साथीहरूको हामीलाई नयाँ क्वार्टर कहिले सार्नुहुन्छ? भन्ने प्रश्न थियो । अनि मैले त्यो भइसकेछि मैले सुरु सुरुका दिन अलि धेरै खरानी त घस्नै पर्यो । मैले पनि यसो सोध खोज गरें । त्यो गर्दै गर्दा Phase-1 टेन्डर लगाएर सक्यो, Phase-2 इन्टिरिअर डिजाइन ड्रइङ नै बाँकी छ, Phase-3 पेरिमिटर्सहरू, ब्यारेकहरू बनाउनै बाँकी छ । कहिले सकिन्छ भन्दा अब अर्को चुनावपछि आउने मन्त्रीले बस्न पाउला जस्तो भयो । त्यो त मैले देख्दैथें । अब मङ्सिरमा चुनाव भएर आएपछि मात्रै बस्न पाउने कन्डिसन भयो ।

अनि संसद यो बीआईसीसीबाट हामी कहिल्यै जान्छौं त सिंहदरबार भन्दा सबैले तुरुन्त Phase 1 को बल्ल काम सकिएको छ । Phase-2, Phase-3 को सेक्युरिटीको,

इन्टिरिअरको काम चैं त्यहाँ बरखर डिजाइन ग्रोइङ मात्रै भा'को छ कि अझै टेन्डर आहवान गर्ने अवस्थामा पनि छैन । त्यसकारणले के हो भने हामीले कुनै पनि परियरोजना जब हामीले प्रिपेर गर्दैनौं, तयार गर्दैनौं, तयारी हुँदैन यसरी तयार नभएका कार्यक्रमलाई एकैचोटि खरिद र निर्माण प्रक्रियामा जाँदा टाइमको ओभररन, कस्टको ओभररन र कुनै कुनै अवस्थामा प्रोजेक्टहरू एकदमै क्रोनिक हुने सम्भावना हुन्छ । र यो बाटोबाट हामी डिपास्चर हुनैपर्छ ।

त्यसकारण आयोजना छनौटको प्रारम्भिक चरणमै यसको पूर्वाधार तयारी गर्यौं । कम्तीमा पहिला स्थानीय विकास मन्त्रालय हुने गर्दाखेरि त्यो करिब करिब मङ्सिरबाट योजना छानेर फागुनसम्म पुग्दा १४, १५ चरणमा जिल्ला विकास समितिको परिषद् केही यस्तो हुन्थ्यो । त्यो हुँदा १४ चरणमै योजना छानिन्थ्यो र ती चैं कार्यान्वयन हुन्थे । तर अहिले आएर हामी योजना छान्ने त होइन कि डुल्दै गएर मन्त्रालयमा गएर मन्त्रीलाई खुत्रुक्क बुझाएर आउँछौं । त्यो मन्त्रीको हाल्ने हालतमा सम्म त उसले हाल्छ अब त्यो दशौं हजार हाल्ने अवस्था पनि हुँदैन । आएर त्यो मन्त्रीले यहाँ संसदमा गाली खान्छ । र त्यसरी हालेको, टुक्रामा हालेको योजना कार्यान्वयन पनि हुँदैन । कार्यान्वयन भइहाले पनि इम्प्याक्ट दिँदैन ।

मैले अस्ति यहाँ बाग्मती कोरिडरमा एउटा परियोजना फेरि एकदमै गिजोलिएको थियो । राइट अफ वे क्लियर भएन भनेर । अस्ति ग'को यहाँ हामीले बीआर बीआईपीको प्रोजेक्ट चलिरा' छ कहाँबाट प्रदेशले यहाँ नेर १ करोड पैसा हालेछ र एउटा टेन्डर लाएछ र क्रोनिक भएर बस्यो । कम्तीमा हामीले योजना छनौट वडा, पालिका, जिल्ला, प्रदेश हुँदै आयौं भने यसरी डुप्लिकेसन हुँदैन । त्यो भएर माननीयज्यूहरू मेरो आग्रह के छ भने आयोजना छान्ने चैं मापदण्ड बनाऔं । अनि आयोजनाको तयारी गर्यौं । तयारी भएका आयोजना कार्यक्रममा राखौं र एग्रेसिभ्ली कार्यान्वयनका लागि वातावरण बनायौं भने हामीले प्रत्येक महिना, प्रत्येक दोस्रो, आर्थिक वर्षको दोस्रो महिना असोजबाट १० प्रतिसतको दरले हामीले पुँजीगत खर्च गर्न सक्छौं । त्यसको फिजिकल र फाइनन्सियल दुइटै प्रोग्रेस हुन्छ । ती कामहरू समयमा भएको कारणले टाइम र कस्टको ओभररन नभएको कारणले तिनले इम्प्याक्ट दिन्छन् र हाम्रो इफिसेन्सी बढ्छ ।

As a एम. पी. as a मन्त्री, as a हाम्रो ब्युरोक्रेसीको मन्त्रालयको नेतृत्व गर्ने टिम सबैको इफिसेन्सी बढ्ने भा' भएर आयोजना हचुवाको भरमा छान्ने र मेरो योजना परेनन्

भनेर गुनासो गर्नेबाट हामी पनि डिपास्चर हुनुपर्छ भन्ने कुराको म अनुरोध गर्न चाहन्छु । यो सहरी विकासको सन्दर्भमा त अझ धेरै गर्नुपर्छ भन्ने कुराको म आग्रह गर्न चाहन्छु । र मैले माननीयज्यूहरूले उठाएका मूलभूत कुराहरूलाई सैद्धान्तीकृत आफ्ना कुराहरू यति राखें । र भन्नुपर्ने विषय त धेरै छ तर सबै कुराहरू यहाँ भनिरहनु पनि कुनै बेला आवश्यक हुँदैन । त्यही कारणले म यति कुरा भन्दै मेरा भनाइलाई टुङ्ग्याउछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**: माननीय सदस्यहरू, माननीय सहरी विकास मन्त्री राम कुमारी झाँक्रीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**: सम्माननीय अध्यक्ष महोदय, ५ मिनेटमा २२ ओटा मन्त्रालयहरूको विनियोजनको बारेमा बोल्नुपर्ने बाध्यताका बिच यो मन्त्रालयको दुइटा कार्यक्रमको बारेमा मैले बोलेको थिएँ । त्यसमा माननीय मन्त्रीज्यूको खासै तर्पनै आएन । मेरो पहिलो प्रश्न के थियो भने बजेटको बुँदा नम्बर २८७ सँग सम्बन्धित थियो । अति विपन्न, दलित, लोपन्मुखलगायतका लागि १ लाख घरहरू निर्माण कार्य अगाडि बढाउने भनिएको तर यो नीतिलाई, यो कार्यक्रमलाई बजेटले पछ्याएन भन्ने कुरा थियो । यसको विधिको कुरा पनि मैले सोधेको थिएँ । दोस्रो प्रश्न चैं के थियो भने अगि माननीय मन्त्रीजीले पनि साना साना योजनाको कुरा गर्नुभयो । चुरोटे योजनाका कुरा उहाँले गर्नुभयो । सम्झिनु पनि भा' रैछ तपाईंलाई धन्यवाद पनि छ । तर मेरो प्रश्न के थियो भने जस्तोः सहरी विकासका २ करोडसम्मका प्रदेश र ५० लाखसम्मका स्थानीय तहमा हस्तान्तरण गर्ने बजेट भाषणको बुँदा नम्बर २५७ मा छ । यदि यसलाई तपाईंले कार्यान्वयन गर्नुभो' भने तपाईंको मन्त्रालयमा मैले त्यो एलोकेसन मन्त्रालयको एलोकसनै पूरै रिभर्स हुन्छ । मन्त्रालयमै ताल्चा लाग्न सक्छ । यसमा के छ मन्त्रीज्यूको धारणा भनेर मैले प्रश्न गरेको थिएँ । यस .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोमा देवी तिमल्सिना ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- अध्यक्ष महोदय, मैले अध्यक्षज्यूमार्फत सहरी मन्त्रालयअन्तर्गत मैले केही कुरा उठाएको थिएँ । धेरै कुराहरू आउँदाआउँदै पनि मैले यो २०७२ सालमा गएको भूकम्पबाट क्षेद विक्षेद भएको र त्यहाँबाट सबै खोला लागेको कोही सुकुमबासी भएका, कोही घर चिरिएका, जमिन चिरिएका यसको बारेमा के व्यवस्थापन हुन्छ भनेर मैले कुरा उठाएको थिएँ । अनि सुकुमबासी त यसमा पर्ला, नपर्ला सहरिया सुकुमबासीहरूको त यहाँ फेरि व्यवस्थापन गर्ने पनि कुरा आयो । अनि यस बारेमा मैले जानकारी लिन खोजें । यो समस्यालाई हल गर्न पर्ने विषय पनि थियो । त्यसैले मलाई यसको बारेमा बुझ्न .....(आवाज नसुनिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त मन्त्रीज्यूलाई म बधाई दिन चाहन्छु । एकदम स्पष्टसाथ आफ्नो कार्यक्षेत्र पनि राखुभा'को छ । एकदम राम्रोसँग प्रस्तुत पनि गर्नुभा'को छ । बधाई छ । मैले खाली मापदण्डको कुरा उठाउनुभयो । त्यो असाध्यै महत्त्वपूर्ण कुरा हो तर उहाँकै पालामा अहिले नै पनि गर्न नसकिने भन्ने कुरा त होइन होला । संघले चाहिँ मापदण्ड बनाउने अनुगमन गर्ने, गुणस्तरको अनुगमन गर्ने पालिकास्तरको काम चाहिँ पालिकास्तरले मात्रै इम्लपीमेन्ट गर्ने भनेर भन्यो भने पनि संघबाट यस्तो धेरै डुप्लिकेसन भएर साना खुत्रुके योजनाहरू आउँदैनथ्यो होलान् त्यो बनाउन त मन्त्रालयस्तरले सक्छ नि भन्ने मेरो धारणा हो । थ्याङक्यू ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय शहरी मन्त्री माननीय रामकुमारी झाँक्रीलाई समय उपलब्ध गराउँछु ।

**माननीय शहरी मन्त्री श्री रामकुमारी झाँक्रीः-** सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूले राखेका केही केही पूरक प्रश्नको सन्दर्भमा यो बजेटको किताबमा खास गरी मापदण्डबाट जान्छु । माननीयज्यूले उठाको विषय । योजना छनौटको मापदण्डको बारेमा आन्तरिक मापदण्ड चाहिँ हामीले बनायौं । मैले म मन्त्री भएर आ'को लगभग ४५ दिन जतिमा लगभग साढे ५ अर्बको नयाँ कार्यक्रमको डिमान्ड भयो । अनि म यता पर्लामेन्टमा हुदाँ फाइनान्स कमिटीमा पनि बसेर काम गरेको भएर मलाई अलि अलि नलेज पनि थियो । यो आयोजना कसरी हुन्छ भनेर त्यसरी हुन्छ भनेर अनि ५ अर्बको डिमान्ड चाहिँ म आएको ४५ दिनमा कलेक्सन गरेपछि म अलोकप्रिय हुने त छँदै छ । र यो कुनै कथम भएर जाने हो मैले यो अर्थमा पठाएँ भनेँ यस्तो बजेटरी खर्च गर्ने हामी मन्त्रीहरूलाई जेल हाल्नुपर्छ । मैले यो सोचेँ जेष्ठको १५ गते बजेट ल्याउने सार्वभौम संसदमा र त्यो बजेटले त्यो संसदले पास गरेको कार्यक्रमको बाहिर यति धेरै पूरक कार्यक्रमहरू वर्षौंभरि डिमान्ड हुने र पहुँचवाला मन्त्रीहरूले कार्यान्वयन गर्ने भनेको नितान्त गैरकानुनी, गैरबजेटरी यो एक्सन हो र यसमा म चाहिँ जति गाली पाए पनि यो चाहीं गर्न सक्दिनँ भनेर मेरो मन्त्रालयबाट एउटा फाइल पनि अर्थ मन्त्रालय पठाएन । त्यही कारणले माननीय अर्थमन्त्रीज्यूले मलाई तिमी कुरा बुझ्छौं भन्या पनि त्यही भएर होला । एउटा पनि पठाइनँ किन भने यदि बाह्रै महिना योजना अर्थमा पठाउने र पहुँचवाला मान्छेले खल्तीमा हालेर लेर उपभोक्ता समिति बनाउने हो भने संविधानमा जेष्ठ १५ गते बजेट ल्याउने मात्र किन लेख्ने ? जहिले पनि खल्तीको धनसारको धान निकालेर कुटेर खाए जस्तो यदि बजेट हो सरकारी कोषको प्रयोग हो भनि हामीले किन थितिमिति बनाउने ? भन्ने प्रश्न आएपछि म अलोकप्रिय हुन तयार भएँ । तर मैले केही त केही डिपास्चर गर्नुपर्छ भन्ने सोचेँ त्यही कारणले योजना छनौटको मापदण्ड जारी गरे मङ्-सिरको ७ गते । मङ्सिरको ७ गते त्यो जारी गर्दा मैले अगि भनेका कुरा ५ करोडभन्दा तलका हुँदै होइन, ५ करोडदेखि १० करोडसम्मका पूर्वस्वीकृति लिने जग्गा प्राप्तिका भएका right of way Clear भएका, बाटो छ ६ मिटरभन्दा ठुलो, वातावरणीय प्रभाव मूल्याङ्कन EIA/IEE गर्न पर्ने भए गरेको, DPRA/DED आवश्यक हुने भए गरेका यस्ता आयोजनाहरू मात्रै आयोजना बैंकमा प्रविष्ट गर्ने र त्यसमा बजेट विनियोजन गर्ने भनेर मैले मङ्सिरमा पठाए । त्यो कसको हकमा भन्दा स्थानीय तहको पालिकाको नगर सभाले सिफारिस गरेका यस्ता आयोजनाहरू पठाउन सिफारिस गरेँ ।

दोस्रो १० करोडभन्दा माथिका करिब २० करोडसम्मका Again त्यही हिसाबले प्रदेशले गराउने बाटो कम्तीमा १० मिटर बाटो right of way Clear भएका, वातावरणीय प्रभाव मूल्याङ्कन गरेका, त्यसको प्रतिवेदन प्राप्त गरेका, DED अथवा DPR बनेका, वनको सहमति लिनुपर्ने भए लिएका त्यस्ता आयोजना मात्रै सिफारिस गर्ने भनेर पठाएँ । प्रदेशको हकमा प्रदेश सरकारले सिफारिस गरेको भनेको मन्त्रीस्तरको निर्णयले पनि हुने भयो । र संघीय सरकारले, संघीय सरकारको शहरी विकास मन्त्रालयले २० करोडभन्दा तलका कार्यक्रम हामीले नगर्ने । जस्ले गर्दा Number of कार्यक्रम थोरै होस् । तर Investment चाहिँ ठुलो होस् । जसको कारणले त्यसको प्रभाव देखियोस् । त्यही कुराको मैले मापदण्ड मेरो तहबाट लेखेर आफ्नो आन्तरिक २२ ओटा PIU हरू र यसका सम्वद्ध अफिसहरूमा पठाएँ विभागहरू, मन्त्रालयहरूमार्फत । तर यो त मेरो लागि मात्र लागु भयो किन भने यो उसै गरी Integreted ढङ्गले सबै ठाउँमा लागु भएन । त्यही कारणले मन्त्रीस्तरकाले गरेका निर्णयहरू आफ्नो मन्त्रालयको मेरो PIU का सिडीहरूले आयोजना प्रमुखहरूले मात्रै लागु गरे DG, DDG हरूले मात्रै लागु गर्ने अवस्था भयो । त्यही कारणले अब Parliament ले अथवा योजना आयोगको Constration मा भयो भने एउटा स्टयान्डर बन्छ कि ? जस्तो सिँचाइको तारजालीको कुरा बाह्रै महिना हुन्छ । खानेपानीका सय मिटर पाइपका कुरा बाह्रै महिना हुन्छन् । त्यसै गरी खेल मैदानका कुरा बाह्रै महिना हुन्छन् । साना पर्यटकीय बाटो, रुट, गन्तव्य पथ, मन्दिरका बाह्रै महिना यस्तै काम हुन्छन् । योबाट हामी डिपास्चर हौं भन्नका लागि यो मापदण्ड जारी गरेको सम्माननीय अध्यक्षज्यू, तर यो मन्त्रालयले मेरो मन्त्रालयमामात्र लागु भयो, त्यो भएन । त्यही कारणले मैले यो मापदण्डको कुरा गरें ।

अब माननीय सदस्यज्यूले यो बजेटको किताबमा भनेका कुरा हेर्दाखेरि म यसको म as a मन्त्री यसको सबै जिम्मा लिन्छु । हामीले गरेका केही हाम्रा प्राविधिक मिस्टेकहरू भए । हामीले अब यो बजेट वक्तव्यमा केही थ्रेसहोल राखियो । थ्रेसहोलको कारणले कार्यक्रमहरू तल गए । प्रदेश र स्थानीय सशर्त गए । र सशर्त जाने सन्दर्भमा वित्त आयोगले जुन ५ ओटा फर्मुलाको आधारमा तल सिद्धान्तको आधारमा पैसा बढाउँछ । राजस्वको बाडफाँट, समपूरक, समानीकरण सर्शत र विशेष । योभन्दा यी आयोजना दिने काम छुट्टै हुन् । अनि यसको सौद्धान्तकृत गर्न बाँकी नै छ। हामीले क्यावेनेटबाट केही निर्णय गरौंला भन्या छौं । यसो गर्दै गर्दा Number of Program चाहिँ धेरै भए हाम्रो मन्त्रालयमा । Number of Proogram धेरै भए र Volumn मा पैसा

घट्यो । अनि त्यो कारणले गर्दा यहाँले भने जस्तै कतिपय हिसाबले हाम्रा PIU बन्द हुने हो कि भन्ने अवस्था सृजना भयो । त्यसले गर्दा सन्तुलन कायम गर्नको लागि क्याविनेटबाट केही विशेष निर्णय गर्नुपर्ने छ भन्ने कुरा चाहिँ मैले यहाँ आज सम्मानित सदनमा यति म जानकारी गराउन चाहन्छु । किन भने हाम्रो केही नीति र कार्यक्रममा विनियोजनको शीर्षकमा हाम्रा केही तालमेल नमिलेको कुरा चाहिँ सत्य हो । र यसलाई हामीले बजेट त पास हुन्छ । पास भएपछि हामीले यो अङ्क एलएमबीआईएस हामी केही पनि चेन्ज गर्न सक्दैनौं तर हामीले नीतिगत हिसाबले क्याबिनेटबाट केही हाम्रा कार्यक्रमहरूले संघले गर्ने र प्रदेशले गर्ने केही कामहरू क्याविनेटबाट सहजीकरण गर्ने निर्णय गर्ने भन्ने कुरा छ । त्यसकारणले यो भयो भने यहाँले भने जस्तै यो एकदमै बजेटरी उसमा चाहिँ अलिकति आफूले वित्त मामिलामा दिमाख लाउने चलखेल गर्ने मान्छेका लागि प्रसस्त प्रश्न छ यो किताबमा । त्यसकारण म पनि आफैले पनि धेरै प्रश्न गरेरै यो किताबलाई फान्नल्ली हामीले ३/४ ओटा सेक्सनमा गरेर छापेको पनि त्यही कारणले हो । यो कुरा छ ।

अब माननीयज्यूले अर्को भुकम्पमा चर्केका घरहरूको के गर्ने भन्ने कुरा गर्नुभा' छ । २०७२ सालको वैशाखमा भूकम्प गयो २०७२ साल पुषको ९ गते भूकम्पको लागि एउटा विशेष कानुन पनि बन्यो । त्यसको पुननिर्माणको काम गर्ने प्राधिकरणका बन्यो त्योअन्तर्गत १२/१३ ओटा कार्यविधिहरू बने र भूकम्पमा लाभग्राहीले आफूले दावा गर्ने, छुटेकाले फेरि दावा गर्ने, सम्पूर्ण घर बनाउने, प्रबलीकरण गर्ने, के गर्ने भन्ने कुरा पर्याप्त त्यो भूकम्पसम्बन्धी कानुनमा र पुनर्निर्माण प्राधिकरणले करिब करिब ३५ सय इन्जिनियर लगाएर देशको भूकम्प प्रभावित क्षेत्र ३२ जिल्लामा काम गरेको । त्यस्तो काम गर्दै गर्दा लाभग्राहीको सूचीमा आफु पहिला दाबीमा नआउने, आएर पहिलो किस्ता लिएर काम नगर्ने, दोस्रो किस्ता या तेस्रो किस्ता दाबी नै नगर्ने यो ठुलो समस्या छ । निजि आवासको सन्दर्भमा । त्यहाँबाट पनि हामीले निजी आवासको प्यान्डोरा बक्स कति समयसम्म ओपन राख्ने भन्ने इस्यु हामीसँग छ र जसले निजी आवास तोकिएको समयमा बनाउनुभएन उहाँहरूले दावि गर्नलाई फेरि पुनरावेदन दिएका लाभग्राहीहरूको सन्दर्भमा आगामी पुषको ९ गतेसम्म लाभग्राहीहरूको विषयमा पुनरावेदन समितिले त्यो फैसला गर्दै रहँदा केही काम गर्ने दायित्व सहरी विकास मन्त्रालयलाई भवन विभागमार्फत आई नै रहन्छ ।

तर जुन घरहरू चरचरी चिरिए उहाँहरूले प्रबलीकरणको लागि पनि दाबी गर्नुभएन, सप्पै निर्माणको लागि पनि दाबी गर्नुभएन भने जस्टिस चाहिँ कसलाई दिइन्छ भने जसले म अन्यायमा परे भनेर माग्न आउँछ त्यसलाई दिइन्छ । र अहिले ७/७ वर्ष बित्दा पुनर्निर्माण प्राधिकरणको म्याद थप्दै थप्दै गरेर पनि मङ्सिरको ९ गते कानुन खारेज भयो । पुनर्निर्माण प्राधिकरण खारेज भयो । विद्यालयहरूको काम शिक्षा मन्त्रालयले गर्दैछ । हस्पिटललगायतका सार्वजिनक भवन यी राणाकालीन दरबारहरू, धरार यी सबै काम चाहिँ सहरी विकास मन्त्रालयले गर्दैछ । केही पुरातात्विक महत्त्वका सम्पदाहरूको निर्माणको काम पुराततव विभागले गर्दैछ । र निजी आवासमा केही काम गर्ने जिम्मा मङ्सिर मसान्तसम्म हाम्रो जिम्मा थियो । मङ्सिर मसान्तमा केही इन्जिनियरको दरबन्दी स्वीकृत गरेर काम सुरु गऱ्यौं । त्यसलाई तन्काएर चैत्र मसान्तमा पुऱ्यायौं । चैत्र २६ गतेसम्म लाभग्राहीको सूचीमा समाहित भइसेकका र सम्झौता गरिसकेको मान्छेहरूको हकमा हामीले त्यसको दायित्व फरफारक असार मसान्तसम्म गर्ने भनेका छौं । त्यसभन्दा यतापट्टि चाहिँ कानुनतः कुनै व्यवस्था छैन् ।

बारपाकमा भूकम्पको एउटा पार्क र म्युजियम बनाउने भनेर त्यहाँ एउटा बस्ती हटाइएको थियो र त्यो बस्तीको समुदायलाई अर्को नयाँ सरकारी कृषिको जग्गामा राख्ने कुरा थियो । समयमा त्यो फाइल फर्वाड भएन । अहिले मैले उहाँहरूलाई सट्टा जग्गा दिने फाइल चाहिँ क्याविनेटमा लादाँ कुन कानुनमार्फत जग्गा प्राप्ति गर्ने भनेर क्याविनेटले रिभ्यु पठायो । हामीसँग पुनर्निर्माणसँग सम्बन्धित सबै कानुन खारेज भइसकेको भएर ठुलो सौद्धान्तिक र कानुनी प्रश्न बाँकी रहेको भएर गोर्खामा जहाँ हामीले बारपाकमा हामीले म्युजियम बनाउने भन्यौं । जसका घरहरू भत्किएका थिए । त्यस्तै राख्ने भनेर अनि त्यहाँ पार्क बनाउने भन्यौं र उहाँहरूको बसाइ साऱ्यौं । उहाँहरूको काम आजको दिनसम्म क्याबिनेटबाट रिभ्युको लागि फर्केर कुन कानुनको आधारमा गर्ने भनेर मन्त्रीलाई सोधेको कारणले त्यो अगाडि नबढेको यस्ता पाइप लाइनका काम जो सरकारले जग्गा लियो र सरकारको जग्गा दिने भने जस्ता इस्यु त आज कानुन खारेज भइसकेपछि सहज छैन भने व्यक्तिका निजी आवासका कुरा चाहिँ तपाईंको यो अब यो लाभग्राही नै आउँदै नआएका आएर कामै नगरेका हकमा चाहिँ हामीले अहिले काम गर्न सक्ने अवस्था छैन पुनर्निर्माणको हिसाबले ।

अब गरिबी, दलित, सिमान्तकृतले आवासको हक पाउने कुरा आउँछ नि हो त्यो आवासको हिसाबले काम चाहिँ सुरक्षित नागरिक आवासको कार्यक्रम सम्बन्धित

पालिकामा स्थानीय तहमा सशर्त छ । त्यो कार्यक्रममा आफू लाभग्राहीको सूचीमा हुनको लागि स्थानीय तहमार्फत काम गर्ने । यदि त्योभन्दा ठुलो कामको लागि हो त्यो ३ लाख, साढे ३ लाख त्यो लगानीको कुरा हो भने जनता आवासको कार्यक्रम संघीय सरकारको कार्यक्रम प्रदेशमार्फत सर्शत छ । त्यो कार्यक्रममा आफूलाई दाबी गर्ने र हामीले प्रबलीकरणको माध्यबाट, जतना आवासको माध्यमाबाट सुरक्षित नागरिक आवासको माध्यमबाट बाँकी काम र बाँकी दायित्वहरू पूरा गर्ने गरी नेपाल सरकारले यसको लागि कमिटमेन्ट गरेको छ । म यति कुरा माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु र यहाँहरू सबैलाई हार्दिक धन्यवाद दिँदै मेरो भनाइ टुङ्गाउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री कृष्ण कुमार श्रेष्ठ</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले संघीय संसदको राष्ट्रिय सभामा विनियोजन विधेयक, २०७९ को श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेटउपर राख्नुभएका प्रश्न, जिज्ञासा र सुझावहरूका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । माननीयज्यूहरूले राख्नुभएका विचार, प्रश्न, जिज्ञासा र गहकिला सुझावहरू मन्त्रालयको लक्ष्य र कार्यदिशा हासिल गर्न महत्त्वपूर्ण मार्गदर्नशको रूपमा लिएको छु । विनियोजन विधेयक, २०७९ का सम्बन्धमा संघीय संसदको राष्ट्रिय सभा बैठकमा भएको मन्त्रालयगत छलफलको क्रममा १५ जना माननीय सदस्यहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक विकास कार्यक्रम तथा बजेटका सम्बन्धमा विचार व्यक्त गर्नुभएको छ। माननीय सदस्यज्यूहरूले व्यक्त गर्नुभएका, प्रस्तुत गर्नुभएका जिज्ञासा, उठाउनुभएका प्रश्न र प्रदान गर्नुभएका सुझावहरूका लागि पुनः हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय सदस्यज्यूहरूले उठाएका प्रश्नहरू जिज्ञासाहरूका सम्बन्धमा यस मन्त्रालयका र यस मन्त्रालयअन्तर्गतका निकायहरूको आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश भएको नीतिगत जिम्मेवारीभित्र पर्ने र कतिपय कार्यक्रमहरू मन्त्रालयले सुधारको लागि अगाडि बढाएका कार्यक्रम भएको बेहोरा अनुरोध गर्दछु । मन्त्रालयको जिम्मेवारीमा पर्ने विषयहरूमा आगामी आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम बजेट नीतिगत जिम्मवारी निरन्तर सुधारका कार्यक्रम र भावी कार्यदिशासमेतका आधारमा माननीय सदस्यहरूले उठाउनुभएको प्रश्न, जिज्ञासा र सुझावहरूलाई देहायबमोजिम सम्बोधन गर्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त कोरोना भाइरस महामारीले बिथोलेको बैदेशिक रोजगारी र श्रम बजार पुरानै लयमा फर्क थालेको कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु । कोरोनाको महामारीको कारणले धेरैले विदेशमा र स्वदेशमा काम गुमाए भने बैदेशिक रोजगारमा जाने अवसर पनि पाएका थिएनन् । तर पछिल्लो समय बैदेशिक रोजगारी फेरि पुरानै लयमा फर्किसकेको छ । बैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्याङ्क हेर्ने हो भने पछिल्लो ४ वर्ष निरन्तर घटेकोमा यो वर्ष हामी २०७४ सालअगिको अवस्थामा पुगेका छौं । अगिल्लो वर्ष २ लाखले कमी आएको, यो वर्ष ३ लाख ६८ हजारले वृद्धि भएर ५ लाख ३४ हजार बढीले श्रम स्वीकृति लिएका छन् ।

बैदेशिक रोजगारीमा श्रमिकहरू पठाउने मुलकहरूमध्ये महामहारीपछि पुरानै लयमा फर्केको देशमा नेपाल अग्र स्थानमा छ । ठुलो सङ्ख्यामा आश्रित परिवार रहेको र मुलकको वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोत वैदेशिक रोजगारी भएकोले कारणले विप्रेसन अप्रवाहमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । विप्रेसनले मुलुकको अर्थतन्त्रमा ठुलो योगदान गरेको छ । मुलुकभित्र उल्लेख्य मात्रमा रोजगारीको अवसरहरू सृजना नभइसकेको वर्तमान अवस्थामा बैदेशिक रोगजारीको माध्यमबाट भए पनि जनताले जीवनस्तरमा सुधार गरिरहेका छन् । गरिबी निवारण स्वदेशी अर्थतन्त्र विस्तार, अन्तर्राष्ट्रिय व्यापार जस्ता क्षेत्रमा मुलुकमा भित्रीने विप्रेसनले ठुलो भूमिका खेलेको छ । विप्रेसनले गरेको योगदानलाई सकारात्मक रूपमा लिए तापनि यसमै निर्भर रहनु सरकारको प्राथमिकता होइन । आन्तरिक रोजगारीको अवसरहरूको सृजना भई कोही पनि वैदेशिक रोजगारीमा जान नपरोस् । आफ्नो पसिना आफ्नै मुलुकमै समृद्धिमा सदुपयोग भई आत्मनिर्भर अर्थतन्त्रको निर्माण होस् भन्ने सरकारको ध्येय हो ।

तत्कालका लागि बैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित, सुरक्षित र भरपर्दो बनाउनुपर्ने भएकोले हाम्रो ध्यान बढी त्यसमै केन्द्रित छ । र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्नुअगि रोजगारीका लागि चाहिने सिप अनिवार्य रूपमा प्रदान गर्ने विषयलाई सरकारले प्राथमिकता दिएको छ । साथै वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सिप तथा दक्षता मुलुकमै प्रयोग गर्न सामाजिक तथा आर्थिक पुनर्एकीकरणका कार्यक्रममार्फत स्वरोजगार हुने वातावरण तयार पार्ने योजना  पनि सरकारले अगाडि बढाएको छ ।

सम्माननीय अध्यक्ष महोदय, जेठ मसान्तसम्ममा मन्त्रालयमा आएका १७ हजार ३४७ तथा समस्यालाई समाधान गरिएको छ । विभिन्न मुलुकमा अलपत्र परेका १ हजार १२ जनाको उद्धार गरिएको छ । २ हजार ६९२ प्रतिष्ठानको श्रम अडिट गरिएको छ । २ लाख ३४ हजार लाभग्राही योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समावेश भएका छन् । १२ हजारभन्दा धेरैलाई व्यावसायिक सिप प्रदान गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट १ लाख २१ हजारभन्दा धेरै जना रोजगारी सृजना गरिएको छ । श्रम कानुनको पालना बारे २ हजार ३६१ प्रतिष्ठानको अनुगमन गरिएको छ । सम्माननीय अध्यक्ष महोदय, रोजगारीका सिलसिलामा विदेशीने नेपाली कामदारहरूको सङ्ख्या वृद्धि सँगसँगै  बैदेशिक रोजगारको क्षेत्रमा विभिन्न विकृतिहरू पनि देखा पर्दै आएका छन् । त्यसैले वैदेशिक रोजगारसम्बन्धी सेवाहरूलाई छिटो छरितो पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिमार्फत सेवा प्रवाह गरिएको छ । श्रम स्वीकृतिलाई पेपरलेस बनाई सहज रूपमा सेवा प्रदान गर्न अनलाइन प्रणालीबाट मात्र श्रम स्वीकृति दिन थालिएपछि अनलाइन श्रम स्वीकृति प्रवाभकारी बनेको छ ।

अहिले सेवा लिन लाइन बस्ने बाध्यताको अन्त्य भएको छ । गुनासाहरू तत्काल सम्बोधनको व्यवस्था मिलाइएको छ । सेवाग्राहीको समस्या समाधान गर्न जानकारी एवम् सूचना प्रवाह गर्न हेल्प डेक्स स्थापना गरिएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकसँग सरकारले तोकेभन्दा धेरै रकम लिई ठगी गर्ने विभिन्न मेनपावन कम्पनीलाई कारबाहीको दायरामा ल्याइएको छ र पीडितलाई क्षतीपूर्ति प्रदान गरिएको छ ।

चालु आर्थिक वर्षको हालसम्म १५ करोड ३३ लाख रुपैयाँ ठगी रकम असुल गरिएको छ । अदालतमा ७२ ओटा मुद्दा दायर भएका छन् भने १९ करोड ५७ लाख रकम विगो दाबी गरी अदालतमा मुद्दा दायर गरिएको छ । वैदेशिक रोजगारीमा हुने

ठगी नियन्त्रणका साथै राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन गुनासोलाई तत्काल निराकरण गर्न तथा क्षतीपूर्तिको सिफारिस गर्न तथा अन्तरनिकाय समन्वयका लागि र्‍यापिड रेस्पोन्स टिमले काम गरिरहेको छ । वैदशिक रोजगारमा रोजगारसम्बन्धी समस्या हेर्ने छुट्टै प्रहरी इकाइ गठन गर्ने तयारी भएको छ भने हाल वैदेशिक रोजगार विभागमा प्रहरी नायव उपरीक्षकको नेतृत्वमा प्रहरी युनिट स्थापना गरिएको छ । २०७८ मा फाल्गुनदेखि २०७९ जेठ ३१ सम्म प्रहरी शाखामा २ सय ९१ उजुरी प्राप्त भएकोमा दोषीलाई कारबाहीको दायरामा ल्याई पीडितलाई क्षतिपूर्ति प्रदान गरिएको छ ।

यूएई, साउदीअरेबिया तथा भारतमा अलपत्र परेका कैयौं श्रमिकहरूलाई उद्धार गरिएको छ । भिजिट भिसामा यूएई पुर्‍याएर अलपत्र पार्ने काममा संलग्न व्यक्ति वा कम्पनीलाई पीडितको उद्धार तथा दोषीलाई कारबाहीको दायरामा ल्याइएको छ । नेपालकै इतिहासमा वैदेशिक रोजगारमा विशेष गरी सोझा साझा नेपाली श्रमिकहरूलाई ठग्ने ठगहरूलाई रेडकर्नर नोटिस जारी गरेर दुबईबाट ल्याउने प्रक्रिया पनि अगाडि बढाइएको छ । अहिलेसम्म १ सय ७८ ओटा मुलुकमा नेपालीहरू व्यक्तिगत श्रम स्वीकृति लिएर जान पाउँछन भने १ सय ११ ओटा मुलुकमा श्रम स्वीकृति लिएर जान पाइने छ । श्रमिकहरूको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको छ । र साउदीअरेबिया तथा सेसेलसँग नयाँ श्रम सम्झौता एवम् संयुक्तअरब इमिरेट्स मलेसिया र कतारसँग भएका श्रम सम्झौतालाई समसामयिक परिमार्जन गर्ने काम, गर्ने कार्य प्रारम्भ भएको छ । यही बिचमा नेपाल कतार संयुक्त समितिको चौथो बैठक काठमाडौंमा सम्पन्न भयो भने नेपाल यूएईको दोस्रो बैठक संयुक्त अरब इमिरेट्सको आबुदाबीमा सम्पन्न भयो । नेपाली कामदारको व्यवासायिक सुरक्षा सुरक्षित गर्न करार सम्झौताका व्यवस्थालाई प्रवाभकारी रूपमा लागु गराउन तथा विदेशमा कार्यरत नेपाली श्रमिकको समस्याबारे विभिन्न १६ देशका राजदूत तथा अन्तर्राष्ट्रिय सङ्गठनका नेपालस्थित प्रतिनिधिसँग परामर्श भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, श्रम गन्तव्य मुलुकहरूको सहयोगमा सातवटै प्रदेशमा सिप विकास तालिम प्रतिष्ठान सञ्चालन गर्नका लागि प्रतिष्ठान स्थापनाको लागि प्रस्ताव अगाडि बढाइएको छ । बजारमा उपलब्ध जनशक्तिलाई सिपयुक्त बनाई रोजगार, स्वरोजगार उद्यमशीलता अभिवृद्धि बनाउन मन्त्रालय मातहतका निकायबाट सिप विकास तालिम सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ। सिपलाई रोजगारीसँग आवद्ध गर्न

कार्यस्थलमा आधारित तालिम सञ्चालनको प्रस्तावसमेत गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागबमोजिम तालिमहरू सञ्चालन गर्न आवासीय सुविधासहितको व्यवसायिक तथा सिप तालिम प्रतिष्ठानको स्थापना गर्न बनेको गठन आदेश स्वीकृतिको चरणमा छ । वैदेशिक रोजगारीबाट फर्किने श्रमिकको लागि पुनर्एकीकरण सामाजिक तथा आर्थिक सशक्तीकरणको योजना अगि बढेको छ । वैदेशिक रोजगारमा गई फर्केका नेपाली नागरिकहरूको पुनर्एकीकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ तयार गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्धन कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुनर्एकीकरण परियोजना प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी प्रस्ताव गरिएको छ । वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरूको पुनर्एकीकरणसम्बन्धी निर्देशिका स्वीकृतिको लागि मन्त्री परिषद्मा पेस भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको सन्दर्भमा अनौपचारिक क्षेत्र र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन आवश्यक कार्यविधि कानुन तर्जुमाको कार्य सामाजिक सुरक्षा कोषबाट भइरहेको बेहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु । सामाजिक सुरक्षा कोषको दायरालाई फराकिलो बनाई स्वरोजगार व्यक्ति वैदेशिक रोजगारमा गएका श्रमिक असङ्गठित क्षेत्रका श्रमिकलाई समेत आवद्ध गर्ने गरी तयार अगाडि बढाइएको छ । सामाजिक सुरक्षा कोषको शाखा सातवटै प्रदेशमा लैजाने योजना पनि अगि बढाएको छ । यस सम्बन्धमा कानुन, ऐन, नियमहरू संशोधन तथा परिमार्जनका लागि तयार गरिएको छ । समान कामका लागि समान ज्यालाको व्यवस्थाको कार्यान्वयन भइरहेको अवस्था छ । श्रमिक अस्पताल निर्माणको लागि DPR तयारीको लागि बजेट विनियोजन गरिएको छ । यी समग्र प्रयासहरूबाट मुलुकको समग्र रोजगारीमा सुधार आउने छ । वैदेशिक रोजगारको व्यवस्थापनमा सुधार हुने छ । असल श्रम सम्बन्धमको विकास हुने छ । युवाहरूले सिप सिकेर रोजगारीमा जाने छन् । सबै श्रमिक योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आउने छन् । मन्त्रालय मातहतका निकायले प्रदान गर्ने सेवा प्रवाह सरलता, सहजता, पारदर्शितासँगै सुशासन प्रवर्धन हुनेमा मैले विश्वास लिएको छु ।

माननीय सदस्यज्यूहरूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित छलफलका क्रममा प्रदान गर्नुभएका सुझावलाई मनन् गरी मन्त्रालय र मन्त्रालयअन्तर्गतका निकायहरूको स्रोत साधान क्षमताको पूर्ण उपयोग गर्दै समग्र रूपमा सुधारका लागि प्रतिवद्धता व्यक्त गर्दछु । माननीय ज्यूहरूले व्यक्त गर्नुभएका विचार र प्रश्नका लागि पुनः धन्यवाद दिँदै मेरा भनाइ अन्त गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चहानुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०७९ माथिको विनियोजन शीर्षकमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण सोध्न कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा गराउँछु ।

माननीय सदस्यहरू, आगामी बैठकमा विनियोजन विधेयक, २०७९ अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, परराष्ट्र मन्त्रालय, खानेपानी मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, भूमि व्यवस्था, सहकारी  तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकहरूको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीले जवाफ दिनुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार १३ गते सोमवार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असार १३ गते सोमवार बिहान ११ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १५:४० बजे ।**